# *चिन्हको आवाज*

केहि क्षणको लागि प्रभूको उपस्थितिमा खडा नै रहिरहनुहोस्। हामी उहाको वचनबाट पढ्नेछौ, प्रस्थानमा, चौथो अध्याय

*...मोशाले भने, "यदि तिनीहरुले पत्याएनन् र मेरा कुरा नसुनी 'परमप्रभु तिमीकहाँ देखा पर्नुभएको होइन' भनेर जवाफ दिए भने, के गर्ने?"*

*तब परमप्रभुले तिनलाई भन्नुभयो, "तेरो हातमा के छ?" तिनले भने, "लट्ठी।" परमप्रभुले भन्नुभयो "त्यो भुइँमा फाल्।"*

*मोशाले त्यो भुइँमा फालिदिए र त्यो एउटा सर्प भयो, र मोशा त्यस देखि डराएर भागे।*

*तब परमप्रभुले मोशालाई भन्नुभयो, "तेरो हात लम्काएर त्यसको पुछरमा समात्।" अनि मोशाले हात लम्काएर समाते, र त्यो तिनको हातमा फेरी लट्ठी नै भइहाल्यो। परमप्रभुले भन्नुभयो, "तिनीहरुले तिनीहरुका पिता–पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर तँकहाँ देखा पर्नुभएको हो रहेछ भनि तिनीहरुले यहि कामबाट पत्याउन्।"*

*तब परमप्रभुले तिनलाई अझै यसो भन्नुभयो, "तेरो हात आफ्नो खास्टोभित्र हाल्।" तिनले आफ्नो हात खास्टोभित्र हाले, र जब तिनले त्यो बाहिर निकाले तब त्यो कुष्ठरोग लागेर हिउँजस्तै सेतो भएको रहेछ। उहाले तिनलाई भन्नुभयो, "तेरो हात फेरी खास्टोभित्र हाल्।" तिनले फेरी आफ्नो हात खास्टोभित्र हाले, र जब फेरी निकाले, तब त्यो आफ्नो शरीरको अरु मासु जस्तै भइहाल्यो।*

*तब परमेश्वरले भन्नुभयो, "तिनीहरुले पत्याएनन् र त्यो पहिलो चिन्हको आवाज लाई वास्ता गरेनन् भने, शायद तिनीहरुले पछिल्लो चिन्हलाई पत्याउनेछन्। तिनीहरुले यी दुवै चिन्हहरु पनि पत्याएनन् र तेरा कुरा पनि सुनेनन् भने, नील नदीका केहि पानी लिएर सुक्खा जमिनमा खन्याईदे। तैले नील नदीबाट लिएको त्यो पानी जमिनमा रगत हुनेछ।"*

2 हामी सबैजना प्रार्थनाको निम्ति आफ्नो शिर झुकाऔ। अब, तपाईसंग यस साँझमा कुनै अनुरोध छ, जुन तपाई प्रभुलाई थाहा गराउन चाहनुहुन्छ भने, मात्र तपाईहरुको हातहरु उचाल्नुहोस् र भन्नुहोस् "प्रभु, मलाई सम्झनुहोस्, मेरो आवश्यकताहरु छन्"

3 हाम्रो स्वर्गीय पिता, यस साँझमा हामी फेरी पनि तपाई सामू आउदछौ यो जानी कि जसै हामी हाम्रो शिर त्यस भूमिमा झुकाउदछौ जहाबाट हामी आयौ, र यदि तपाईले विलम्ब गर्नुभयो भने हामी फेरी पनि त्यही धुलोमा फर्की जानेछौ। तर ख्रीष्टमा भएको प्रतिज्ञाको अशिषित आशाको साथ, कि ती सबै जति पनि परमेश्वरमा छ ख्रीष्टले आफूसंग ल्याउनुहुनेछ। हामी–हामी यस महान् प्रतिज्ञाको निम्ति तपाईलाई धन्यवाद दिदछौ। र

परमेश्वर, म प्रार्थना गर्दछु, कि, तपाई हरेकलाई स्मरण गर्नुहोस् जसले आफ्नो हातहरु उठाएका छन्, मेरो पनि छ, प्रभु।

4 म प्रार्थना गर्दछु, कि आजको रात, यो बिश्वासको समापनको घडीमा, तपाईले यस्तो विश्वास मानिसहरुमा दिनुहुन्छ कि प्रभु येशू हामी सबैको निम्ति यति वास्तविक हुनेछ, कि आजको रात पश्चात हाम्रो माझमा कोहि पनि दुर्वल मानिस हुनेछैन। प्रत्येक पापीले यो जान्न सकोस् कि उ प्रभु येशुको उपस्थितिमा छ, र आफ्नो पापहरु पश्चाताप गर्न सकोस्, र आफ्नो हृदय तपाईलाई दिनसकोस्, र आत्मामा भरिपूर्ण हुन सकोस्, यस अन्तिम दुष्टको समयमा, जसै कि हामि यस पृथ्वीमा एक विशाल छाया बढ्दै गरेको देख्न सक्छौ।

5 परमेश्वर, आज राति दिव्य मार्ग दर्शनको लागि, बोल्नेको निम्ति र सुन्नेको निम्ति हामी प्रार्थना गर्दछौ। अबको सभा पवित्र आत्माले लिएको होस्, हामी प्रत्येकमा हाम्रो आवश्यकता अनुसार जीवनको रोटि तोड्नुभएको होस्, किनकि हामी माग्दछौ उहाको नाउमा। आमेन

बस्न सक्नुहुन्छ।

6 म भरोसा राख्दछु कि आज राती हामीले देखाउन खोजेको परमेश्वरमा विश्वास राख्नुको वास्तविकताको कुरा मानिसले देख्नेछन् भन्ने कोशिसमा हामी सफल हुन सक्षम हुनेछौ।

7 अब, भोलि दिउसो दुइ–तीसमा, ती सबै जो प्रार्थनाको कार्ड सहित हुनुहुन्छ उहाहरुको निम्ति प्रार्थना गरिनेछ। र प्रार्थनाको कार्ड रहित कोहि पनि नभएको होस्, कोहि पनि नछुट्टियोस् भनि निश्चित पार्न प्रत्येक रात हामी केहि प्रार्थनाको कार्डहरु बाँड्छौ। र उहाले भोलि फेरी यी बाड्नुहुन्छ, मलाई लाग्छ, लगभग एक–तीस या त्यस्तै केहि, सभा शुरु हुनुभन्दा मात्र केहि अगाडि हुनेछ। र प्रत्येक जसको निम्ती प्रार्थना गरिएको चाहनुहुन्छ, तपाईको कोहि प्रियको निम्ति, तिनीहरुलाई आउन दिनुहोस्। र प्रार्थनाको कार्ड लिएको होस्। तिनीहरुको लागि निश्चयनै प्रार्थनाको कार्डको निम्ति स्वागत छ। र हामी जाँदैछौ...

8 म मानिसहरुको निम्ति प्रार्थना गर्न जानेछु, तिनीहरुमा मेरो हातहरु राखेर र प्रार्थना गरिदिनेछु। अब यदि तपाईको विश्वास प्रभु येशूको उपस्थितिमा बढ्दैन र उहालाई आफ्नो चंगाईदाता भनि प्राप्त गर्दैन र मात्र हामीले तपाईको निम्ती प्रार्थना गरेको र तपाईमाथि हात राखेको विश्वास गर्नुहुन्छ भने, त्यस त्यसले तपाईलाई मद्दत गर्नेछ, ठिक छ, हामीहरु निश्चयनै तपाईले चाहनुभएको प्रत्येक कुरा गर्न आएका छौ।

9 यो कारणले म ढिलो लामो समय सम्म राख्छु, यो देखेर कि हरकोहिमा जे म गर्न सक्छु, तिनीहरुले यस आधारमा परमेश्वर सम्म पुगेकोहोस् र प्राप्त गर्न सकेको होस्। र हामीसंग अत्याधिक धेरै छैन। त्यहाँ...भवन ठुलो छैन, र हामीसंग धेरै मानिसहरु पनि छैन। र हामी भोलि दिउसोको समय लिनसक्छौ र यहाँ भएका सबैजनाको निम्ति प्रार्थना गर्नसक्छौ, त्यो दिउसोको समय विरामीहरुको निम्ति प्रार्थना गर्ने उदेश्यले राख्दछौ।

10 र हामी यहाँ ती सबै गर्नलाई छौ ताकी हामी तपाईको जीवनलाई अझै उत्तम बनाउन सहयोग गर्नसकौ, तपाईको बोझलाई हल्का गराउन, यो यात्रा जसमा हामी यात्रा गर्दैछौ।

11 र त्यसपछि कुनै पनि समयमा, यदि कसैलाई प्रभु येशू कहा आउन मन लागेको महसूस हुँदछ भने, हामी सेवाको जुनै भागमा होस्, त्यसको वास्ता नगरी त्यहि समयमा आउनुहोस्। बेदिको बोलावट हुञ्जेलसम्म नपर्खनुस्। तपाई ठिक त्यहि समयमा आउनुहोस्, ख्रीष्टलाई स्वीकार्नुहोस् र यसै समयमा ठीकसंग आई उहामा ग्रहण गर्नुहोस्। किनकि हामी यहाँ हुनुको मुख्य उदेश्य यहि हो कि परमेश्वरको राज्यमा धेरै प्राणहरु जन्मेको देख्न सकौं।

12 र अब भोलि आइतबार हो, र त्यहाँ चर्चहरुमा सन्डे स्कूल हुनेछ। आइतबारमा हाम्रो सेवाहरु दिउसोको समयमा राख्नुको कारण कुनै पनि अरु सेवामा हाम्रो कारणले बाधा नपुगोस् भन्ने हो। हामी विश्वास गर्छौं कि प्रत्येक इसाईको आफ्नै घरेलु मण्डली हुनुपर्दछ जहाँ तिनीहरु जाँदछन्। प्रत्येक इसाई कुनै ठाउमा विश्वासीहरूसंग भेट्नुपर्दछ। र जहाकहि पनि तपाई भेट गर्नुहुन्छ, त्यो नै मण्डली हो।

13 अब, यदि म यहि बस्ने भईदेको भए, मेरो सम्बन्ध यहाको एउटा मण्डलीसंग हुनेथियो, र ती पाष्टरहरु जो यहाँ सहकार्य गर्दैहुनुहुन्छ र प्रतिनिधित्व हुनुहुन्छ। किन? किनभने उहाहरु यस कारणले यहाँ मंचमा बस्दैहुनुहुन्छ, ताकि यहाँ के भईरहेको छ त्यस कुराको समर्थन गरेको सबै मानिसहरुले सकून्। उहाहरु यस प्रकारको सेवकाईमा विश्वास गर्नुहुन्छ, दिब्य चंगाई, पवित्र आत्माको बप्तिस्मा, र यस्तै। उहाहरु यहि कुराको साक्षी दिदै हुनुहुन्छ। उहाहरु नै हुनुहुन्छ जसले मलाई यहाँ आउनको निम्ति निमन्त्रणा दिनुभयो, ताकि हुनसक्छ प्रभुले मलाई दिनुभएको सेवाकाईद्वारा उहाहरुको मण्डलीलाई मद्दत पुग्नसक्दछ।

14 अब यहि नै एक सच्चा पाष्टर हो, जसले दिनसक्ने सम्मको ती सबै आत्मिक लाभ, र परमेश्वरले गर्नुभएको सबै कुरा हेर्दैछ, जसले आफ्नो मण्डलीलाई परमेश्वरको लागि अघि बढ्न मद्दतको लागि आफुले गर्नसक्ने सम्म सबै कोषिस गर्दैछ। म निश्चित रूपमा त्यस प्रकारको पाष्टरको सम्मानमा आफ्मो टोपी उतार्दछु।

15 र यी व्यक्तिहरुलाई समस्याहरु भित्र पनि भएर गर्नुपर्दछ। यो सत्य हो भनि तपाई विश्वास गर्नसक्नुहुन्छ। तिनीहरुलाई समस्या भित्र भएर गर्नुपर्दछ। र म—म निश्चित रुपमा परमेश्वरका ती महान् व्यक्तिहरुको निम्ति आभारी छु, जो कि आफ्नो स्थान र कर्तव्यलाई दृढ धारणामा लिन तत्पर तयार छन्, र—र विश्वास गर्दछन्। तिनीहरुलाई परमेश्वरले सधै आशिष दिउन्।

16 र म पक्का छु कि तिनीहरुले तपाईलाई असल गर्नेछन्। अब, यदि तपाई यहाँ अन्जान व्यक्ति हुनुहुन्छ भने यी दाजु–भाईहरुको मण्डलीहरु कहाँ छन् भनि पत्ता लगाउनुहोस्, उहाहरु कहाँ छन् बुझ्नुहोस्। उहाहरुलाई भोलिनै भेट्नुहोस्। तिनीहरुको विशेष सेवाहरु हुनेछ, र यहाका कतिपय सेवकहरु त्यहाँ विभिन्न मण्डलीहरुमा बोल्नेछन्, जसरी आज यहाँ घोषणा गरिएको छ। त्यसैले भोलि तपाई उहाहरुलाई भेट्नुहोस्।

17 र भोलि दिउसो, यदि तपाईहरु समापन सेवामा आउन चाहनुहुन्छ भने तपाईहरुलाई यहाँ पाउनुमा साच्चै नै खुसी हुनेछौ। सबै मण्डलीहरु, सबै संगठित संस्थाहरु, यो सबैको

लागि हो। सबैजनालाई स्वागत छ: मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरीयन, पेन्टिकोष्टल, चर्च अफ क्राईष्ट, चर्च अफ गड, क्याथोलिक, अर्थोडक्स यहुदी, नास्तिक, तपाई जोसुकै होस्। हामी...तपाईहरुलाई निमन्त्रणा छ।

"तपाई भन्नुहुन्छ, 'नास्तिक'?" हो, श्रीमान।

18 यदि कुनै नास्तिक यो सभामा आउदछ र बस्दछ र राम्रो व्यवहार गर्दछ भने, उनलाई पनि अरुलाई जस्तै प्रकारको स्वागत छ। ठिक छ, केहि कुरा छ जसको कारण हामी उनलाई यहाँ भएको चाहन्छौ, ताकि यस्तो हुनसकोस् जसद्वारा उसलाई आफ्नो गल्ती देख्न मद्दत होस्, र प्रभुमा आउनसकोस्। किनकी हामी...निश्चयनै।

19 तपाईहरु कतिजनाले त्यो छोटो दर्शन पढ्नुभयो जुन इसाई ब्यापारीहरुको पत्रिकामा छापिएको थियो, र म विश्वास गर्दछु कि अरु केहि पत्रिकाहरु...*समयको पर्दाको त्यस पारी देख्नू?* अब यो सत्य हो, मित्र। तपाई यस कुराबाट चुक्न असमर्थ हुनसक्नुहुन्न। म—म यस समय पछि भिन्न व्यक्ति भएको छु। म जान्दछु कि यो वास्तविक कुरा हो, त्यसैले म—म—म भरोसा राख्दछु कि तपाईहरु कसैले पनि विश्वासीहरुको निम्ति परमेश्वरले राख्नुभएको त्यो महान् स्वर्ग छुटाउनुहुन्न। यदि तपाईले त्यो छुट्टाउनुभयो भने, यस पृथ्वीमा के प्राप्त गर्नुभयो? किनकी, तपाई जान्नुहुन्न कुन समयमा तपाईले यस संसारलाई छोडि जानुपर्नेछ। तर तपाई एउटा कुरा जान्नुहुन्छ, तपाईले निश्चय नै यसलाई छोडेर जानुपर्नेछ। त्यसैले यदि यो सत्य छ भने, के हामी यी मात्र पाउने कोशिस गर्नुमा महामुर्ख हुदैनौ...कुनै पनि प्रकारको मौका लिनबाट हामी चुक्नसक्दैनौ। हेर्नुहोस्, मात्र सम्झनुहोस्, परमेश्वरको वचन र त्यसमा भएका प्रतिज्ञालाई विश्वास गर्नुहोस्।

20 मात्र सोच्नुहोस्, कुन कुराले सबै विमारी, सबै हृदय दुख्नु, सबै मृत्यु, सबै समस्या, सबै दुख, ती साना, सुस्तमनस्थिति बालक, यी सबै कुराहरु, लंगडो, अन्धा, सबै अस्पताल बनाउन पर्ने? किनभने एउटा व्यक्तिले वचनको मात्र एउटा सानो भागलाई अविश्वास गर्यो। उनि हव्वा थिईन्। शैतानले मात्र उनलाई लिपेर–पोतेर भन्यो। उद्ध्रीत गरेर होइन, लिपेर उनलाई भन्यो, "निश्चयनै...प्रभु अतिनै असल हुनुहुन्छ।"

21 तपाई आजभोलि यसको विषयमा यति धेरै सुन्नुहुन्छ, कि परमेश्वर कति असल परमेश्वर हुनुहुन्छ। उहा एक असल परमेश्वर हुनुहुन्छ, तर याद राख्नुहोस् कि उहा पवित्रताको परमेश्वर हुनुहुन्छ,त्यो परमेश्वर जसले पापलाई अनदेखा गर्नसक्नुहुन्छ। दण्डको लागि मोल तिरीसकेको छ, र तपाईले यसलाई उहाको आधारमा ग्रहण गर्नुपर्दछ। र याद गर्नुहोस्, उहा रीसको परमेश्वर हुनुहुन्छ, क्रोधको परमेश्वर हुनुहुन्छ। र तपाई असलता र दयाको परमेश्वरको अगाडी मात्र नभएर, क्रोधको परमेश्वरको अगाडी खडा हुनुहुनेछ। आहा राती उहा तपाईको मुक्तिदाता हुनुहुन्छ; त्यस दिन उहा तपाईको न्यायाधीश हुनुहुन्छ।

22 त्यसैले मित्र, यो निश्चित पार्नुहोस् कि एउटा पनि कसर तपाई छाड्नुहुन्न। यो—यो हुन्न...यसले भुक्तानी गर्दैन। यसमा बस लापरवाहि तरिकाले नजानुहोस्। पक्का हुनुहोस्, दोब्बर पक्का हुनुहोस्, किनकि तपाईले अर्को मौका पाउनुहुनेछैन। तपाई यहि संसारमा हुदासम्म मात्र यहि एउटा मौका हो।

23 धनि मानिस र लाजरसलाई सम्झनुहोस्, तपाईको र उहाको बिचमा एउटा ठुलो खाडी थियो, जसलाई कुनै पनि व्यक्तिले कहिल्यै पनि पार गरेको छैन, या कहिल्यै पनि गर्न सक्दैन। बुझ्नुभयो? जब तपाई—जब तपाईको मृत्यु हुन्छ, मामला समाप्त हुन्छ। मलाई थाहा छ कि मानिसले तपाइको निम्ति प्रार्थना गरेर तपाईलाई त्यस स्थानहरुबाट निकालिदिन्छन् भनि दावी गर्छन्, तर तपाई कहिल्यै पनि त्यस कुरामा विश्वास नगर्नुस्। त्यो कुरा वचनको विपरित हो। बुझ्नुभयो? "जतातिर रुख झुक्छ,त्यतैतिर त्यो ढलेर जान्छ।" र येशू आफैले भन्नुभयो, "त्यहाँ एउटा खाडी थियो, कि, जब मानिस मर्छ र नर्गमा जान्छ, ऊ कहिल्यै पनि स्वर्गमा आउन सक्दैन। कुनै मानिश्ले त्यो पार गरेको छैन, र कहिल्यै पार गर्ने पनि छैन।" जहाँसम्म मैले जानेको छु, मामला त्यहि खतम हुन्छ। जब येशुले त्यहि नै हो भन्नुभयो, त्यहि नै सबैकुरा हो।

24 त्यसैले याद राख्नुहोस्, अहिले तपाईको मौका हो, र हुनसक्छ आजको रात तपाईको अन्तिम अवसर होला।

25 के तपाई कहिल्यै बुझ्न सक्नुहुन्छ कि के भईरहेको छ? यदि तपाईले यसलाई मात्र देख्न सक्नुभयो भने पनि, म आशा गर्छु कि यसरी बोल्दा, तपाईलाई कुनै मानिसतिर हेर्न तिर प्रभावित, या कुनै मानिसलाई विश्वास गराउन कोशिस गर्दैछ भनि तपाई सोच्नुहुन्न। मैले त्यसो गरेको होइन, मित्र। म तपाईलाई हामी कसको उपस्थितिमा अहिले छौ भन्ने विश्वास गराउने कोशिस गर्दैछु। येशू ख्रीष्ट, त्यहि परमेश्वर जसले त्यो दिन तपाईको न्याय गर्नुहुनेछ, उहा स्वयम् तपाइको उपस्थितिमा, ती कुराहरु पहिचान गराउदै हुनुहुन्छ जुन उहाले अन्तिम दिनहरुमा गर्छु भनि प्रतिज्ञा गर्नुभएको थियो।

26 मलाई लाग्छ भाई प्राईस, नाश्ताको समय बिहानमा, कुनामा आउदाको अवस्थाको राम्रो चित्रण दिनुभयो, र कुनालाई मोड्दाको स्थितिलाई देखाउनुभयो। के तपाईले त्यसको आनन्द लिनुभयो? [सभाले भन्दछन्, "आमेन"—सम्पा] निश्चयनै लिनुभयो। यो एकदमै राम्रो तरिकाले राखिएको थियो।

27 अब, त्यसैले याद राख्नुहोस्, कहिलेकाहि कुनामा, तर याद गरौ हामीले यी कुनाहरु मोड्नुपर्दछ। मैले त्यस बिषयमा एक समयमा प्रचार गरेको थिए, र त्यसलाई *संगमहरू (जन्क्सन)* भनेको थिए। हामी संगमनिर धेरै चोटि आइपुग्छौ, हामी *यस* बाटोमा आउनुपर्छ र त्यसबाट भएर विभिन्न बाटोहरुमा जान पर्ने हुन्छ।

28 अब, आज राति, अर्को केहि मिनेटको लागि, म एउटा बिषय लिन चाहन्छु; *चिन्हको आवाज।* र अब हाम्रो दृष्य, यस राति, प्रस्थानको पुस्तकमा खुल्दछ, र *प्रस्थानको* अर्थ "बाहिर आउनु; बाहिर निकाली ल्याउनु हो।" अब जति ध्यानसंग तपाई सुन्नसक्नुहुन्छ यसलाई सुन्ने कोशिस गर्नुस्।

29 म तपाईलाई कुनै समय प्रचार गर्न चाहन्छु, तपाई यति राम्रो सभा हुनुहुन्छ, तर मात्र मसंग आवाज छैन। केवल यसमाथि थोरै जोर लगाउनुपर्छ, केहि आठ या दश दिनको लागि, मैले अर्को सभा शुरु गर्नुभन्दा पहिले आराम गर्नुपर्ने छ। बुझ्नुभयो, यहि एउटा

सभा मात्र होइन। यो त् यस्तो सभा हो, जुन दिन पछु दिन, हप्ता पछि हाप्त, महिनापछि महिना, वर्ष पछि वर्ष, बुझ्नुभयो, र तपाई कल्पना गर्न सक्नुहुन्छ।

30 र सोच्नुहोस् कि सबै समयमा, एक वर्ष पछि अर्को वर्षमा, एकचोटि पनि एस्तो भएको छैन कि उहाले कुनै कुरा भन्नुभयो र त्यो सिद्ध रूपमा सत्य बाहेक अरु भएको होस्; सबै भाषाहरुमा, सात चोटि सारा संसारको चारैतिर। बुझ्नुभयो? कुनै व्यक्तिले, कुनै पनि ठाउमा, यो भन्न सक्दैन, तर यो सबै सिद्ध, वास्तविक रूपमा ठिक बिन्दुमा, हरसमय पुरा हुन्छ। जब उहाले निश्चित कुरा हुन आउछ भन्नुभएको छ.त्यो उहाले भन्नुभए जस्तै नै साचो रूपमा हुन आएको छ। यो हुन आउनुभन्दा पहिला, त्यस कुरालाई हप्ताहरु र महिनाहरू, र वर्षहरु पहिला भनिएको छ, र त्यो सधै सिद्ध रुपमा ठिक पुरा हुनआएको छ। त्यो कहिल्यै असफल भएको छैन, र त्यो कहिल्यै हुने पनि छैन, किनकि उहा परमेश्वर हुनुहुन्छ। अब म मानिस भएकोले असफल हुनसक्छु। मलाई उदाहरणको लागि कहिल्यै नहेर्नुहोस् किनभने म—म तपाई जस्तै हुँ, मात्र अनुग्रहद्वारा बचाईएको पापी हुँ। तर त्यो परमेश्वर हुनुहुन्छ, अलौकिक, बुझ्नुभयो, आफैलाई पहिचान गराउदै हुनुहुन्छ। उहाले त्यस्तो गर्नपर्ने आवश्यक थिएन, तर उहाले यो गर्छु भनि प्रतिज्ञा गर्नुभएको छ।

31 येशूले चंगाई गर्नुभयो किनभने उहाको वचन पूरा हुन सकोस् भनि। उहाले ती सबै थोक गर्नुभयो ताकि परमेश्वरको वचन पुरा हुन सकोस्।

32 त्यहि नै आज पनि उहा गर्दैहुनुहुन्छ, ताकि वचन पुरा हुन सकोस्, जुन मैले तपाईलाई रात पछि रात भएर टिपोट गराएको छु।

33 अब, ध्यान दिनुहोस् जब उहाको उपस्थिति नजिक आउदछ, निश्चित रुप उहा भावना लिएर आउनुहुन्छ। जसै यस बहिनी मैले भनेको थिए, "कुनै पनि थोक ओ भावना रहित हुदछ, त्यो मृत हुँदछ।" र कुनै पनि धर्म जसमा कुनै भावना छैन, असल हुन्छ कि तपाई त्यसलाई दफनाई दिनुहोस्, त्यो मृत अवस्थामा छ। यसले भावना लिएर आउनुहुदछ। उहाले हामीलाई उत्तेजित पार्दछ। तर जब हामी उत्तेजित हुन्छौ, के ले हामीलाई उत्तेजित गर्यो भनि याद राखौ। कुन कुरा यस्तो गर्यो? यो त पवित्र आत्मा उपस्थिति हो अर्थात् येशू ख्रीष्ट हाम्रो माझमा हो उहा स्वयम् लाई देखाउदै हुनुहुन्छ उहा जीवित हुनुहुन्छ भनि। एउटा भौतिक शरीर होइन; त्यस समय जब भौतिक शरीर फर्केर आउदछ, समय बाकि रहनेछैन। यहि नै सबै कुरा हो। र हामी जान्दछौ कि, हामी अन्तिम दिनहरुमा जिइरहेका छौ, जब यी कुराहरु हुन आउदछ।

अब, परमेश्वरले पहिले प्रस्थानहरु गर्नुभएको थियो। त्यहाँ...

34 परमेश्वरसंग सबैकुरा तीन मा अघि बढ्छ। परमेश्वर तीन मा सिद्ध हुदछ। ख्रीष्टको पहिलो आगमन, आफ्नो दुलाहीलाई *छुटकारा* दिन आउनुभयो; ख्रीष्टको दोस्रो आगमन, उहाको दुलहीलाई प्राप्त गर्न आउनुहुन्छ; ख्रीष्टको तेस्रो आगमन, उहाको दुलही*संग*, हजार वर्षमा राज्य गर्नुहुँदछ। सबै कुरा तीनमा बढ्दछ।

35 अब, त्यहाँ तीन प्रस्थानहरु भएको थियो र हुनेछ। त्यस मध्ये एकचाहि तब भएको थियो, जब परमेश्वरले तिनीहरुलाई जहाज *भित्र* प्रस्थानको लागि, पृथ्वीको सवार गर्नको

लागि ल्याउनुभएको थियो। दोस्रो पटक, परमेश्वरले तिनीहरुलाई मिश्र देशबाट—बाट *निकालि* ल्याउनुभयो। र तेस्रो पटक, परमेश्वर तिनीहरुलाई *माथि* लिएर जानुहुन्छ। भित्र, बाहिर, माथि। अर्को प्रस्थान माथि लिएर जाने हो। एउटा हाम्रो सामू छ, माथि जाने समय।

36 यो त्यहि प्रकारको छ जस्तो जीवनले गर्दछ। हामी जीवनमा *आउदछौं*, हामी जीवनबाट *बाहिर* जान्छौ, जीवनबाट *माथि* उचालिन्छौ, हो ठिक त्यहि तरिकामा हुन्छ। त्यसैले हामी...

37 हाम्रो दृश्य आजराती प्रस्थानबाट खुलिन्छ; र परमेश्वरले आफ्नो जातिलाई लिन तयार हुदै हुनुहुन्थ्यो।

38 इस्रायल एउटा जाति थियो। इस्रायलसंग परमेश्वर व्यक्तिगत रूपमा व्यवहार गर्नुहुदैन। इस्रायल एक जाति हो, र उहाले तिनीहरुसंग सधै व्यवहार गर्नुभयो। र अन्तिम दिनहरुमा, मण्डली गए पछि, तब परमेश्वरले इस्रायललाई जाति को रूपमा बचाउनुहुन्छ। उनि मातृभूमिमा छिन्, त्यस कुराको लागि तयार छिन्। र तिनीहरु बचाईनेछन्, बाईबलले भन्छ, "एक दिनमा एउटा राष्ट्र जन्मनेछ।" परमेश्वरले यहुदीहरुसंग व्यक्तिगत रूपमा व्यवहार गर्नुहुन्न। तिनीहरुमा उहाले एउटा जातिको रूपमा, इस्रायल, सधै त्यसरी काम गर्नुहुन्छ, किनभने त्यो उहाको जाति हो।

39 र यहाँ जातिहरुबाट आफ्नो जाति निकाल्न तयार गर्दैहुनुहुन्छ, प्रस्थानमा ल्याउन, इन्साफ हुनबाट निकाल्दैहुनुहुन्छ।

40 र त्यहि पानीले जसले संसारलाई डुबाएको थियो, त्यसैले नोआलाई बचाएको थियो। बुझ्नुभयो? र त्यहि नियो पवित्र आत्मा, जसलाई आज मानिसहरुले इन्कार गरिरहेका छन्, उहाले मण्डलीलाई लिई माथि उठाईलानेछ, र उसमा विश्वास नगर्नाले इन्साफ ल्याउनेछ। येशुले भन्नुभएको थियो।

41 जब तिनीहरुले उहालाई "बालजिबुल" भनेका थिए, अर्को शब्दमा, "उहा भविष्य बताउनेवाला,"...तिनीहरु

42 उहाले भन्नुभयो "म तिमीहरुलाई त्यस कुराको लागि क्षमा दिन्छु," मानिसको पुत्र। बलिदान दिईसकेको थिएन। "तर जब पवित्रआत्मा यहि काम गर्न आउछ, उसको विरुद्धमा एउटा मात्र शब्द न त यो संसारमा न त आउनेवाला संसारमा क्षमा दिईनेछ।" उसलाई अस्विकार गरिनुपर्ने छ, र त्यसपछि न्याय प्रहार हुनेछ। बुझ्नुभयो, समस्या हामी हौ...

43 यस कुराले मेरो मष्तिस्कमा एउटा बुढो नवीक समुन्द्रबाट आएको कथा सम्झना आउछ, र एउटा—एउटा युवा अंग्रेज कवी समुन्द्रतिर जाँदै थियो। र कविले समुन्द्रको बारेमा धेरै कुराहरु लेखेका थिए, तर उनले त्यसलाई कहिल्यै देखेका थिएनन्, त्यसैले ऊ त्यो हेर्नलाई जाँदैथियो। र त्यो बुढो नविकले आफ्नो मुखमा चुरोट च्याप्दै उसलाई भन्यो, "मेरो असल मान्छे, तिमी कहा जान्छौ?"

44 उसले भन्यो, "म तल समुन्द्रमा जाँदैछु।" उसले भन्यो, "मैले समुन्द्र कहिल्यै देखेको छैन। मैले त्यसको विषयमा लेखेको छु, र अरुले भनेको सुनेको छु, तर," भन्यो, "ओ म कति रोमान्चित हुदैछु यो जानेर कि म समुन्द्रको नजिक आउदैछु।" उसले भन्यो,

"ओ, यसको पानीको नुनिलो खार सुंगदा! यति विशाल देख्दा, र यसको माथि सेतो आवरण फुटेको देख्दा, र माथिको निलो आकाशको यसमा प्रतिविम्बित भईरहेको, र माथि उडिरहेको सामुन्द्रिक पन्छिहरुको आवाज सुन्दा, ओ म यो देख्दाको विचारमा रोमान्चित हुदैछु!"

45 बुढो नविकले भन्यो, "साठ्ठी वर्ष अघि म यहि जन्मिए, म यसमा कुनै पनि यस्तो सुन्दर कुरा देख्दिन।" बुझ्नुभयो, उसले यति धेरै देखिसकेको थियो जबसम्म कि यो उसको लागि अति नै सामान्य भईसकेको थियो।

46 अब, यहि नै कारण आज पेन्टिकोष्टल मण्डलीमा पनि भईसकेको छ। तिनिहरुके परमेश्वरलाई यति धेरै देखिसके कि, तबसम्म कि परमेश्वर तिनीहरुको निम्ति साधारण भईसकेको छ। यस्तो कहिल्यै पनि हुन नदिनुहोस्।

47 यहा लुइभिल, केन्टकिमा धेरै समय भएको छैन। जेफेर्सनविल, इंडियाना, जुन ठाउबाट म आएको छु, यो ठाउ नदिको त्यो पारी छ। एक महिला दस सेन्टको स्टोरमा हिड्दै थिईन्। र उनीसंग...हातमा सानी केटा पनि थियो, र उनी काउन्टरमा जाँदै थिईन् र उन्मत हुदै थिईन्। उनले केहि कुरा उठाउथ्यो, र सानो केटालाई देखाउथ्यो; र त्यो केटा मात्र बसेर घुर्दै हेर्थ्यो। उनि अर्को काउन्टरमा जान्थ्यो, केहि उठाउथ्यो र सानो केटालाई देखाउथ्यो; र त्यो केटा चाहि मात्र घुरिरहेको हुन्थ्यो। र केहि समय पछि उनले सानो घन्टी उठायो र बजाउन थाल्यो, र सानो केटा मात्र घुरेर हेरिरहन्थ्यो। र उनी चिच्याउन शुरु गर्यो, र आफ्नो हात उठाउन थाल्यो। र टेन–सेन्ट स्टोरमा भएका मान्छेहरुले उन्लेई हेरिरहेका थिए, त्यसैले उनीहरु उनको सामू यो थाहा गर्न गयो कि के चाहि समस्या थियो।

48 उनले भनिन्, "मसंग...मेरो सानो केटा," भनिन्, "ऊ मात्र तीन वर्षको छ।" र भनिन्, "...अचानक लगभग एक वर्ष पहिले, उसले केहि लियो र मात्र बसिरह्यो र घुर्न थाल्यो।" र भनिन्, "मैले—मैले उसलाई डाक्टर कहाँ लगे," र भनिन् "र कुनै निश्चित उपचार गर्यो र दबाई लेखेर दियो।" र भनिन् "र डाक्टरले मलाई आज भनेको थियो कि डाक्टरलाई लाग्छ कि ऊ निको हुदैछ तर," भनिन्, "ऊ ठिक भएको छैन।" भनिन्, "मैले यो उमेरको सानो केटालाई आकर्षित गर्ने सबै कुरा उसको अगाडि हल्लाए। सबैकुरा जसले यो उमेरको केटालाई आकर्षित गर्छ, ती सबै उसको अगाडी हल्लाए, र ऊ अझै एकै ठाउमा बसेर घुरेर मात्रै हेर्छ।" भनिन्, "यो ठिक भएकै छैन।"

49 यो यस्तो कुरा हो जुन पेन्टिकोष्टल मण्डली जस्तो छ। परमेश्वरले सबै बाईबलका वरदान तिनीहरुको अगाडि हल्लाएर देखाउनुभयो, र तिनीहरुले अझै पनि बसेर घुरेर हेरिरहन्छन्, जस्तो कि कुनै गलत भए जस्तो। यो समय हामी जागा रहने समय हो, मित्रहरु, ताकि धेरै ढिलो नहोस्। याद राख्नुहोस्, परमेश्वरले ती वरदानहरु त्यसै हल्लाउनुहुन्न जबसम्म तपाईको ध्यान आकर्षण कोषिस गर्नुहुन्न।

परमेश्वरले राष्ट्रहरुबाट राष्ट्र निकालि ल्याउदै हुनुहुन्थ्यो।

50 ठिक त्यहि तरिकामा उहाले अहिले गर्दैहुनुहुन्छ, दुलहीलाई मण्डलीबाट बाहिर निकाल्दै हुनुहुन्छ, स्त्रीको बाकि रहेको वंशलाई छोड्नुहुन्न। चुनिएकाहरु मण्डलीबाट

निकाली ल्याईनेछ। भौतिक मण्डली महासंकष्टमा जानको लागि रहनेछ। *चुनिएकालाई* कहिले काहि “चुनिएको, बाकि रहेको” पनि भानिन्छ।

51 आउनुहोस् हामी हेरौ त्यसबेला उहाले यो कसरी गर्नुभयो, किनभने उहाले आफ्नो काम गर्ने तरिका कहिल्यै पनि परिवर्तन गर्नुहुन्न। परमेश्वरको काम गर्ने तरिका एउटै छ, र त्यहि तरिकामा उहाले काम गर्नुहुन्छ, र त्यहि नै सहि तरिका हो, सधैलाई। हेरौ उहाले यो कसरी गर्नुभयो, र कुन तरिकाले उहाले गर्नुभएको थियो, र तब हामीले यसको सानो झलक देख्नेछौ।

52 अब, म निश्चित रूपमा प्रतिक्षायको रुपमा कुरा गर्छु। म संग कुनै बिद्या छैन। मैले पछाडि फर्केर उहाले त्यस बेला के गर्नुभएको थियो सो हेर्न पर्ने हुन्छ। र हामीलाई यो सिकाइएको थियो कि, “पुरानो करार चाहि आउनेवाला कुराको छाया हो।” त्यसैले यदि मैले यहाँ हेरे र मैले मेरो हात देख्दिन, र मैले मेरो हातको छाया चाहि देखेको छु, र मसंग पाँचवटा औंलाहरु छन्, जब मेरो हात यहाँ आउछ त्यसबेला मलाई राम्रो अन्दाज हुन्छ कि मसंग पाँचवटा औंलाहरु छन्। त्यसैले तिनीहरुसंग के भएको थियो त्यो परमेश्वरको काम गर्ने तरिकाको उदाहरण हो, त्यहि तरिकामा आज पनि उहाले गर्नुहुन्छ।

53 र उहाले जुन तरिकाले गर्नुहुन्छ, त्यस तरिकाबाट उहाले कहिल्यै परिवर्तन गर्नुहुन्न। प्रत्येक समय, पुरै बाईबल भरि, उहाले आफ्नो काम गर्ने तरिका कहिल्यै बदल्नुभएन। निरन्तर त्यसरी नै गर्नुभयो, किनभने उहाको पहिलो काम गर्ने तरिका नै सिद्ध तरिका थियो। किनभने उहासंग कुनै अरु तरिका हुनसक्दैन, किनकि उहा सिध्हा हुनुहुन्छ, र, उहाको सबै तरिकाहरु सिद्ध छन्। हेर्नुहोस् उहाले यी कुरा कसरी गर्नुभएको थियो।

54 मोसालाई यी कामहरु गर्न बोलाईएको थियो र नियुक्त गरिएको थियो जुन काम उनले लिएका थिए। परमेश्वर...

55 अब, म सोच्छु, यदि तपाई यसलाई माफ गर्नुहुन्छ भने...म यो हत्तपत्त भन्दिन। म मात्र यस मंचमा भन्दैछु, म—म केहि पनि जान्दिन र परमेश्वर बाहेक अरु जान्न पनि चाहदिन। अब, मलाई लाग्छ त्यहि नै स्थान हो जहाँ हाम्रो पछिल्लो वर्षाको भाईहरु अल्झिएका छन्, बुझ्नुभयो, तिनीहरुले आफ्नो हात एकअर्का माथि राख्छन् र तिनीहरुलाई अगमवक्ता र अरु त्यस्तै तुल्याउछन्। अब, त्यो धर्मशास्त्र अनुसार छैन। “वरदानहरू र बोलावटहरू पश्चाताप बिना नै पाउदछ।” तपाई जे हुनुहुन्छ त्यहि नै जन्मनुभयो। तपाई जे हुनुहुन्छ शुरुवातमा पनि त्यहि नै हुनुहुन्थ्यो।

56 त्यस पुराना दिनहरुमा फरिसीहरुलाई हेर्नुहोस्। तिनीहरुमा थोरै मात्र ज्योति थियो, किनभने तिनीहरुसंग...व्यवस्था थियो, र तिनीहरु व्यवस्थामा जिए, तर तिनीहरुको हृदयमा हुनसक्नेसम्मको कालोपन थियो।

57 र त्याँहि एक सानी स्त्री थिई, जो वेश्या थिई...उनको विगतको जीवन *यहाँ* हुनसक्ने सम्मको कालो थियो, उनि वदनाम थिई, तर उनको हृदय भित्र उनि जीवनको निम्ति चुनिएकी थिईन्।

58 र फेरी जब येशू, जो वचन हुनुहुन्छ, दृश्यमा आउनुभयो, ती फरीसीहरुले भने, “यो मान्छे बालजिवुल हो।” त्यस कुराले के गर्यो? त्यसले तिनीहरु भित्र भएको थोरै ज्योति पनि कालो बनाइदियो।

59 येशुले भन्नुभयो, “तिमीहरु आफ्नो पिता शैतानबाट हौ, र त्यसैको काम तिमीहरु गर्दछौ।”

60 तर जब ती सानी, अपवित्र स्त्री आई, र परमेश्वरको वचन देखिन्, उनले थाहा पाईन्। उनले त्यस अनुसार जिएकि थिईनन्, तर उनले थाहा पाएकी थिईन्। र जसै उहाले उनीसंग बोल्नुभयो, उनले भनिन्, “म जान्दछु कि तपाई एक अगमवक्ता हुनुहुन्छ।” र उहा...उनले भनिन्, “म जान्दछु कि मसिहले यो गर्नुहुनेछ।”

र उहाले भन्नुभयो, “म उहिं हुँ।”

61 त्यस कुराले के गरेको थियो? त्यसले सबै कालोपन धुलाईदियो र सबै सेतो बनाईदियो। किन? त्यहाँ यिता बिऊ थियो, त्यो चुनिएको बिऊ जुन त्यहाँ भित्र...यो संसारको हुनुभन्दा अगाडि परमेश्वरको विचार थियो।

62 त्यहाँ मात्र एक किसिमको अनन्त छ। यदि तपाईमा अनन्त जीवन छ भने, तपाई आफै संसारको सृष्टि हुनुभन्दा अघि परमेश्वरको सोचाइमा हुनुहुन्थ्यो।तपाई उहाको विचारको एक गुण हुनुहुन्छ, किनभने अनन्तको कहिल्यै शुरु भएको थिएन र कहिल्यै अन्त हुन सक्दैन। तपाई सधै परमेश्वरको अर्थव्यवस्थाको भाग हुनुहुन्छ। यो मात्र प्रतिविम्वित हुँदैछ।यो अहिले बन्दैछ। उहासंग अझै अर्को तस्विर छ जुन विकास हुनुपर्ने छ, त्यो मृत्यु हो, त्यसपछि प्रतिचित्र सक्कल बन्दछ, तब तपाई दुलही र ख्रीष्टसंग हुनुहुन्छ, जसरी उह्याले विचार गर्नुभएको थियो। आजको श्रीमान् र श्रीमती जस्तै, त्यसैले (परमेश्वर) ख्रीष्ट र मण्डली एक हुनेछन्। अब, चुनिएकाहरु बोलाईएका छन्!

मोसा “एक उपयुक्त बालक” को रुपमा जन्मेका थिए। बाईबलले यहि भन्दछ।

63 अगवक्ताहरु मध्ये एक, यर्मिया। परमेश्वरले भन्नुभयो, “तँ आमाको गर्भमा हुनुभन्दा अगाडि, यस जातिको निम्ति मैले तँलाई अगमवक्ता नियुक्त गरे।”

64 बप्तिस्मा दिने यूहन्ना, किन, उनलाई धर्मशास्त्रमा पहिचान गरियो। उनी आउनुभन्दा सातसय बाह्र वर्ष अगाडि यशैयाले भनेका थिए, “उनी उजाडस्थानमा कराउने एक आवाज थिए, ‘परमप्रभुको बाटो तयार पार!’” र उनी देखा पर्नुभन्दा चारसय वर्ष अगाडि, फेरी हामी पाउछौ, मलाकिले भनेका, “हेर म आफ्नो सन्देशवाहकलाई अघि अघि पठाउदछु, ताकि त्यसले परमप्रभुको निम्ति बाटो तयार गरोस्।”

65 बुझ्नुभयो, उनलाई पहिले नै नियुक्त गरिएको थियो। र त्यहि तरिकामा सबै परमेश्वरको कार्यहरु हुँदथ्यो, यदि तिनीहरुमा परमेश्वरको बोलावट हुँदथ्यो।

66 यदि तिनीहरु यस कुरामा शिक्षित गरिएका थिए भने, त्यो मात्र तोप–चार हुदछ, बुझ्नुभयो, त्यो केहि हुनसक्दैनथ्यो। यदि यो भोजनको टिकट थियो भने, त्यसो हो भने तपाई त्यो भोजनको टिकटको लागि आफ्नो जन्म अधिकार बेचिदिनुहुन्छ, तपाई कुनै

संस्था वा समुदायमा जानलाई सम्झौता गर्नुहुनेछ। तर यदि परमेश्वरबाट हो भने, तपाई कुनै पनि करारको चिन्ता नलिई त्यस वचनद्धारा तपाई खडा हुनुहुनेछ, किनभने तपाई जन्मिएको नै त्यसबाट खडा हुनलाई हो।

67 मोसाको स्थान कसैले लिन नै सक्दैन थियो। कसैले उसको काम गर्न सक्दैनथ्यो। त्यो गर्नको निम्ति उनलाई नियुक्त गरिएको थियो।

68 र, दाजुभाई, दिदि बहिनिहरु, यदि तपाईसंग अनन्त जीवन छ भने, तपाई कुनै निश्चित कार्य गर्नको लागि नियुक्त गरिएको हो। हुनसक्छ एउटा असल गृहिणी, हुनसक्छ अरु त्यस्तै काम, तर तपाईको स्थान कसैले पनि लिन सक्दैन। तपाईको निम्ति परमेश्वरले स्थान बनाउनुभएको छ। अरु कोहीको स्थान लिने प्रयास नगर्नुहोस्। त्यो संसारिक नक्कल हो, बुझ्नुभयो, जसले तपाईमा केहि गलत छ भनि देखाउछ। तपाई जस्तो हुनुहुन्छ ठिक त्यहि बन्नुहोस्। अरु कोहि नबन्नुहोस्।

69 अब, हामीले पाउछौ कि परमेश्वरले मोसालाई आफ्नो दावीहरु र वोलावट प्रमाणित गर्नको लागि चिन्हहरु दिनुभयो।

70 र सबै साचो चिन्ह, सबै साचो चिन्ह, जुन परमेश्वरबाट पठाईएको हो...त्यसको पछाडि एउटा आवाज हुन्छ। अब यस कुरामा नचुक्नुहोस्। यस कुरामा यो मेरो अन्तिम पाठ हो, बुझ्नुभयो। सबै साचो चिन्ह...अब हामीसंग चिन्हहरु छन् जुन परमेश्वरबाट होइन; शैतान त्यहाँ भएको सबैकुराको लगभग नक्कल गर्नसक्छ। तर एक साचो चिन्ह, जुन परमेश्वरबाट पठाईएको हुन्छ, त्यसको पछाडि परमेश्वरको आवाज हुन्छ।

71 परमेश्वरले मोसालाई भन्नुभयो, “यदि तिनीहरुले पहिलो चिन्ह आवाजलाई विश्वास गरेनन् भने त्यो अर्को चिन्ह तैले तिनीहरुको अगाडि देखाउनू। र यदि तिनीहरुले त्यो सुनेनन् भने, केवल पानि लिएर सुक्खा जमिनमा खन्याईदे।” र त्यो यो चिन्ह थियो जसमा तिनीहरुले आफ्नै रगतमा पुरा रुपमा भिज्नेछन्।

72 ध्यान दिनुहोस्, र ठिक उहाले भन्नुभए बमोजिम, “आफ्नो पाउको धुलो टकटक्या। त्यस दिनमा सोदोम र गमोरालाई सहनशील हुनेथियो ना कि त्यो शहर जसले तँलाई अस्विकार गर्नेछ।”

73 अब हामी खेलिरहेको मण्डली होइन। *यो* मण्डली हो। ख्रीष्ट मण्डली हो। हामी ख्रीष्ट भित्र छौ। हामी ख्रीष्टको पौराणिक शरीरमा जन्मिएका हौ। तपाई त्यसमा शामिल हुन आउन सक्नुहुन्छ।

74 म ब्रन्हाम परिवारमा भएको करिब पचपन्न वर्ष भयो, र तिनीहरुले परिवारमा शामिल हुन आउ भनेनन्। म ब्रन्हाम भित्र नै जन्मिएको थिए।

75 र तपाई पनि त्यहि तरिकामा इसाई हुनुहुन्छ। तपाई एक इसाईमा जन्मनुभयो, शामिल हुन आउनुभएको होइन। तपाई त्यसभित्र जन्मनुभएको हो। हरेक मानिस जन्मसंग डराउछन्। तिनीहरुसंग एउटा सानो हातलाई लिनलाई एक राम्रो सफा सुग्घर तरिका हुदछ, या एउटा सानो कार्डमा हस्ताक्षर गर्ने खालको, या एउटा नून राख्ने डब्बालाई लिदछ जुनमा केहि पानि हुन्छ। त्यो जन्म होइन। जन्म त भयानक कुरा हुन्छ। जन्म त

एक डरलाग्दो कुरा हुन्छ। चाहे त्यो सुंगुरको खोरमा होस्, या एक भुस राख्ने ठाउँमा होस्, या त गुलावी रंगले क्षृङ्गारिएको अस्पतालको कोठामा होस्; जन्म एउटा झमेला हो, र यसले तपाईलाई लथालिङ्ग पार्छ। तपाई हार खान चाहनुहुन्न, तपाई *यो, त्यो* या *अरुकुनै* पनि कुरा चाहनुहुन्न, तर आशुले तपाईको मुहारमा लगाएको रंगलाई मुहारबाट पखालेर र तपाईलाई भिन्न व्यक्ति बनाईदिन्छ। यदि तपाईको नया जन्म भयो भने त्यसले तपाईमा लथालिङ्गोपन त ल्याउछ, तर तपाई एक नया सृष्टि भइ आउनुहुनेछ। बुझ्नुभयो? तिनीहरु त्यो चाहदैनन्। तिन्हारू कुनै सजिलो तरिका चाहन्छन्, तपाई जान्नुहुन्छ, र त्यहाँ कुनै सजिलो तरिकाहरु छैनन्। जसरी गीतले भन्छ, उहाले भन्नुभयो, "म प्रभुको ठुकराएको मानिसहरुसंग आफ्नो मार्ग लिन्छु।" उहा स्वागत नगरिएको वृक्ष बन्न चाहनुहुन्न।

प्रत्येक परमेश्वरको साचो चिन्हलाई, परमेश्वरको आवाज पछ्याएको हुन्छ।

76 यदि एउटा व्यक्तिले देशमा एउटा चिन्ह दिन्छ, कुनै पनि समयमा दिन्छ, र त्यो आवाज जुन त्यो चिन्हको पछाडि उसले बोल्छ जुन परमेश्वरको वचन होइन भने, त्यसलाई ध्यान पुर्याउनुहोस्, त्यसमा विश्वास नगर्नुहोस्। यदि कुनै पुरानो विद्यालयमा यदि कोहि व्यक्ति उभिन्छ र भन्छ, परमेश्वरबाट चिन्ह देखाउछ, र त्यो व्यक्तिको शिक्षा त्यही पुरानो धर्मशिक्षा ज्ञान हुन्छ जुन तपाईले यी सबै वर्षहरुमा सुन्दै आएको थियो, परमेश्वरले त्यो चिन्हलाई कहिल्यै पनि पठाउनुभएको होइन। त्यो सहि हो या होइन सो वचनमा गएर हेर्नुहोस्। वचनमा खोज्नुहोस्। त्यो व्यक्ति फेरी आउदछ र भन्दछ, "अब हामी सबै *त्यसैमा* शामिल हुन चाहन्छौ। यो पुरानो स्थापित गरिएको मामला हो।" तपाई त्यस कुरामा विश्वास नगर्नुहोस्। मात्र हामी केहि मिनेट मै यस कुरामा जानेछौ, बुझ्नुभयो। होइन, त्यो कुरालाई विश्वास नगर्नुस्।

77 परमेश्वरले सधै आफ्नो चिन्हलाई प्रमाणित गर्नुहुन्छ। परमेश्वरबाटको चिन्हले सधै परमेश्वरको आवाज बोल्दछ।

78 र यदि यो त्यहि पुरानै विद्यालय हो जसमा तपाई जानुभएको छ, तिनले तपाईलाई एउटा चिन्ह किन देला, तपाई त्यसमा पहिले देखि नै हुनुहुन्छ? त्यसले तपाईलाई त्यो कुनामा लाने प्रयास गर्दैछ। रोकिउ चिन्ह! सुस्त होऊ! हेर्नुहोस् तपाई कहाँ जादैहुनुहुन्छ! यदि तपाईले ध्यान दिनुभएन भने तपाई आफुले आफैलाई एउटा कुनामा लडाउनुहुन्छ। एउटा तिखो घुम्ती छ, र तपाई त्यहाँ घुम्नुभन्दा पहिला, तपाईलाई दुर्घटनाबाट बचाउन त्यहा सधै एउटा चिन्ह हुन्छ। असल सडक निर्माताले चिन्ह लगाउछ। र हामी महिमाको सडकमा हिड्दैछौ। र यदि चिन्ह त्यहि पुरानो कुरालाई भान्छा भने, त्यो परमेश्वरबाट हुदैन।

79 परमेश्वरले आफ्ना, मानिसहरुलाई आकर्षित गर्नको निम्ति चिन्हहरु दिनुहुन्छ। परमेश्वरको चिन्हहरु परमेश्वरको मानिसहरुको ध्यान आकर्षित गर्नको निम्ति हो। परमेश्वरको चिन्हहरु परमेश्वरको मानिसहरुको ध्यान आकर्षणको लागि दिईएको हो।

80 अब यहाँ जलिरहेको पोथ्रा अगम्वाक्तालाई आकर्षण गर्ने चिन्ह थियो, उहा कोशिष गर्दै हुनुहुन्थ्यो, किनभने अगमवक्ता परमेश्वरबाट टाढा भाग्दैथिए, र परमेश्वरले जलिरहेको पोथ्रा चिन्हको रूपमा दिनुभयो। र उनले यो अनौठो चिन्ह देख्यो; उनले भन्यो, "म एकातर्फि

फर्केर यो अनौठो चिन्ह के हो हेर्छु, किनकि यो झाडीमा आगो लागि रहेको छ तर यो जलेको चाहि छैन।" अब परमेश्वरले आफूबाट टाढा भागेको अगमवक्ताको ध्यान खिच्दैहुनुहुन्थ्यो। उहाले अरु कोहिलाई लिन सक्नुहुन्थ्यो, तर उहाले यो कार्य गर्नको निम्ति मोसालाई नियुक्त गर्नुभएको थियो र उनको स्थान कसैले लिनसक्दैन थियो।

81 तपाई जान्नुहुन्छ, यात्राको समयमा त्यहा अरु केहि मानिसहरु थिए जसले यो कार्य गर्ने प्रयास गरे।दाथान उठे र ती मध्येबाट संस्था बनाउन चाहे। परमेश्वरले मोसालाई भन्नुभयो, "आफुलाई तिनीहरुबाट अलग गर्। म केवल तिनीहरुलाई निल्नेछु।" बुझ्नुभयो?

82 परमेश्वरले व्यक्तिगत रुपमा व्यवहार गर्नुहुन्छ। बुझ्नुभयो? अब यो ध्यान दिनुहोस्, उहाले अगमवक्ताको ध्यान तान्ने कोशिस गर्दैहुनुहुन्थ्यो, अगमवक्ताको ठिक स्थानमा ल्याउनलाई, बुझ्नुभयो, र उहाले जलिरहेको झाडीको चिन्ह दिनुभयो।

83 र, ध्यान दिनुहोस्, त्यो आवाज जसले चिन्हलाई पछ्याएको थियो त्यो धर्मशास्त्र अनुसारको आवाज थियो। "मैले मेरा मानिसहरुको पुकारा सुनेको छु, विलापको आवाजहरु सुनेको छु, कार्यअधिकारीहरुको कारण, र मैले आफ्नो प्रतिज्ञा सम्झेको छु।" आमेन। मामला यहि समाप्त हुन्छ। "मेरो प्रतिज्ञा सम्झेको छु।" त्यो धर्मशास्त्रको आवाज थियो। "र म तलाई त्यहाँ पठाउदैछु। म यहाँ तिनीहरुलाई छुटकारा दिन आएको छु, र म तँलाई पठाउदैछु।"

84 याद राख्नुहोस्, परमेश्वरको कुना व्यक्तिको कुनै काम गर्नुहुन्न। तपाईलाई त्यो थाहा छ? यहि नै कुरा हो मानिसको लागि ठेस हुने। बुझ्नुभयो?

85 यहि कुराले तिनीहरु येशुको विषयमा ठेस खाएका थिए। उनीहरुले भने, "तिमी मानिस आफैलाई परमेश्वर बनाउछौ।" उहा परमेश्वर हुनुहुन्थ्यो, तर तिनीहरुले बुझ्न सकेनन्। "हो, तिमी एक मानिस हौ।"

86 उहाले भन्नुभयो, "ठिक छ, तिमीहरु भविष्यवक्ताहरुलाई, 'परमेश्वरहरु,' भन्छौ, र तिम्रो व्यवस्थाले यो कुरालाई पहिचान गरायो। र यदि तिमीहरुले तिनीहरुलाई 'परमेश्वरहरु,' भनि बोलाउछौ, जसमा परमेश्वरको वचन आयो, कसरी तिमीहरुले मलाई दोष लगाउन सक्छौ जबकि मैले म परमेश्वरको पुत्र हुँ भनि भनिरहेको छु?"

87 बुझ्नुभयो, ध्यान आकर्षण गर्न चिन्ह दिईन्छ। र, याद राख्नुहोस्, यदि ध्यान त आकर्षित भयो तर त्यो त्यहि पुरानै कुरा हो भने, त्यो परमेश्वर होइन।

88 तर परमेश्वरले अहिले अगमवक्तालाई आकर्षित गर्ने कोशिस गर्दैहुनुहुन्छ, र उहाले उनलाई चिन्ह दिनुहुन्छ, र आवाज जसले चिन्हलाई पछ्याउदै थियो, त्यो धर्मशास्त्रको आवाज थियो। "मैले मानिसहरुलाई हेरेको छु, मैले तिनीहरुको चिच्याहट सुनेको छु। मैले मेरो प्रतिज्ञा सम्झेको छु।"

89 अब परमेश्वर आफ्नो प्रतिज्ञाको वचनबाट बोल्न जाँदैहुनुहुन्थ्यो। उहाले आफ्नो अगमवक्ता पठाउनुपर्नेनै थियो, किनकि वचन अगमवक्तामा आउदछ। बाईबलले भन्दछ, परमेश्वरले भन्नुहुन्छ, आफैले भन्नुहुन्छ कि, "उहाले पहिले आफ्नो दास अगमवक्तामा प्रकट

नगरिकन केहि गर्नुहुन्न” बुझ्नुभयो? र फेरी, चिन्ह दिईयो, र धर्मशास्त्र पहिचान गरिन्छ, यहि नै चिन्हको आवाज हो।

90 मोसाको चिन्हको आवाजलाई हेर्नुहोस्? पहिलो चिन्ह जलिरहेको झाडी थियो; आवाजचाहि वचन थियो।

91 मोसाले त्यसलाई चिन्हको रूपमा लियो, र तल मिश्र देशमा गएर परमेश्वरले भन्नुभएको चिन्ह गरे; र चिन्हमा आवाज थियो, र मानिसहरुले विश्वास गरे र तिनीहरु बाहिर निक्लीएर आए। र जबसम्म तिनीहरु हिड्दै गए, तिनीहरुले राम्रै गरे; तर जब तिनीहरुले आवाज विरुद्धमा गनगन गर्न शुरु गरेम त्यसपछि तिनीहरु रोकिए।

92 याद गर्नुहोस्, इस्रायलले यात्रा गरेको थियो। के तपाई जान्नुहुन्छ कि तिनीहरु टाढा आएका थिए? तिनीहरु…तिनीहरु केवल चालिस मिल टाढा, र करिब चालिस वर्ष लाग्यो। किन? किनभने तिनीहरुले त्यो आवाज जसले चिन्ह दिएको थियो त्यसको विरुद्धमा गनगन गर्न शुरु गरेका थिए। तिनीहरु कति कम यो कुरा जान्दथे, जब तिनीहरु तटमा कराउदै थिए, र आत्मामा नाच्दै थिए, र मोसा आत्मामा गाउदै थिए, र तिनीहरु त्यस ठाउबाट मात्र केहि दिनको दुरीमा थिए। तर तिनीहरुले गनगन गर्न शुरु गरे, र केहि भिन्न कुरा गर्न चाहे; र तिनीहरु चालिस वर्षसम्म उजाडस्थानमा बसे, र त्याहि नष्ट भए, त्यो ठिक हो, किनभने तिनीहरुले विश्वास गरेनन्। परमेश्वरले भान्नुभयो, “तिनीहरु तेरो विरुद्धमा बोलेका होइनन्, मोसा। तिनीहरु मेरो विरुद्धमा बोलिरहेका छन्।” त्यो परमेश्वरको आवाज थियो, मोसाको थिएन।

93 अब, ध्यान दिनुहोस्, यहोवा तिनीहरुसंग आफ्नो प्रतिज्ञाको वचनद्वारा, बोल्न जाँदै हुनुहुन्थ्यो, त्यसैले उहाले आफ्नो अगमवक्ताहरु पठाउनै पर्थ्यो। त्यो, यदि तपाई त्यो हेर्न चाहनुहुन्छ भने, त्यो उत्पत्ति १५:१६ मा छ। त्यहाँ हामीले पाउदछौ कि परमेश्वरले अब्राहामलाई भन्नुभएको, “तेरो वंश पराया देशमा भएर यात्रा गर्नेछ, र म तिनीहरुलाई मेरो शक्तिशाली हातबाट बाहिर निकाल्नेछु। अमोरीहरुको अधर्म अझै पुरा भएको छैन।” सबै परमेश्वरको प्रतिज्ञाहरु जुन उहाले दिनुभयो, यहाँ उहाले अगमवक्तालाई जलिरहेको झाडीद्वारा आकर्षित गर्दैहुनुहुन्थ्यो।

94 अब यदि जलिरहेको झाडीले यसो भनेको भए, “मोसा, परमेश्वर परमेश्वर हुनुहुन्छ”

“हो, म त्यो विश्वास गर्छु।”

95 “ओ, मोसा तिमि ठिक गर्दैछौ, यहि नै गर्दैगर। तिमीले एउटा राम्री स्त्री विवाह गर्यौ, उनि एक सुन्दर छोरी हो। निश्चय नै एक राम्रो छोरा पाएको छ! परमेश्वरको महिमा होस्!” त्यो त त्यहि पुरानो विद्यालय हो। बुझ्नुभयो?

96 तर उहाले केहि गर्ने तयारीमा हुनुहुन्थ्यो, त्यसैले उहाले मानिसलाई आकर्सित गर्नु पर्थ्यो। र उहाले मानिसलाई गर्नको निम्ति दुइवटा चिन्ह दिनुभयो, र भन्नुभयो, “प्रत्येक चिन्हको आवाज थियो।” त्यो हो भनि त्यसले साबित गर्दछ अब ध्यान दिनुहोस् ती आवाजहरुले के भन्दैथ्यो, सृष्टिले समेत भन्दैथ्यो। यहोवा अब बोल्नको निम्ति तयार हुनुहुन्थो।

97 फेरी पनि, अगमवक्ताको आगमननै एक चिन्ह थियो, तपाईलाई त्यो थाहा छ? एक युगको निम्ति अगमवक्ताको आगमन नै चिन्ह हो।

98 अब, मैले दिव्य डाक्टरको कुरा गरेको होइन। मैले कुनै वफादार पाष्टर, या राम्रो मान्छेको कुरा गरेको होइन। ती सबै ठिकै छ। तिनीहरु परमेश्वरका दासहरु हुन्।

99 तर, एक अगमवक्ताचाहि चिन्ह हो। बाईबलले यहाँ त्यहि भन्छ। र चिन्ह के को हुन्छ? यो त्यो व्हिंह थियो जसले उहाको वचन पुरा हुने तयारीलाई भन्दथ्यो, उहाको अगमवक्ताको चिन्हको आवाजले पुरा हुन लाग्दैथ्यो।

100 ध्यान दिनुहोस्, अगमवक्ताको आगमन चाहि छिट्टै आउनेवाला न्यायको चिन्हको चेतावनी हो। के तपाई त्यो जान्नुहुन्छ? यदि भूमिमा अगमवक्ता छ भएन न्यायले प्रहार गर्न तयार रहेको हो।

101 याद राख्नुहोस्, ऊ संग निश्चय नै, पहिले, परमेश्वरद्वारा प्रमाणित हुनुपर्दछ र त्यस समयको वचनले साबित पारिनुपर्दछ, र त्यसपछि उसले चिन्हहरुको काम गर्दछ। र त्यो चिन्हलाई ध्यान दिनुहोस्, उसले के भविष्यवाणी गर्छ त्यो ध्यान दिनुहोस्। उहाले भन्नुभयो, "यदि त्यो हुन आउछ भने त्यस मानिसलाई सुन।" गन्ती १२:६। "यदि त्यो पूरा हुन आएन भने, त्यसलाई विर्सिदेऊ।" उनले दिएको कुरा वचन अनुसारको चिन्ह हुनुपर्दछ।

102 र उहाले एकपटक चिन्हको लागि के दिनुहुन्छ, यदि उहा हिजो, आज, र सधै भरी एक समान हुनुहुन्छ भने, उहाले निरन्तर उही नै दिनुहुन्छ। "परमप्रभुको वचन अगमवक्ताहरुमा आएका थिए" तिनीहरु वचन थिए। र जब येशू आउनुभयो, उहा वचन हुनुहुन्थ्यो। र वचनले हृदयको सोचहरु र नियतहरु र आदि इत्यादिहरु निरन्तर थाहा गर्दछ। अब ध्यान दिनुहोस्।

103 यो अगमवक्ताको आगमनले "न्याय नजिक छ" भन्ने चिन्ह सधै दिंदछ।

104 मात्र केहि मिनेटको लागि हामी यसलाई यहि रोकौ। म धेरै लामो समय लिनेछैन। अब आउनुहोस् हामी एउटा जोडिलाई हेरौ, लगभग दस मिनेटको लागि। जबकी बाकि रहेको संदेश दस मिनेटको लागि हेरौ।

105 नोआ, एक अगमवक्ता जो भूमिमा थिए—जो भूमिमा थिए, आउनेवाला न्यायको चिन्ह थियो। मोसा, एक अगमवक्ता जो भूमिमा थिए, जो आउनेवाला न्यायको चिन्ह थिए, एलिया, एक अगमवक्ता जो भूमिमा थिए, आउनेवाला न्यायको चिन्ह थिए। यूहन्ना, एक अगमवक्ता जो भूमिमा थिए, इस्रायलको लागि आउदै गरेको न्यायको चिन्ह थिए; जसलाई पूर्ण रूपमा काट्टीएको थियो।

106 ध्यान दिनुहोस्, चिन्ह! चिन्हले के गर्छ? चिन्ह ध्यान आकर्षण गर्नको लागि हो, र चुनिएकालाई तयार पार्न हो, र न्यायको प्रहार हुनुभन्दा पहिला त्यहाँबाट बाहिर निकाल्नलाई हो। त्यहि नै नोआले गरेका थिए, चुनिएकालाई तयार पारे। बाकि रहेकालाई त्यसले के गरे? त्यो चिन्ह, र चिन्हको आवाजले अविश्वासीहरुलाई दोषि ठहर्यायो र न्यायको लागि तयार पारिदियो। त्यसबाट उम्किनलाई चुनिएकाहरुलाई तयार

पारिदियो। त्यहि नै चिन्ह हो। त्यसिको लागि चिन्ह दिईन्छ, आउनेवाला न्यायको निम्ति। चुनिएकाहरुले त्यो देख्नेछन्।

107 जस्तो कि सानो स्त्री जो शुद्ध हृदयमा थियो, र असुद्ध शरीरमा थियो; र फरीसीहरु शुद्ध शरीर, र अशुद्ध हृदयमा। त्यसले एउटालाई दोषि ठहर्यायो, र अर्कोलाई बचायो।

108 ठिक जुन न्यायले मोसालाई बचायो, त्यहि न्यायले संसारलाई दोषि ठहर्यायो, उनको प्रचारले।

109 त्यसले चुनिएकाहरुलाई तयार बनाए। चुनिएकाहरु के को लागि तयारी छन् त? जब तिनीहरुले परमेश्वरले पठाउनुभएको चिन्हलाई देखे, तिनीहरुले गएर वचनमा हेरे र यो हेर्दछन् कि के यो त्यहाँ तिर हुनुनौ पर्ने हो भनि। "हो, यहाँ छ यो।" यो के हो? आउनुपर्ने न्याय थियो।त्यसपछि चुनिएकाहरुले उहाको आवाज सुन्दछन्।

110 तर नचुनिएकाहरुले नकार्दछन्; र भन्छन्, "वाहियात। भन्दै गर! हामी त्यहि पुरानै विद्यालय लिन्छौ।" बुझ्नुभयो? त्यहि तरिकामा लूथरको दिनहरुमा तिनीहरुले गरेका थिए। त्यहि नै तरिकामा वेस्लीका दिनहरुमा तिनीहरुले गरेका थिए। त्यहि नै तरिकामा तिनीहरुले—तिनीहरुले अहिले गर्दछन्, जुन तरिकामा तिनीहरुले सधै गरिरहे।

111 तर यो चिन्ह हो, र यसमा आवाज जसले चिन्हलाई पछ्याउछ। अब त्यो कुरा नबिर्सनुहोस्। अब यो कुरालाई भित्र लिनुहोस्, किनभने हुनसक्छ म तपाईलाई फेरी कहिल्यै नदेखूला।

112 म आशा गर्छु कि मसंग कुनै तरिका हुदो हो त जहाबाट म तल यहाँ कतै आएर र सबै भाईहरुलाई लिई, जब तिनीहरुमा जागृति भएको हुदैन, एउटा तम्बू लगाउथे र एक पछि अर्को दिनसम्म बस्थे, र तब—तबसम्म सिकाउथे जबसम्म यसले वास्तवमै भित्र भिजाउदैनथ्यो। तर उहाले यसको लागि अनुमति दिनुहुदैन, म सोच्दिन। बुझ्नुभयो, हामी अन्तिमको धेरै नजिक छौ। म विश्वास गर्छु कि हामी ठिक अन्त्यमै छौ।

113 त्यहाँ मेरो किताब भित्र, जुन मैले लेखेर राख्ने गर्छु। १९३३ मा, एक बिहानीमा, जब म सन्डे स्कुल जाँदै थिए, एउटा व्याप्टिष्ट सन्डे स्कूल जसमा म पाष्टर थिए, पवित्र आत्मा म मा आउनुभयो र अन्तिमको समय मलाई देखाउनुभयो, र सात वटा कुरा जुन हुन आउनेछ भनि उहाले देखाउनुभयो। मैले त्यसलाई टिपोट गरे। त्यो एउटा पुरानो पहेलो कागज हो।

114 मलाई ठिक त्यहि भन्नुभयो कि जर्मनीले कसरी त्यो सिगफ्रिड रेखा बनाउनेछ, र कसरी अमेरीकीहरु महा नराम्रो रूपमा मारिनेछन्, त्यो रेखा बन्नुभन्दा एघार वर्ष पहिले भयो।

115 भन्नुभयो कसरी मुसोलिनी उठ्नेछ, र कसरी उनि एथियोपिया जानेछ, र कसरी एथियोपिया उसको "खुट्टामूनि झर्नेछ।" र उनि कसरी शर्ममय मृत्यु मर्नेछ, कसरी उल्टो—पुल्टो पारिनेछ, र उनको आफ्नै मानिसहरुले उनलाई थुक्नेछन्।

116 र मैले भने, "त्यहाँ तीनवटा वादिहरु हुनेछन्: साम्यवाद, फासीवाद, र नाजीवाद। ती सबै रुसको बाहिर साम्यवादमा समाप्त हुनेछ।" र त्यसले क्याथोलिकवादलाई नाश गर्नेछ। हेर्नुहोस् यदि यसले यस्तो गर्नेछ या गर्नेछैन।

117 र मैले भने, "यति धेरै प्रगतिले ठाउ लिनेछ।" मैले भने, "मैले अण्डा आकारको गाडिहरु सडकतिर गईरहेको देखे। कारहरु राजमार्गमा कुनै प्रकारको नियन्त्रणले चलिरहेको थियो, त्यसलाई तिनीहरुले निर्देशन दिनपर्दैनथ्यो। मैले एज अमेरीकी परिवारलाई कारको पछाडि भागमा चेकर खेलिरहेको देखे।" ठिक अहिले तिनीहरुसंग यो कार छ, यदि उनीहरुसंग त्यो चलाउने राजमार्ग भईदिए। सानो भोल्क्सवागेन पूर्ण रूपले अण्डाको आकार छ, किन त्यस्तै छ, र यसको अरु कारहरु पनि त्यस्तै छ। के तपाई कल्पना गर्न सक्नुहुन्छ? अहिलेको तुलनामा १९३३ को कारहरु कस्तो देखिन्थ्यो?

118 र त्यसपछि फेरी पनि उहाले भविष्यवाणी गर्नुभयो, कि, स्त्रीले भोट हाल्ने अनुमति पाउने, र तिनीहरुले के गर्नेछन्। र जसरी यो देश जुन इस्रायलको रूपमा जमिनमा आयो, र त्यहाको निवासिहरुलाई त्यहाँबाट लखेटिदियो र त्यस देशमा बस्न थाल्यो। र तिनीहरुको पहिलो केहि राजाहरु, दाउद र सोलोमोन, जो परमेश्वरको भय मान्ने राजाहरु थिए। केहि समय पछि, अहाब राजा दृश्यमा देखा परे। तिनीहरुले उनलाई भोट भित्र ल्याए। कुर्सी बन्यो...मण्डली संसारिक बन्यो। र, हामीसंग पनि लिङ्कन र वासिंगटन थियो, हेर्नुहोस् आज कस्तो छ। हेर्नुहोस् हामी कहा जाँदैछौ अहिले। आउनेवाला कुरा के होलान्? हामी अन्तिम समयमा छौ।

119 र यो एक चिन्ह हो, प्राकृतिक जस्तै वास्तविक छ। यसले चुनिएकाहरुलाई तयारी पार्दछ; र अविश्वासीलाई न्यायको लागि दोषी ठहर्याउदछ।

120 "यदि यो अगमवक्ता साचो अगमवक्ता हो भने, र उनले के भन्छ त्यो पुरा हुन आउछ भने," बाईबलले गन्ती १२:६ मा भन्दछ, "उनको चेतावनी सुन, किनकि त्यो मानिस होइन भनि प्रेमाणित गरिएको छ।" एक—एक अगमवक्ता मानिस हो। तर अलौकिक चिन्हबाट आएको आवाज चाहि वचनरूपी आवाज हो, त्यो प्रमाणित गरिएको छ, तब त्यो चेतावनी हो।

121 बाईबल अगमवक्ताहरुद्वारा लेखिएको हो, याद रहोस्। दोस्रो पत्रुश को १:२१ मा पनि। र हिब्रू १:१ मा पनि लेखिएको छ।

122 मोसाको निम्ति आगोको खामो चिन्ह थियो, आवाजले बोल्नेवाला थियो। आगोको खामोले आवाजले बोल्न जादैथियो भनि देखाउदैथ्यो। त्यो चिन्ह थियो, एक आगोको खामो। तपाई मानिसहरु जो हड्सनबाट हुनुहुन्छ, तपाईहरुले यी कुरा सम्झनुपर्ने हो, यो कुरा गरेको धेरै समय भएको छैन।

123 मोसा, एक अगमवक्ता जो इस्रायालको चिन्ह थियो, कि प्रतिज्ञा ठिक पुरा हुने लागेको थियो। जब मोसा तल आयो र अगमवक्ताको चिन्हको काम गरे, ठिक त्यहि समय तिनीहरुले जाने कि उनले नै तिनीहरुलाई भेला गराउनेछन्।

124 परमेश्वरको वचन क्रममा कति सिद्ध छ, प्रत्येक समय उस्तै छ। जसरी मैले गत राती भनेको थिए, कसरी उरीम थुम्मिमले, र सबै कुराले, सधै परमेश्वरको उत्तर दिएको छ।

125 फेरी पनि एक अगमवक्ता लिऔ, केहि छिनको लागि योना लिऔ। मैले योनाको पहिलो अध्याय यहाँ लेखेर राखेको छु, १ अध्याय यहाँ अगमवाणीको छ। योना व्हेल माछाको पेटबाट आउनु एउटा चिन्ह थियो। बुझ्नुभयो, ती मानिसहरु मुर्तिपूजक थिए। तिनीहरुले समुन्द्रका देवीदेवतालाई पुज्थे, र तिनीहरुको समुन्द्रको देवता व्हेल माछा थियो।

126 अब धेरै मानिसहरुले योनालाई दोषि बनाउन थाले। मैले सधै योनालाई लिएको छु। योना प्रभुको इच्छाबाट बाहिर थिएन। "धर्मीजनको कदम परमप्रभुको आज्ञामा उठ्छ।" हामी भन्न चाहन्छौ, "उनी योना थिए।" तर आउनुहोस् हामी यसलाई केवल त्यो प्रकारमा लिऔ...एकचोटि, उनी के को योग्य थिए। म जान्दछु कि उनी निनभ्भे जानपर्ने थियो, तर परमेश्वरले उनलाई टारसीसतिर जाने जहाजमा चडाईदिनुभयो। र उनलाई समुन्द्रमा समस्या हुनेवाला थियो।

127 योनाले भने, "मेरो हात र खुट्टा बानिदेऊ। म नै त्यो हु जो समस्यामा छु, जो यो समस्याको कारण हुँ।" र उनलाई बाहिर फालिदियो। र माछा पानीमा भएर पौडिदै थियो, त्यो ठुलो माछा जसले योनालाई निल्यो। म जान्दछु कि यो कुरा विज्ञानलाई विश्वास गर्न गार्हो छ।

128 यहाँ धेरै समय भएको छैन, लुइसविल, केन्टकीमा, लगभग दस वर्ष अगाडी, तिनीहरु संग एउटा व्हेल माछा थियो जुन एउटा–एउटा मालगाडिमा राखिएको थियो। र त्यहाँ एउटा सानो रिक्की थियो, उसंग जति उसले नियन्त्रण गर्न जान्दथ्यो, त्यो भन्दा बढि ज्ञान थियो। उसले बाइबललाई झुटो बोलि साबित गर्न चाहन्थ्यो। उसले भन्यो, "तपाईलाई थाहा छ, तपाई त्यो पुरानो भनाई सुन्नुहुन्छ, कि योनालाई व्हेल माछाले निलेको थियो।" उसले भन्यो, "हेर्नुहोस्, यसको घाटीबाट तपाईले एउटा बल समेत छिराउनसक्नुहुन्न, त्यो अति सानो थियो। कसरी एउटा पुरै विकसित मान्छे त्यसको पेटमा जान सक्छ र?" भन्यो, "तपाईले देख्नुभयो, त्यो मात्र एउटा पुरानो भनाई हो, जस्तो कि बाईबल यी कुराहरुले भरिएको छ।"

129 त्यो मेरो विचारको लागि अति नै हो। मैले भने, "म त्यसमा केहि भन्न चाहन्छु।"

भन्यो, "तपाईलाई के भन्नु छ र?"

130 मैले भने, "तपाई बुझ्नुहोस् कि तपाईले बाईबललाई सहि तरिकामा पढ्नुभएको छैन।" मैले भने, "बाईबलले भन्छ कि यो एउटा विशेष माछा थियो। 'परमेश्वरले ठुलो एउटा माछा तयार पार्नुभएको थियो।' यो एक विशेष गरि बनाईएको थियो, ताकी उसलाई निल्न सकोस्, जसको कारण माछाले त्यो गर्न सकेको थियो! त्यो एक साधारण माछा थिएन। परमेश्वरले असाधारण कार्य गर्न जाँदैहुनुहुन्थ्यो, त्यसैले उहाले असाधारण माछालाई लिनुभयो।" बुझ्नुभयो? उसले त्यसपछि अरु केहि पनि त्यस विषयमा भनेन। त्यसैले, परमेश्वरसंग एउटा विशेष कुरा थियो।

131 एउटा सानी केटि जस्तै, एक समय, आराधनालय बाट आउदै थियो; उसको छोटो कपाल पछाडि पट्टि तब सम्म यति सिधा बनाएको थियो, कि जबसम्म उसको मुहार एउटा छिलेको प्याज देखेको थियो। उसंग मात्र एउटा बाईबल थियो, ऊ जाँदै थियो।

132 यो बुढो व्यक्ति जसको नाम जिम डोर्से थियो, ऊ युटिकामा बस्थ्यो। ऊ अविश्वासी थियो, एउटा बुढो सिपाही थियो, र—र उसले परमेश्वरलाई विश्वास गर्दैन थियो र उसले भन्यो, "तिमी कहा जाँदैछौ, जवान केटि?"

उनले भनिन्, "म घर जाँदैछु, श्रीमान्"

भन्यो, "तिम्रो हातमा त्यो के समतिराको छौ?"

उनले भनिन्, "यो बाईबल हो।"

भन्यो, "तिमीले त्यसलाई विश्वास गर्दैनौ, गर्छौ र?" र उसले...

भनिन्, "हो, म विश्वास गर्छु, श्रीमान्।"

133 र भन्यो, "तिमीले त्यो योनालाई व्हेल माछाले निलेको कथा विश्वास गर्छौ?"

भनिन्, "किन, मैले यहाँको सबै वचन निश्चयनै विश्वास गर्छु।"

134 उसले भन्यो, "तिमीले त्यस कुरा विश्वास बाहेक अरु कुन कुराबाट साबित गर्न सक्छौ, जुन कुरालाई तिमीले विश्वास छौ?"

"किन," उनले भनिन्, "जब म स्वर्ग जानेछु, म योनालाई सोध्नेछु।" बुझ्नुभयो?

उसले भन्यो, "यदि योना स्वर्गमा छैन भने के गर्छौ?"

135 उनले भनिन्, "त्यो हो भने तपाईले उसलाई सोध्न पर्नेहुन्छ।" त्यसैले मैले सोचे यो कुरा उसले सिधा गर्नुको लागि अति राम्रो थियो। त्यसैले मलाई लाग्छ त्यो ठिक कुरा हो।

136 यदि बाईबलले भन्छ योनाले व्हेल माछालाई निल्यो, म विश्वास गर्ने थिए। उहाले तयार पार्न सक्नुहुन्छ। परमेश्वर जे भन्नुभएको छ, परमेश्वरले त्यो पुरा गर्न सक्नुहुन्छ, र उहाले सधै वचन पुरा गर्नुहुन्छ। त्यसैले, योना, हामी उहाको मजाक उडाउछौ...

137 तर तपाईले कहिल्यै माछामा ध्यान दिनुभएको छ जब त्यो पौडन्छ? त्यसैले आफ्नो आहारा सिकार गरिराको हुन्छ। र जब आहारा खान्छ, त्यो ठिक तल मूनि जान्छ र तल आफ्नो पौडिने अंगको लागि विश्राम गर्छ। आफ्नो सुनौलो माछालाई खुवाउनुहोस् र के हुन्छ हेर्नुहोस्। तिनीहरुको सानो पेट भरिन्छ, र फेरी तल गएर आफ्नो पौडिने अंगलाई ठिक तल लगेर त्यसको सहारामा राख्छ, र त्यहि बसिराख्छ र आराम गर्छ।

138 ठिक छ, यो ठुलो तयार गरिएको माछा आउछ र यो अगमवक्तालाई निल्छ। र त्यो समुन्द्रको तल गएर बस्छ, र हुनसक्छ चालिस फिट गहिराईमा गएर बस्छ। त्यो समुन्द्रको तलको भागमा गएर आराम गरि बस्छ, ठिक तल जान्छ।

139 अब हामी सधै योनाको विषयमा सोचिरहेका छौ। र सबैले भन्ने गर्छन्, "अब मेरो निम्ति प्रार्थना गरियो, तर मेरो हात अझै ठिक भएको छैन। मेरो निम्ति प्रार्थना गरियो, तर मलाई अझै पनि ठिक भएको महसूस छैन।" तपाई योना माथि कहिल्यै पनि नकराउनुहोस्।

140 अब हेर्नुहोस् ऊ संग भएको लक्षणहरु। अब, पहिलो स्थानमा, ऊ एक तुफानी समुन्द्र बाहिर थियो, र ऊ त्यो मर्गबाट भागेका थियो जसको लागि परमेश्वरलव उसलाई पठाएको थियो। उसको हात र खुट्टा बाँधिएको थियो। उसलाई तुफानी र प्रचण्ड समुन्द्रमा फालिएको थियो र व्हेलले उसलाई निलेको थियो र समुन्द्रको तल्लो भागमा गएर बसेको थियो। र ऊ त्यो बांतामा बसिरहेको थियो, त्यहाँ व्हेलको पेटमा थियो, उसको गर्दन भरि समुन्द्री घाँसहरु बेरिएको थियो। र यदि उसले *यो* तर्फि हेर्यो भने, यो व्हेलको पेट थियो। उसले *अर्को* पट्टि हेर्दा, यो पनि व्हेलको पेट नै थियो। जताततै उसले हेरे पनि त्यो व्हेल पेट थियो। तपाई लक्षणहरुको विषयमा कुरा गर्नुहुन्छ, हुनसक्छ उसंग त्यो थियो। तर तपाईलाई थाहा छ उसले के भन्यो? उसले भन्यो, "यो धोकाको व्यर्थ कुराहरु हुन्, म त्यसपट्टि अब धेरै हेर्दिन, तर एकचोटि फेरी पनि म तपाईको पवित्र मन्दिरलाई हेर्नेछु।"

141 किनकि सोलोमन, जो संसारिक मानिस थिए, जसले मन्दिरलाई अर्पण गर्दा यो भनेका थिए, "परमप्रभु, यदि तपाईको मानिस कहिँ समस्यामा हुदा, र यस पवित्र स्थानलाई हेरे भने, स्वर्गबाट त्यसलाई सुन्नुहोस्।"

142 र योना भित्र सोलोमनले गरेका प्रार्थनामा विश्वास थियो। र परमेश्वरले तीन दिन र तीन रात पछि योनालाई छुटकारा दिनुभयो। हुनसक्छ उहाले तल अक्सिजनको तम्बू लगाई दिनुभएको थियो। मलाई थाहा छैन उहाले के गर्नुभयो, तर उहाले उनलाई वचन अनुसार तीन दिन तीन रातसम्म जिउदो राख्नुभयो। र वचन सहि हो।

143 ठिक छ, यदि यो, ती परिस्थितिहरु मूनि, उसले फेरी मानिसले बनाएको पवित्र स्थानलाई हेर्छ भने, आज राती, तपाईले र मैले कति धेरै त्यो मन्दिरलाई हेर्नु पर्नेछ जहाँ येशू शर्वशक्तिमानको दाहिने हात पट्टि आफ्नो रगतमा खडा हुनुहुन्छ, हाम्रो पेसाको लक्षणहरुमा मध्यस्त बनाउदै हुनुहुन्छ! योनालाई निन्दा नगर्नुहोस्, र तपाईमा के खराबी छ त्यो चाहि हेर्नुहोस्। प्रतिज्ञा तिर हेर्नुहोस्, "परमेश्वरले त्यसै भन्नुभयो!" यदि तपाई अब्राहामको सन्तान हुनुहुन्छ भने, "परमेश्वरले त्यसो भन्नुभयो!" उहाले प्रतिज्ञा बनाउनुभयो, र त्यसैले मामला टुंग्याउछ।

144 ध्यान दिनुहोस्, सबै मानिसहरुले बाहिर माछा मार्दै थिए, र तिनीहरु जालो तान्दै थिए र अरु चिजहरु तान्दै थिए। केहि समय पछि माथि सामुन्द्रि देवता व्हेल आयो, हतारिदै किनार मा आयो। सबै जना आफ्नो घूँडामा निहुरिए। परमेश्वर जान्नुहुन्छ कसरी कार्य गर्ने भनि। र माछा ठिक किनार आयो र आफ्नो जिब्रो बाहिर निकाल्यो, र, जब जिब्रो निकाल्यो, यहाँ अगमवक्ता ठिक व्हेल माछाको मुखबाट हिड्दै बाहिर आए। अगमवक्ता! त्यो देवताले अगमवक्तालाई ठिक किनारमा ओकालिदियो। यो कुरामा कुनै आश्चर्य छैन कि तिनीहरुले पश्चाताप गरे। बुझ्नुभयो?

145 त्यो एउटा चिन्ह थियो। योना एउटा व्हेल माछाद्वारा छुटकारा दिईएको, एउटा चिन्ह थियो। उनले के गरे? त्यो परमेश्वरबाट एक चिन्ह थियो। आवाजले के भन्यो? "पश्चाताप गर नत्र चालिस दिनमा नाश हुनेछौ।" परमेश्वरको चिन्ह; परमेश्वरको आवाज! सधै, जब परमेश्वरले चिन्ह पठाउनुहुन्छ, परमेश्वरले त्यो चिन्हको पछाडि आवाज पठाउनुहुन्छ। ध्यान दिनुहोस्, "पश्चाताप गर, अन्यथा चालिस दिनमा यो सारा शहर नाश हुनेछ।"

146 यूहन्ना अगमवक्ता पृथ्वीमा देखा परे, चार सय वर्ष अगमवक्ता बिना रहे पछि देखा परे; चार सय वर्ष पछि चिन्हको रुपमा देखा परे। त्यो छोटो ढिलाई समय थियो।

147 अब, यदि तपाई आत्मिक हुनुहुन्छ भने मैले भनिरहेको कुरा बुझ्नुहुनेछ। परमेश्वरले तपाईको समझ खोल्दिन सक्नुभएको होस्। यो कति ढिलो समय पछि भयो।

148 चार सय वर्षसम्म, इस्रायल अगमवक्ता रहित थियो, मण्डलीहरुमा यति धेरै गोलमाल भैसकेको थियो, र त्यहाँ दृश्यमा यूहन्ना आए। यूहन्ना एक अगमवक्ता थिए, जो पछि मसिह आएर बोल्नुहुन्छ भन्ने एक चिन्ह थिए। ध्यान दिनुहोस्। किनभने मलाकि ३ ले भनेको थियो, "म आफ्नो सन्देशवाहकलाई मेरो अघि अघि पठाउछु, ताकि मेरो लागि बाटो तयार पारोस्, मानिसलाई तयार पारोस्।"

149 यूहन्नालाई हेर्नुहोस्, ऊ भित्र कुनै स्वार्थ थिएन। उनले कहिल्यै पनि कुनै महिमा लिएनन्। तिनीहरुले उनलाई मसिह भनि भन्न कोशिस गरे; तर उनले भने, "म उहाको जुत्ताको फिता खोल्ने योग्य छैन।"

150 तर येशू देखा पर्नुभयो, उहासंग चिन्ह थियो, आगोको खामो, उहा माथि ज्योति थियो, ढुकुर जस्तै रूपमा आवाज तल आयो यसो भन्दै, "यिनी मेरा प्रिय पुत्र हुन्, जो संग म अति प्रशन्न छु।"

151 अब, यूहन्नाले झट्टै भने, "उहा बढ्नुपर्दछ, म घट्नुपर्दछ।" उनले मण्डलीलाई ख्रीष्टलाई प्रस्तूत गराए। आमेन।

152 हामीलाई त्यसो भनिएको छ, अन्तिम दिनहरुमा, जुन फेरी दोहोरिनेछ! त्यहाँ एउटा संदेश आउनेछ, जुनले मानिसहरुमा मसिहको परिचय दिनेछ। र त्यो त्यस प्रकारको हुनेछ, तिनीहरु लाटो सरह खडा हुनेछन् जस्तो कि तिनीहरुले विगतमा गरेका थिए। उहाले यो प्रतिज्ञा गर्नुभएको छ। मत्तिको अर्को अध्याय, मलाकि को, हामीलाई त्यस विषयमा बताउदछ। ध्यान दिनुहोस्।

153 तिनीहरुले यस विषयमा सोधेका थिए। यूहन्नाको स्वभावले उनलाई एलियाको आत्मामा परिचित गरायो। ध्यान दिनुहोस्।

154 अब, एलिया ती व्यक्ति थिए जो इस्रायलको अराजकताको समयमा खडा भएका थिए।

155 अहाब राजा थिए। र सबै स्त्रीहरुले एजिबेलको नक्कल गरेका थिए, र सम्भावत वाटरहेड कपाल काट्ने र सबै कुरा गरेका थिए, शायद आजको स्त्रीले गरेको जस्तै थियो। र सबैजना इजिबेलको पछि लागेका थिए। र पाष्टरहरुले यति त् ठिकै हो सोच्थे, "तिनीहरुलाई एक्लै छोडिदिऔ, तिनीहरुलाई यी कुरा गर्न दिऔ।"

156 र त्यो समयमा, परमेश्वरले एकजना व्यक्ति उजाडस्थानबाट ल्याउनुभयो, जसको नाम एलिया थियो। हामीलाई थाहासम्म छैन उनि कहाँबाट आए। उसको पहिचान गर्नलाई कुनै विद्यालय थिएन। तर उनी खडा भए, र ती सबै कुराहरुलाई निन्दा गरे। उनले साबि ढाँचाको निन्दा गरे।

157 यदि उनी आज हाम्रो दृश्यमा आउथ्यो भने, उनले हाम्रो ढाँचालाई पनि निन्दा गर्ने थिए।

158 उनले सबै इजिबेलको निन्दा गरे। र अन्तमा, उनी नै त्यो स्त्री थिई जसले अगमवक्तालाई तोडिन्। यूहन्नालाई जस्तो बाहिर भगाईदियो; उनी जुनिपरको रुख मूनि बसिरहेका थिए जब इजिबेलले मार्न आउदै थिई। उसले उनलाई घृणा गर्थी।

159 र तब हामीले भेट्टाउछौ कि जब यूहन्ना आए, उजाडस्थानबाट बाहिर आए, उजाडस्थानको प्रेमी थिए, त्यहाबाट आएर आधुनिक स्त्रीहरुको लागि एक सिधा सन्देश लिएर आए जो सम्बन्धविच्छेद गरेर विवाह गरि बस्दैथिए, र फेरी विवाह गर्दै थिए, उनले ती कुराहरुलाई काटेर टुक्रा पारिदिए। उनी कुनै विद्यालयबाट कहिल्यै आएका थिएनन्। उनी परमेश्वरबाट आएका थिए, एक व्यक्ति जो परमेश्वरले पठाएका थिए। र उनले ती आधुनिक स्त्रीहरुको विरुद्धमा कडा निन्दा गरे, र उनले कसैलाई छोडेनन्। तर उनले खुला रूपमा भने कि समय नजिकै छ, मसिह बोल्नेवाला हुनुहुन्छ। त्यस कुरालाई हेर्नुहोस्।

160 अब त्यो एलियाको पहिलो आगमनको समय र आजको यी आधुनिक अगमवक्ताहरुलाई तुलना गर्नुहोस्, तिनीहरुका इजिबेलहरुलाई कपाल काट्न दिएका छन्, छोटो वस्त्र पहिरन दिएका छन्, चुरोट पिउन दिएका छन्, जे पनि तिनीहरु गर्न चाहेका छन् त्यसमा अगुवाई गरिरहेका छन्। केहि नभनेकै राम्रो हुन्छ, स्त्रीले उसलाई छोडिदिन्छ र अर्कोलाई लिएर जान्छ। तिनीहरुलाई मानिसहरुले बनाएका सिद्धान्तहरुमा डोहोर्याई रहेका छन्; त्यो शर्मको कुरा हो, मानिसले बनाएको सिद्धान्त। र, ती कुराहरु गरेर, तिनीहरुले परमेश्वरको आज्ञाहरु प्रभाव रहित बनाएका छन्, किनकि तिनीहरु मण्डलीमा शामिल हुनसक्छन् र अझै इसाईहरु हु भनि ढोंगी बन्छन्, र आफ्नो अधिकारहरु पक्रिन्छन् र तिनीहरु इसाईहरु हुँ भन्छन्, र त्यहि गर्दै जान्छन्। त्यहि नै जे तिनीहरुले चाहन्छन्। त्यहि तिनीहरुले त्यस समयमा पनि गरेका थिए।

161 तर, याद गर्नुहोस्, यो यस्तो समय हो, जसरि परमेश्वरले मलाकि ४ मा प्रतिज्ञा गर्नुभएको थियो, त्यो वचन उहाले फेरी पुरा गर्नुहुनेछ। यो ठिक हो। हेर्नुहोस् हामी आज कहाँ छौ, ठिक जस्तो युहन्नाको समय भएको थियो, ठिक पहिलेको समयहरुमा भएको थियो त्यस्तै नै छ।

162 यो सानो बुढो आमोस खडा भएको हेर्नुहोस्, एक सानो बुढो व्यक्ति। हामी जान्दैनौ उनी कहा बाट आए। उनी एक गोठाला थिए। परमेश्वरले उनलाई भेडा चराउन र गाई चराउन बाहिर लादै हुनुहुन्थ्यो, र उनलाई प्रशिक्षण दिदै हुनुहुन्थ्यो। र जब उनी सामरियामा आए, र जब उनी त्यो पर्वतमा आए, खडा भए, र त्यहाँ तल हेरे। र त्यो सूर्य उनको शिरको तालुमा चम्कदै थियो, र उनको सेतो जुँगा दार्ही, र उनको आँखाहरु एकैतर्फ हेर्दै थियो र चम्कदै थियो। उनको भक्तिपूर्ण आँखा झिम्कीए, यसकारणले होइन कि भित्र आएर पर्यटकले हेर्ने दृश्य देखेर, किनकि पुरै शहर पापमा दिईएको कारणले थियो।

163 यो सानो अपरिचित व्यक्ति को हो? हो, उनी आमोस थिए, अगमवक्ता थिए। उनले दोस्रो यरोबाम जो वचन त्यागेका थिए, आफ्नो मानिसहरुलाई जे पनि गर्न दिन्थे, उनको

समयमा अगमवाणी बोलेका थिए। पुजाहारी सबै त्यसमा शामिल थिए। तिनीहरुले साबैभंदा राम्रो चर्चहरु बनाएका थिए। तिनीहरुसंग राम्रा लुगाहरु थिए। तिनीहरुका स्त्रीहरु अनैतिक थिए। तिनीहरुले आफुले चाहेको जस्तो लुगा लगाउथे। पर्यटकहरु सबै ठाउबाट त्यहाँका सुन्दर स्त्रीहरुलाई हेर्न र तिनीहरुको व्यवहार हेर्न आएका थिए।

164 फेरी एउटा अर्को आधुनिक संग्युक्त राज्य अमेरिका, जो परमेश्वरको मानिस हुनपर्ने थियो। कसैले पनि त्यो विषयमा कहिल्यै पनि केहि भनेनन्। त्यो मानिसको एउटा चंगुल जस्तो देखिन्थ्यो।

165 आज, अहिले अठार वर्षकी छिन्! मेरो रेबिका आज अठार वर्ष कि छिन्। अठार वर्ष, मैले यस राष्ट्रलाई यी कुराको निम्ति निन्दा गरेर पार गरे। र जब म फर्केर आउछु, एक वर्ष पछि अर्को वर्षमा, मैले भन्न शुरु गरेको सामयमा भन्दा त्यहाँ झन् बढी कपाल काटेको स्त्रीहरु हुन्छन्।

166 एक महान्, पेन्टिकोष्टल प्रचारकले मलाई एउटा कोठामा लाग्नुभयो लगभग एज वर्ष अगाडिको कुरा हो, राम्रो, सबैमा परिचित, संसारभर प्रख्यात व्यक्ति हुनुहुन्थ्यो। उहाले मलाई भन्नुभयो…"भाई ब्रन्हाम, मेरो हात तपाईमाथि राख्न दिनुहोस् र म तपाइको निम्ति प्रार्थना गरिदिनेछु।"

मैले भने, "म बिमार छुइन त।"

167 उहाले भन्नुभयो, "तर त्यहाँ केहि खराबी छ।" उहाले भन्नुभयो, "भाई ब्रन्हाम, तपाईले आफ्नो सेवकाई नाश गर्नुहुनेछ। कोहि पनि तपाईसंग सहकार्य गर्नेछैनन्। यो कुरामा कुनै आश्चर्य छैन कि तपाईसंग कोहि प्रचारक सहकार्य गर्नेछैनन्; जुन तरिकाले तपाईले स्त्रीहरुलाई निन्दा गर्नुहुन्छ।" उहाले भन्नुभयो, "ती मानिसहरुले तपाईलाई अगमवक्ता भन्दछन्।"

मैले भने, "म हु भनि मैले कहिल्यै भनेको छुइन।"

168 उहाले भन्नुभयो, "तर तिनीहरुले सोच्दछन् कि तपाई हुनुहुन्छ।" उहाले भन्नुभयो, "मैले पनि त्यहि विश्वास गर्छु।" उहाले भन्नुभयो, "तपाईलाई बिमारीहरुलाई प्रार्थना गर्नको निम्ति बोलाईएको हो।" उहाले भन्नुभयो, "बिमारीलाई प्रार्थना गर्नुहोस्, र ती स्त्रीहरुलाई चाहि एक्लै छोडिदिनुहोस्। तपाईले तिनीहरुको चित्त दुखाउनुहुन्छ।"

मैले सोधे, "कसरी"?

169 उहाले भन्नुभयो, "तिनीहरुले काटेको कपाल र अरु कुराहरुको विषयमा बोलेर।"

मैले भने, "त्यो गलत हो।"

170 बाईबलले भन्छ, "एक स्त्री जसले—जसले कपाल काट्छ, उनको पतिले उनलाई आफुबाट अलग राख्न सम्बन्ध विच्छेद गर्ने सम्म अधिकार पतिको हुन्छ।" वास्तवमै त्यहि हो। "उनले आफ्नो शिरको अनादर गर्छ।" त्यहि नै कुरा हो जुन बाईबलले भन्दछ। अब मलाई थाहा छैन, तपाईलाई यो मन पर्छ या पर्दैन, तर त्यो नै कुरा हो जुन बाईबलले १ कोरिन्थीमा भन्दछ।

171 [टेपमा खालि स्थान—सम्पा]...शरीर कस्सिएर टाँसिएको वस्त्र तबसम्म लगाउछन् जबसम्म छाला बाहिर निस्कदैन। र तिनीहरु—तिनीहरु वरपर आउछन्, भन्छन्, “किन, महोदय ब्रन्हाम, तिनीहरु त्यसै प्रकारका लुगाहरु बेच्छन्।”

172 अझै पनि तिनीहरुसंग ती चिजहरु छन् र सिलाई मेसिनहरु छन्। त्यहाँ कुनै बहाना छैन। एमिश र डंकार्ड स्त्रीहरु अझै ती लगाउछन्। पक्का हो। [सभा ताली बजाउछन्—सम्पा]

र के हुन्छ? उनीहरु त्यहाँ बाहिर जान्छन र त्यस्तो काम गर्छन्।

173 एक स्त्रीले भनिन्, “ठिक छ, श्रीमान् ब्रन्हाम, म छोटो वस्त्र लगाउदिन। म लगाउछु...” त्यो के हो, पेडल पु...[एउटा भाइले भन्छ, “पेडल पुसर।”—सम्पा] हो। भनिन्, “मैले त्यो लगाउछु।”

174 मैले भने, “त्यो त अझै नराम्रो कुरा हो।” मैले भने, “बाईबलले भन्छ, ‘स्त्रीले पुरुषको कपडा लगाउनु घृणित कुरा हो।’” र संग्युक्त राज्यमा अहिले कति घृणित देखिने प्रकारका दृश्य छन्! बुझ्नुभयो? त्यो सहि हो।

175 मलाई केहि भन्न दिनुहोस्, दिदिवहिनी। तपाई लिली फुल जत्तिकै चोखो हुनुहुन्छ होला, तपाईको श्रीमानको लागि या केटा साथिको लागि, तर न्यायको दिनमा तपाईले व्यविचार गरेकोमा उत्तर दिनुपर्ने हुन्छ। येशुले भन्नुभयो, “जोकोहिले एक स्त्रीमा कुदृष्टि लगाउछ, त्यसले आफ्नो हृदयमा पहिले नै व्यविचार गरेको हुन्छ।” यदि त्यो पापीले तपाईलाई हेर्यो भने तपाईले न्यायको दिनमा उत्तर दिनुपर्ने हुन्छ। तपाईले आफैले ऊ संग आफुलाई प्रस्तूत गर्नुभयो। आफुलाई ठिक राख्नुहोस्।

176 किन भक्तिपूर्ण स्त्रीले त्यस्तो लुगा लगाउने चाहाना गर्ला र? तब फेरी तपाईमा पवित्र आत्मा छ भनि तपाई दावी गर्नुहुन्छ किनभने तपाई अन्य भाषाहरुमा बोल्नुभयो र भुइँमा माथि तल उफ्रानुभयो? त्यो मैले त्यस्तो अविश्वासीले पनि गरेको देखेको छु, होटेंनटस जातिले पनि गरेको देखेको छु। पवित्र आत्मा त शुद्ध, पवित्र, र चोखो छ। निश्चय नै हो।

177 यो मान्छेले भन्यो, “यदि तपाई...तिनीहरुले तपाई अगमवक्ता हुनुहुन्छ भनि विश्वासी गर्छन्। किन तपाई तिनीहरुलाई महान् आत्मिक वरदान पाउने र परमेश्वरको लागि काम कसरी गर्ने भन्ने शिक्षाहरु दिनुहुन्न? तपाई तिनीहरुलाई यो किन सिकाउनुहुन्छ यदि तपाई अगमवक्ता हो भने?”

178 मैले भने, “कसरी म तिनिहरुललाई विजगणित सिकाउन सक्छु जब कि तिनीहरुले आफ्नो ए.बि.सी. नै सिकेका छैनन् भने?” तपाईलाई थाहा छ *ए.बि.सी* को अर्थ के हो? “सधै ख्रीष्टमा विश्वास गर।” कसरी तपाई गर्न जानुहुनेछ? बुझ्नुभयो, तपाई *यहाँ* तल शुरुबाट आउनुको साट्टो *त्यहा* माथि जान चाहनुहुन्छ।

179 परमेश्वरले आफ्नो मण्डली येशू ख्रीष्टको जग माथि बसाल्नुहुनेछ, र त्यो बाईबल हो। त्यसभन्दा बाहिर, अरु सबै कुरा तैरिने वालुवाको जमिन हो। परमेश्वर बदलिनुहुन्न। उहाको स्वभाव बदलिदैन।

180 उहाले स्त्रीलाई पुरुषलाई भन्दा भिन्न बनाउनुभयो, र पुरुषलाई स्त्रीभन्दा भिन्न। यहाले तिनीहरुलाई भिन्न वस्त्र लगाइदिनुभयो, र तिनीहरु त्यहि तरिकामा बसेको चाहनुहुन्छ। बुझ्नुभयो? स्त्री पुरुष जस्तो देखिन चाहन्छन्, र पुरुष स्त्री जस्तो देखिन चाहन्छन्। ओ मेरो प्रभु! यति धेरै दुष्टता! यो...र सबै कुरा यस प्रकार देखिन्छ कि यी कुराहरुले मान्छे माथि आफ्नो प्रकट बनाएको छ, र तपाई त्यसलाई बद्लाउन सक्नुहुन्न। यो एक ठुलो राक्षस जस्तो देखिन्छ, एक ठुलो अन्धकार; यदि मैले आत्मामा कुन विषयमा बोलिरहेको छु बुझ्नुहुन्छ भने। एउटा राक्षसले तिनीहरुलाई जकडेको छ, र तिनीहरु—तिनीहरु मात्र त्यहाँ बाट टाढा निस्किन सक्दैनन्; अति धेरै हलिवूड, अति धेरै टेलिभिजन, अति धेरै अरु वकवास कुराहरु। सबै कुरा जुन हामीले पायौ ती दुषित छन्। केहि आश्चर्य छैन "यदि कार्यलाई चुनिएकोहरुको खातिर विचमा घटाइएन भने त्यहाँ कुनै पनि देह बाच्नेछैनन्।"

181 तपाई भन्नुहुन्छ, "मैले त्यो कुरा कहिल्यै जानेको थिईन।" ठिक छ, अब तपाईले थाहा पाउनुभयो, अब उप्रान्त। बुज्नुभयो? त्यो...मैले रोक्नुमा नै राम्रो होला। हामी पछाडि फर्कीऔ। ध्यान दिनुहोस्।

182 यूहन्ना एक चिन्ह थियो। र त्यो याद राख्नुहोस्, जुन तरिकामा परमेश्वरले पहिलो पटक गर्नुभयो त्यहि तरिकामा फेरी पनि उहाले गर्नुहुनेछ। उहाले त्यो प्रतिज्ञा गर्नुभयो। अब, परमेश्वरले त्यस कार्यको लागि कहिल्यै पनि कुनै पनि समय मानिसको सम्प्रदायलाई प्रयोग गर्नुभएन।

183 याद गर्नुहोस्, त्यहाँ एक समय एउटा सम्प्रदाय थियो, त्यो, एक महान् मानिसह जसको नाम अहाब थियो, उनले...उनले आफ्नो लागि चार सय इस्रायली अगमवक्ताहरु लिए। अब, तिनीहरुल मुर्तिपपूजक अगमवक्ताहरु थिएनन्। तिनीहरु चार सय इस्रायली अगमवक्ताहरु थिए। तिनीहरु सबैको डिग्रीहरु र सबैकुरा थिए, तिनीहरुको एक ठुलो शिक्षालय थियो।

184 त्यहाँ एकजना भक्तिपूर्ण व्यक्ति थिए जस्कोक नाम यहोसोपात थियो, जो यहुदाका राजा थिए, उनि त्यहा आए। त्यो यस्तो ठाउ थियो जहाँ विश्वासी अविश्वासीहरु संग मिश्रित हुन आए। सबै कुरा गलत हुनथाल्यो।

185 र उनले भने, "रामोथ–गिलाद..." अब यो ध्यानसंग हेर्नुहोस्, यो करी सत्य हुन सक्दछ। उनले भने, "त्यो माथिको रामोथ–गिलाद हाम्रो हो। त्यो माथिको भाग हाम्रो देशको हो, त्यो हाम्रो हो।" यहोशुले जमिन विभाजन गर्दा, त्यो इस्रायललाई दिईएको हो। र पलिश्तीहरु, मुर्तिपूजकहरु, उनीहरु आए र ती सबै लिए। उनले भने, "त्यो हाम्रो हो।"

186 अब हेर्नुहोस् कसरी मानिस सहि त हुन्छन् र पनि चुक्छन्। त्यो वास्तवमै इस्रायलको हो। तर सबै परमेश्वरको प्रतिज्ञाहरु, भाई, शर्तमा हुदछ, बुझ्नुभयो, "यदि तिनीहरु परमेश्वरको समक्ष हिड्दछन् भने।"

187 अब यहाँ हेर्नुहोस्, उनले भने, "के तपाई मसंग गएर, र त्यो जमिन फिर्ता लिन मद्दत गर्नुहुन्छ? ठिक छ, त्यहाँ, ती पलिश्तीहरुको वच्चाहरुले आफ्नो पेट त्यो गहुँ खाएर

भरिरहेका छन् जुन इस्रायाल्को हो।" त्यो धर्मशास्त्र अनुसार ठिक हो। उनले भने, "त्यहाँ गएर त्यो पाउन मलाई मद्दत गर्नुहोस्।"

188 भन्यो, "ठिक छ, मेरो..." त्यहाँ उनले हतारमा गल्ती गर्यो। "मेरो रथहरु तपाईको हो, मेरा मानिसहरु त्यहि हुन् जो तपाईको हो। म तपाईसंग जानेछु।"

189 र त्यसपछि यहोशोपातले सोच्न थाले, तपाईलाई थाहा छ, "भन्यो, के हामी त्यहाँ जान अघि के यस विषयमा प्रभुलाई सोध्नु पर्दैन?"

190 "ओ, पक्कै पनि।" अहाबले भन्यो, "निश्चयनै। मलाई माफ गर्नुहोस्। मैले यो विषयमा सोच्न पर्ने थियो।"

"के यहाँ कतै अगमवक्ता छैन?"

191 "ओ, निश्चय नै छ। मसंग—म संग एक—एक सेमिनारी उनीहरुले भरेका छन्, उनीहरु यति राम्रो छन् कि यस्तो तपाईले कहिल्यै देख्नुभएको छैन। तिनीहरु सबैले राम्रो लुगाहरु लगाउछन्। तिनीहरु अति नै उच्चरूपले शिक्षित छन्। तिनीहरुलाई मैले राम्रोसंग शिक्षा दिलाईदिएको छ। हामी जाऔ र तिनीहरुलाई लिएर आऔ।"

192 त्यसैले तिनीहरुले त्यहाँ गए। र तिनीहरु सबै संगै भए। तिनीहरु पाखण्डी थिएनन्। तिनीहरुले प्रार्थना गरे, अझै प्रार्थना गरे, अझै प्रार्थना गरे, जबसम्म तिनीहरुले एक दर्शन देखे।

193 तब तिनीहरु माथि आए। र ती मध्ये एकले फलामको दुइवटा सिङ्ग बनाए। उसले भन्यो, "यसद्वारा तपाईले पलिश्तीहरुलाई मार्नुहुनेछ, या अशिरियाको देशको ठिक बाहिर मारेर निकाल्नुहुनेछ।" उनले भने, "परमप्रभु यसो भन्नुहुन्छ। माथि जानुहोस्, प्रभु तपाईसंग हुनुहुन्छ।" ती प्रत्येक एकै मनको भई, आत्मामा भए। इस्रायलको अगमवक्ताहरुले भने, "माथि जानुहोस्, परमप्रभु तपाईसंग हुनुहुन्छ।" तिनीहरु मध्ये हरेक, एक चित्तको भई फेरी आत्मामा आए। इस्रायली अगमवक्ताहरुले भने, "माथि जानुहोस्, परमप्रभु तपाईसंग हुनुहुन्छ।" (तपाई भन्नुहुन्छ, "के त्यो धर्मशास्त्र अनुसार छ?") "परमेश्वरले यो सम्पति मानिसहरुलाई दिनुभयो, र त्यो शत्रुसंग छ। तपाईसंग त्यो गएर लिने अधिकार छ।"

अब, पेन्टिकोष्ट, तपाईहरुले यहाँबाट एउटा पाठ लिएको म चाहन्छु।

194 तर, यहोशोपात, भक्तिपूर्णव्यक्ति भएकोले, उनले भने, "अझै पनि यहाँ केहि गलत छ।" भन्यो, "के तपाईसंग अझै एउटा छैन?"

195 "चार सयवटा राम्रोसंग प्रशिक्षित अगमवक्ता यहाँ उभिरहदा पनि, अझै एउटा?" जो जति बाकि छ यहाँ त्यो भुइमा खडा छन्। "एकै मतमा खडा भएर भन्दैछन्, 'परमप्रभु यसो भन्नुहुन्छ।' वापस फर्केर भन्छ, 'यहोशुले त्यो जमिन हामीलाई दिएको थियो। त्यो हाम्रो हो। जाऊ र त्यसलाई लिउ।'"

196 तर यहोशोपातले अझै एउटा अर्कोलाई खोजे। भन्यो, "के त्यहाँ अर्को कोहि छैन जसबाट हामी परमेश्वरलाई सोध्न सक्छौ?"

197 उनले भन्यो, “ओ, त्यहाँ अभै एउटा छ, तर,” भन्यो, “म त्यसलाई घृणा गर्छु।” अ–ह। भन्यो, “उनी मिका हुन्, इम्लाको पुत्र।” भन्यो, “म उसलाई घृणा गर्छु। त्यसले सधै मेरो विरुद्धमा खराब मात्रै बोल्छ।”

भन्यो, “राजालाई त्यस्तो भन्न नदेऊ। जाऊ र उनलाई लिएर आऊ।”

198 तब तिनीहरुले केहि सन्देशवाहकलाई त्यहाँ पठाए। र ती मध्ये कतिले भने, “अब, मिका म तिमीलाई केहि भन्न चाहन्छु। अब, तिमी जान्दछौ धेरै दिन भएको छैन कि तिनीहरुले तिमीलाई संगतिको सहभागिताबाट बाहिर गरिदिएका छन्, किनभने तिमीले सधै मानिसको विषयमा खराब बोल्छौ। यदि तिमीलाई तिम्रो संगति कार्ड फिर्ता चाहन्छौ भने, तिमी त्यहि कुरा भन जे तिनीहरुले भन्छन्, र, तिनीहरुले तिमीहरुलाई अंगाल्ने छन्।”

199 तर यस्तो भयो कि उनी वास्तवमै अगमवक्ता थिए। उनले भने, “जसै प्रभु परमेश्वर जीवित हुनुहुन्छ, म मात्र त्यो भन्नेछु जुन परमेश्वरले मेरो मुखमा हालिदिनेछ।” ओ, परमेश्वरले यस मानिसलाई आशिष दिऊन्। उसले भन्यो, “आज रातीसम्म प्रतिक्षा गर्नुहोस्, र म हेर्नेछु प्रभुले मलाई के भन्नुहुनेछ।”

200 अर्को बिहानी उनले भने, “माथि त जाऊ, तर मैले इस्रायल गोठालो बिनाको भेंडाभैँ गरि तितरवितर भएको देखे।” तब उनले आफ्नो दर्शन लिए र एलियाले के भनेका थिए त्यससंग तुलना गरे, जे अहाबसंग भएको थियो। उनले कसरी आशिष दिनसक्छ जुन कुरा श्रापित भएको छ? यसले केहि फरक पार्दैन कि कति...

201 हामी भक्तिपूर्ण राष्ट्र हौ। पेन्टिकोष्टल चर्च, ब्याप्टिष्ट, र मेथोडिष्ट, र आदि, ती इसाई चर्च हो, तर कसरी तिमीले आशिष दिनसक्छौ जुन परमेश्वरले श्राप दिनुभएको छ? “मलाई वास्ता छैन,” तपाई भन्नुहुन्छ, “म—म *यसमा* शामिल भए। मैले *यो* गरे।” त्यसको यो संग कुनै सरोकार छैन। हेर्नुहोस् तपाईले के गर्नुभयो। पेन्टिकोष्टललाई हेर्नुहोस्, कसरी तिनीहरुले कुनै कुरामा रोक लगाएका छैनन्। हेर्नुहोस् तपाई के हुनुहुन्थ्यो, र हेर्नुहोस् अहिले तपाई के हुनुहुन्छ। कुनै आश्चर्य छैन, आँखाहरु, आँखाहरु अन्धो पारिएका छन्।

202 तब उनि, अहाब,...यो पुजारीले उनको गालामा भापड लगाइदिए। र भन्यो, “यसलाई त्यहाँ राख्” र अहाबले भन्यो, “यसलाई भित्रि जेलमा लगेर राखिदे, जब म शान्तिमा फर्केर आउछु, म यसलाई ठिक पार्छु।”

203 उनले भने, “यदि तपाई फर्केर आउनुभयो भने परमेश्वर मसंग बोल्नुभएको होइन।” बुभ्नुभयो? त्यहाँ एउटा अगमवक्ता थियो, त्यहाँ एक चिन्ह थियो; त्यहा उहाको आवाज थियो। र, त्यसलाई पालन गर्न असफल हुनुले, त्यहाँ न्याय ल्यायो।

204 पवित्र आत्मा आज हाम्रो निम्ति अगमवक्ता हुनुहुन्छ। उहाको आवाज सुन्न असफल भयो? पहिचान वचनमा हुन्छ, कि उहा यी कुराहरु गर्नुहुन्छ। येशु ख्रीष्ट, पवित्र आत्माको रूपमा हुनुहुन्छ।

205 परमेश्वरले यो एउटा व्यक्तिसंग व्यवहार गर्नुभयो। यो, परमेश्वर कहिल्यै पनि समुहसंग व्यवहार गर्नुहुन्न; मात्र एक मानिससंग गर्नुहुन्छ। एलिया समूह थिएन। यूहन्ना समूह थिएन।

तिनीहरु कोहि पनि समूह वा संगठित संस्था थिएनन्, एक जना पनि थिएनन्। तर दुबैले त्यस्ता कुराको निन्दा गरे। त्यो साँचो हो। यूहन्नाले भने, “अब्राहम नै हाम्रा पिता हुनुहुन्छ भने आपसमा भन्ने नगर। परमेश्वरले यी ढुङ्गाहरुबाट अब्राहामको सन्तान उत्पन्न गर्न सक्नुहुन्छ।”

206 र अन्तिम–समयको चिन्हको अन्तिम अवाज हुनेछ। र अन्तिम चिन्ह चाहि त्यो अनुसार हुनेछ जुन बाईबलमा अगमवाणी गरिएको छ। र अन्तिम–समय आवाज, जुनले चिन्हलाई पछ्याउछ, त्यो वचनमा साचो पहिचान गरिएको हुनेछ, त्यो वचन हुनेछ जुन प्रतिज्ञा गरिएको छ।

207 अब हामी लुका १७ मा हेरेका छौ, अन्तिम चिन्ह के हुनेछ भनेर, सोदोममा भएको जस्तै नै हुनेछ यो एक प्रतिज्ञा हो। र हामी संग सोदोम भौतिक रूपमा छ, किन हामी चिन्ह आत्मामा विश्वास गर्न सक्दैनौ? यदि तपाईले वचनमा हेर्न सक्नुहुन्छ, र, लुका १७ नै चिन्ह हो, मलाकि ४ चाहि आवाज हो। यो चिन्ह परमेश्वर देहमा प्रकट हुनुभए जस्तै हो, हृदयको गुप्त कुराहरु थाहा पाउने; र मलाकिको आवाजले मानिसहरुलाई तिनीहरुको सिद्धान्तबाट फर्काउदै थियो, ती पिताहरुको विश्वासमा फर्काउदै थियो। त्यो नै चिन्ह हो।

208 तपाईलाई थाहा छ? म बन्द गर्दैछु अब। चिन्हहरु सामान्यत: ग्रहण गरिदिन्छ, निश्चय नै; तर, आवाजचाहि, अँह, गर्दैनन्। त्यो आवाज जुनले चिन्हलाई पछ्याउदछ, त्यस अवाजसंग तिनीहरु केहि गर्न चाहदैनन्। हो।

209 येशुको चिन्ह, मसिहको रूपमा, बिमारीलाई निको पार्ने थियो, तिनीहरुले त्यो ग्रहण गरे। तर एक दिन उहाले भन्नुभयो, “पिता र म एकै हौ।”

210 ओ, त्यो आवाज ग्रहण गरिएन। तिनिहरुले भने, “तिमीले आफैलाई परमेश्वर बनायौ, परमेश्वरको बराबरी बनायौ।”

उहाले भन्नुभयो, “म परमेश्वरको पुत्र हुँ।”

211 “ओ, कसरी परमेश्वर पुत्र हुनसक्छ? बुझ्नुभयो, परमेश्वरको एउटा पुत्र हुनसक्नु त टाढाको कुरा हो!”

212 तर, तपाई हेर्नुहोस्, तिनीहरुले चिन्ह चाहि विश्वास गरे, बिमारी निको पारिए, र, ओ, त्यो अदभूत थियो, त्यो मात्र सुन्दर थियो। तर जब आवाजको पालो आयो, तिनीहरुले आवाजलाई विश्वास गर्न चाहेनन्। तिनीहरुले के गरे? तिनीहरुले उहालाई बाहिर निकालिदिए।

213 र तपाईलाई थाहा छ? बाईबलले हामीलाई भन्छ, प्रकाशको तेस्रो अध्यायमा, यो लाउडिकिया मण्डलीको युगमा, तिनीहरुले यहि कुरा गर्दछन्। उहा एक हुनुहुन्थ्यो जो मण्डलीबाट बाहिर हुनुहुन्थ्यो। त्यो वचन पनि वचनको प्रकटीकरण हुनुहुन्छ।

214 यदि तपाई सोदोमको चिन्ह विश्वास गर्नसक्नुहुन्छ भने, लुकाको, यदि तपाईले त्यो विश्वास गर्नसक्नुहुन्छ भने, त्यसोभए मलाकि ४ को आवाज किन स्वीकार नगर्ने?

बुझ्नुभयो, किन तपाई गर्नुहुन्न, तपाई? यो प्रमाणित गर्न सकिन्छ। मात्र प्रमाणित गर्नसक्ने तरिका...चिन्ह साबित गर्नसकिन्छ, तर तपाईले आवाज स्वीकार गर्नुपर्दछ।

215 मोसालाई भौतिकरुपमा तल गएर, र आत्मिक चिन्ह लिई र मानिसहरुलाई पिताहरुको प्रतिज्ञामा बोलाई फर्काउन आज्ञा गरियो।

216 मलाकि ४ ले मानिसलाई, "पिताहरुको विश्वासमा फ़र्किआउन" लगाउछ। ओ, अन्धा र तितर—वितर भएकाहरु हो, तिमीहरुको आफ्नोमा फ़र्कि आओ।

217 बन्द गर्दै म यो भन्छु, यो अन्तिम टिप्पणी हो। अगमवक्ताले भनेका थिए, "साँझको समयमा उज्यालो हुनेछ।" हेर्नुहोस्, उनले भने "त्यहाँ यस्तो दिन हुनेछ जसमा न त दिन न त रात हुनेछ।" अब सुन्नुहोस्। म बन्द गर्दैछु। "त्यहा एक दिन यस्तो दिन हुनेछ... ।" यस कुराको गहिराईमा बस्न दिनुहोस्, र हुनसकोस् कि यस कुरालाई परमेश्वर यस सभागृहमा उपस्थित समुदायको हरेक हृदय भित्र आज राति गहिराईमा राखिएको होस्। अगमवक्ताले भन्नुभयो, "त्यहा यस्तो दिन हुनेछ जुन न त दिन न त रात भनिनेछ, एक तरिकाको उदास, वर्षा, अस्पष्ट दिन हुनेछ।" तर भनिएको छ, "साँझको समय त्यहाँ उज्यालो हुनेछ।"

218 अब, याद गर्नुहोस्, सुर्य जहिल्यै पनि पूर्ववाट आउदछ र पश्चिममा जान्छ। सभ्यताले सूर्यलाई पछ्याएको छ। तपाई त्यसलाई जान्नुहुन्छ। र, ध्यान दिनुहोस्, त्यहि सूर्य जुन पूर्वमा उदाउछ, त्यहि सूर्य पश्चिममा अस्ताउछ। अब, सभ्यता वास्तवमै सूर्यसंगै यात्रा गरेको छ, अहिलेसम्म पूर्व र पश्चिमको भेट भएको छ। हामी पश्चिमी तटमा छौ; पूर्व र पश्चिम।

219 र, याद गर्नुहोस्, सुसंदेश पनि त्यहि प्रकारमा यात्रा गरेको छ। उहा पूर्वमा आउनुभयो, जुन येशू ख्रीष्टको आगमन थियो, जो कि पुत्र हुनुहुन्थ्यो (son), सूर्य (sun) होइन, पुत्र (son) परमेश्वरको पुत्र, पूर्वमा उदय भयो; पूर्वी मानिसहरुमा आउनुभयो।

220 र अब एउटा यस्तो दिन थियो जसमा मानिसहरु मण्डलीमा शामिल भए, डिनोमिनेसन बनाए, यो देख्नको लागि तिनीहरुमा पर्याप्त उज्यालो थियो, "ठिक छ, हाम्रो निम्ति चर्च हुनुपर्नेछ। हामी *यो* बनाउछौ। हामी विद्यालय बनाउछौ। हामी अस्पताल बनाउनेछौ। हामी शिक्षित हुनेछौ। हाम्रो सेमिनारी हुन्छ।" यो गर्नको निम्ति तिनीहरुमा प्रशस्त ज्योति थियो।

221 तर, याद गर्नुहोस्, बाईबलले भन्छ, प्रभुको अगमवक्ताले बाईबलमा भनेको छ, जुन परमप्रभु यसो भन्नुहुन्छ, "त्यहि सूर्य जुन पूर्वमा चम्केको थियो, पश्चिममा फेरी चम्कनेछ, साँझको बेलामा हुनेछ। त्यो साँझको बेलामा उज्यालो हुनेछ।"

222 उहा के गर्नुहुनेछ? यो ठिक त्यस्तै नै हुनेछ जस्तो उहाले लुका १७ अध्यायमा भन्नुभएको छ। "अन्तिम समयमा, मानिसको पुत्र उहि तरिकामा प्रकट हुनेछ जस्तो उहा पुरमा हुनुहुन्थ्यो, उहि पुत्र चम्कदै हुनुहुन्छ, उहि शक्तिमा उहि पवित्र आत्मा, त्यहि काम गर्दैहुनुहुन्छ। त्यो साँझको बेलामा उज्यालो हुनेछ।"

223 त्यहि सूर्य जसले यात्रा गरेको थियो; त्यहि पुत्र यात्रा गर्दैहुनुहुन्छ; पूर्वबाट भएर आउनुभयो, पावल देखि; फाल हानेर जर्मनीमा मार्टिन लूथर गयो; फेरी फाल हानेर

आफ्नो अर्को खिचावमा जानुभयो; र त्यहाबाट जोन वेस्लीसम्म इंगल्याण्ड जानुभयो; एटलान्टिक महासागर पार गरेर संयुक्त राष्ट्रमा पेन्टिकोष्टलहरुमा पुग्यो, र पेन्टिकोष्टले आफुलाई घटायो, र हामी तटमा छौ।

224 ती सबै संगठित भए, जस्तो तिनीहरु शुरुवातमा थिए, ती संस्था बनाए जुन परमेश्वरले श्राप दिनुभयो। पेन्टिकोष्ट, र सबैले त्यहि गरे।

225 तर उहाले भन्नुभयो, "त्यो सभाको समयको उज्यालो हुनेछ। त्यहाँ साँझमा एक चिन्ह उठ्नेछ।" त्यसलाई नछुटाउनोस्, मित्रहरु। नछुटाउनुहोस्। अब उही पुत्रले उही ज्योति दिनेछ। त्यहि (sun) सूर्यले त्यहि उज्यालो दिँदछ। त्यहि (son) पुत्रले त्यहि त्यहि उज्यालो दिँदछ।

226 अब त्यो मेरो भनाई होइन। यहा भएका सबै जनालाई थाहा छ कि बाईबलले यहि भन्छ, तपाईले हात उचालिदिनुहोस्। [सभाले भन्छन्, "आमेन"—सम्पा] त्यो वास्तवमै साँचो हो।

227 अब, तपाई सक्नुहुन्छ, त्यो तपाईमा भर पर्छ। त्यो परमेश्वरको पुत्रलाई विश्वास गर्नुहोस् जो येशू ख्रीष्ट हुनुहुन्छ, उहा मृत हुनुहुन्न। उहा जीवित हुनुहुन्छ। उहा विनम्रता हुनुहुन्छ, नम्र हुनुहुन्छ। उहा सधै त्यसरी बस्नुहुन्छ। माथि जाने बाटो तलबाट हो। आफुले आफैलाई नम्र बनाउनुहोस्, आफ्नो रुखो विचारबाट टाढा हुनुहोस्, र प्रभु येशुमा विश्वास गर्नुहोस्। चिन्हलाई हेर्नुहोस्, त्यसपछि आवजलाई विश्वास गर्नुहोस्। ओ तितर—वितर भएकाहरु आफैमा फर्कि आओ!

आउनुहोस् हामी हाम्रो शिरहरु निहुराऔ।

228 "र यदि तिनीहरुले पहिलो चिन्हको आवाज विश्वास गरेनन् भने, जो कि हातमा थियो, त्यो मोसासंग थियो, तब दोस्रो चिन्ह गर। त्यसपछि, यदि तिनीहरुले यो चिन्ह विश्वास गरेनन् भने, तब पानी लिऊ (पानीले जीवन प्रतिनिधित्व गर्छ) जुन सागरमा छ वा समुन्द्रमा छ, र जमिनमा पोखिदेऊ, त्यो रगत बन्नेछ।"

229 स्वर्गीय पिता, अहिले वास्तवमै ढिलो भएको छ, तर तपाईले प्रतिज्ञा गर्नुभयो कि त्यहाँ साँझमा उज्यालो हुनेछ। हाम्रो सुसंदेशको आवाज मानिसहरुको हृदयभित्र गहिराईमा डुब्न सकेको होस्, जसै तिनीहरु यसमा ध्यान मग्न हुन्छन् र वचन अध्ययन गर्दछन्।

230 यस समुदायलाई आशिष दिनुहोस्। यी मानिसहरुलाई आशिष दिनुहोस्। उनीहरुल यहाँ भोकै बसिरहेको देखेका छौ, विचरा बालकहरु जसलाई यहा–वहा फालिएका र दबाईएका छन्, र *यो*, यो जानेर कि शैतानले यो केवल तिनीहरुलाई यी कुराबाट अन्धा गर्नको लागि गर्यो जब यो कुरा त्यहाँ पुग्यो। हुनसकोस् कि, तिनीहरुले यस राती एकै चित्तको साथ, येशू ख्रीष्टलाई विश्वास गर्न सकोस्, उहाको प्रतिज्ञालाई विश्वास गर्नसकोस्, कि उहा मरेकाहरुबाट जीवित उठ्नुभयो।

231 तपाईले भन्नुभयो, "तिनीहरुले नसोचेको समयमा, तब परमेश्वरको पुत्र आउनेछ।"

232 ठिक जब मण्डलीसंग अति धेरै धन हुन्छ, लाखौ डलरको भवन हुन्छ। पिता म विश्वास गर्छु कि यी ठुलो मुर्दाघरमा बसेर संसारको ढाँचामा "भक्तिको भेष लगाउने, र शक्तिलाई

इन्कार गर्ने।" हुनुभन्दा त्यो कुनामा खडा भएर खैजडी बजाउदै, हातमा टोपी लिएर, कुनामा एक पुरानो ड्रमको स्यालभेसन आर्मीको जस्तो हातमा लिएर बस्नुमा उत्तम हुन्छ।

233 आज राति प्रदान गर्नुहोस्, फेरी पनि प्रभु; जसरी सिमसन कराएका थिए, "एक पटक फेरी, एकपटक फेरी।" तपाईनै ख्रीष्ट हुनुहुन्छ भनि थाहा गराउनुहोस्, त्यहि परमेश्वरको पुत्र; जो हिजो, आज र सधैभरी एक समान हुनुहुन्छ। र हाम्रो माझमा आफैलाई पहिचान गराउनुहोस्, ताकी तिनीहरुले चिन्ह देख्न सकून्, हुनसक्छ तिनहरुले आवाज विश्वास गर्न सकोस्। यसमा, म माग्दछु येशू ख्रीष्टको नाममा। आमेन।

234 हामी छिटो प्रार्थनाको लाईनमा जानेछौ। मैले देखेको छु कि वास्तवमा ठिक अहिले हामी विसर्जन गर्नेछौ। तर आउनुहोस् प्रार्थनाको लाईनमा जाऔ, मात्र थोरै प्रार्थनाको लाईन, र हामी भोलि शुरु गर्नेछौ।

235 आज उहाले प्रार्थनाको कार्ड दिनुहुन्छ। अन्ततः हामी कार्डहरु हरेक दिन दिन्छौ, ताकि हरेकलाई आउने मौका मिलोस्, एक अनौठो समयमा। प्रार्थनाको लाईनमा उभिनुले तपाईलाई चंगाई हुनेहोइन। कसैलाई थाहा छ, प्रत्येक सभामा, यहाँ माथि आउने भन्दा बढि त्यहाँ बाहिर चंगाई हुँदछ, बुझ्नुभयो, सधै हुदछ। पवित्र आत्मा सर्वव्यापी हुनुहुन्छ। उहाले मात्र विश्वासीलाई खोज्ने कोशिष, मात्र यहि कुरा, जसमा उहा जान सक्नुहुन्छ।

236 पि प्रार्थना कार्ड दिनुहोस्, जस्तो कि पावल। आउनुहोस्, हामी कहा निर...ठिक छ, एक देखि बोलाउनुहोस्। एक, दुइ, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दस, यदि तपाई चाहनुहुन्छ भने तपाईहरु यहाँ उभिदिनुहोस्। उनीहरुको प्रार्थना कार्डमा पि लेखिएको छ जस्तो कि पावल अक्षरमा हुदछ, एकबाट लिएर दस, यहा यो निर उभिदिनुहोस् यदि तपाई उभिन सक्नुहुन्छ भने। यदि तपाई उभिन सक्नुहुन्न भने, तपाईको सहायता गर्नको लागि हामी कसैलाई ल्याउनेछौ। दससम्म; एक, दुइ, तीन, चार, पाँच, छ, सात, आठ...ठिक छ, अझै दुइटा। आठ, नौ, दस, सब ठिक छ। दस देखि पन्ध्रसम्म, दस देखि पन्द्रसम्म, त्यसमा अझै पाँचवटा। पन्ध्रदेखि बिससम्म, उभिदिनुहोस् ताकि तपाईले पाउदैहुनुहुन्छ भनि मैले देख्न सकू; पि, पन्ध्रदेखि बिस सम्म। बिसदेखि पच्चीससम्म। आउनुहोस् अब हेरौ, जहा कहिँ तपाई हुनुहुन्छ। अब बाँकीको सभा विनयशील भएर मात्र केहि मिनेटको लागि बसिदिनुहोला। त्यो प्रार्थनाको कार्ड पि अक्षर हुनेछ, एकदेखि पच्चीससम्म हुनेछ। होइन र? पच्चीस, एकदेखि पच्चीस सम्म।

237 अब हरेक जान वास्तविक रूपमा आदरयुक्त भई बसिदिनुहोस्। परमेश्वरलाई यति आदर दिनुहोस्, संदेश दिनुहोस्। यसकुराको लागि तपाई परमेश्वरमा ऋणी हुनुहुन्छ, एक मिनेटसम्म हेर्नुहोस् र विचार गर्नुस्।

238 अब मलाई लाग्छ तिनीहरु मानिसहरुलाई तयार राख्दैहुनुहुन्छ। तिनीहरु जसले... यदि तिनीहरुले प्रार्थनाको कार्ड पाएका छन् भने, तिनीहरु सबै लाईनमा हुनुहुन्न, उहाहरुले पत्ता लगाउनुहुनेछ; केहि मिनेटमा उहाहरुले मलाई भन्नुहुनेछ, र त्यसपछि तिनीहरुले... तब फेरी हामी हेर्नेछौ कि यदि कोहि बहिरो हुनुहुन्छ यो कोहि जो सक्नुहुन्न।

239 मित्रहरु, मलाई थाहा छैन कि ती कहानेर छन्, ती प्रार्थना कार्ड कहाँ छन्। यो केटा त्यहाँ तल आउछ...(भाई ब्रन्हाम मन्चमा कसैलाई सोध्नुहुन्छ, उसलाई कसले दिएको थियो, या बिल्ली? बिल्ली?) ठिक छ, ऊ तल आउनेछ, र त्यो कार्ड तपाईहरुको अगाडि मिलाउछ, त्यसपछि उसले तपाईलाई प्रार्थना कार्ड दिनेछ। बुझ्नुभयो? मलाई थाहा छैन उहाहरु कहानिर हुनुहुन्छ। म यो बच्चालाई यहाँ माथि ल्याउने कोशिष गर्दैथिए, बुझ्नुभयो। र अरु, म—मलाई थाहा छैन, यो थाहा गर्ने मसंग कुनै तरिका छैन। मलाई लाग्छ कि परमेश्वरले यहि तरिकामा ठहर्याउनुहुन्छ जुन तरिकामा उहा ठहर्याउन चाहनुहुन्छ।

240 अब, तपाईहरु जो बाँकि हुनुहुन्छ, जो संग प्रार्थनाको कार्ड छैन। आफ्नो हात उठाउनुहोस्, भन्नुहोस्, "म संग प्रार्थनाको कार्ड छैन तर म विमार छु।" तपाई यो भवनमा जहाकहि भए पनि हात उठाउनुहोस्। तपाई कहाँ हुनुहुन्छ त्यो कुरामा म वास्ता राख्दिन, आफ्नो हात उठाउनुहोस्...ठिक छ अब त्यसो भए यहाँ त्यति धेरै मानिसहरु हुनुहुन्न, ठिक छ, यसको अनुसार, भोलि प्रार्थना लाईनको प्रार्थना गर्नमा एकदम धेरै समय लाग्नेछैन। यहानिर लगभग बिस जना छन्, जो विमार हुनुहुन्छ।

241 यो राम्रो छ। यो देखेर म खुसी छु कि तपाईले त्यहि प्रकारले यो स्वीकार गर्नुभयो। जति मैले सोचेको थिए, तपाई संग त्यो भन्दा ज्यादा विश्वास छ, शायद। बुझ्नुभयो? बुझ्नुभयो? यदि तपाईले चंगाई स्वीकार गर्नुभयो, आफ्नो कार्डलाई फालिदिनुभयो भने परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। त्यो वास्तविक विशुद्ध विश्वास हो। कसैले तपाईमाथि हात राखेन; तपाईले ख्रीष्टमाथि हात राख्नुभयो।

242 र तपाई जो यहाँ हुनुहुन्छ यस राती, जो प्रार्थनाको लाईनमा हुनुहुन्न, तपाई यो कथामा विश्वास गर्नुहोस्। त्यहि स्त्री जस्तो जसले उहाको वस्त्रलाई छोएका थिए, र उहाले पछाडि फर्कनुभयो र उनले छोएको भनि थाहा पाउनुभयो, कतिजनाले यो कहानीलाई याद गर्नुभएको छ? पक्का गर्नुभएको छ? पक्का नै तपाईलाई याद छ।

243 अब के तपाई त्यो विश्वास गर्नुहुन्छ, उहा, बाईबलले हिब्रू ४ मा भन्छ, कि, "उहा हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ, हाम्रो दुर्बलतामा हामीसंग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न"? [सभाले भन्छन्, "आमेन"—सम्पा] ठिक छ, यदि उहा हिजो, आज, सधैभरि एकसमान हुनुहुन्छ भने के उहाले उही व्यवहार गर्नुहुन्न र? ["आमेन"] के उहाले गर्नुभएन र, एक रात पछि अर्को रात, यहा? ["आमेन"] कति जना अरु सभामा जानुभएको छ र उहाले गर्नुभएको देख्नुभएको छ? मात्र उठ्नुहोस्। ["आमेन"] निश्चय नै। बुझ्नुभयो? सारा संसार भरि! उहा जान्नुहुन्छ, उहाले तपाईको विषयमा सबै जान्नुहुन्छ।

244 अब हेर्नुहोस् म के गर्न कोशिष गर्दैछु? कति जनाले बुझ्नुहुन्छ कि तपाईले के गरेको म चाहन्छु भनेर? बुझ्नुभयो? म तपाईमा चाहन्छु, कसैले तपाईमाथि कुनै हात नराखी, म चाहन्छु, परमेश्वरको वास्तविक नियमको द्वारा, भन्नुहोस्, "येशू ख्रीष्ट, म तपाईलाई विश्वास गर्छु। अहिले म तपाईलाई चंगाईकर्ताको रूपमा स्वीकार गर्छु। तपाईलाई मेरो मुक्तिदाताको रुपमा स्वीकार गर्छु। मेरो पूर्ण हृदयबाट ती सबै कार्य गरिएको भनि म विश्वास गर्छु।" तब त्यो प्रतिज्ञा पक्रिराख्नुहोस्, तपाईको पाप स्वीकारलाई थामेर त्यसैमा अघि बढ्नुहोस्। के हुन्छ भनि हेर्नुहोस्। बुझ्नुभयो? हेर्नुहोस् के हुन्छ। बुझ्नुभयो? अब यहि नै कुरा हो

जुन मैले तपाईलाई गराउने कोशिष गर्दैछु, त्यहि वास्तविक तरिका जुन रूपमा हामीले विश्वास गर्नुपर्दछ।

245 तपाई के भन्नुहुन्छ? [कसैले भन्छ, "चार र उन्नाईस।"—सम्पा] अंक चार, प्रार्थना कार्ड अंक चार र अंक उन्नाईस, छुट्टीएको छ। प्रार्थना कार्ड चार। कसैमा हेर्नुहोस्; तपाइको छिमेकीको कार्डलाई हेर्नुहोस्। प्रार्थना कार्ड अंक चार र अंक उन्नाईस। सबै ठिक छ, केहि क्षण पर्खनुस्। बुझ्नुभयो, यदि मैले उसलाई बोलाईन भने फेरी मैले प्रतिक्रिया सामना गर्नुपर्ने हुन्छ, बुझ्नुभयो। के भन्नुभयो? के भन्नुभयो? ["चार।"] तपाईले चार पाउनुभयो? अनि उन्नाईसको के भयो...उन्नाईस अझै छैन। के भन्नुभयो? ["चार पनि"] प्रार्थना कार्ड अंक चार अझै पाएको छैन, या कि उन्नाईस । यदि कसैले ती कार्डहरु पाउनुभएको छ भने, यदि तपाई लाईनमा आईदिनुभए। या, हेर्नुहोस्, हुनसक्छ...कहिँ...के त्यो सानो बच्चाले कार्ड पायो? जाँच गर्नुस्...त्यो अंक होइन। के *यो* महिलाले यहाँ कार्ड पाउनुभयो, जो यो व्हिल चेयरमा हुनुहुन्छ? उहाको अंक हेर्नुहोस्। के त्यो—के त्यो उहाको अंक हो? त्यो महिला जो खाटमा हुनुहुन्छ। हँ? उनीहरुले यो पाए। तिनीहरु, यो सबै भित्र छ अब। ठिक छ। राम्रो। अब—अब, तपाईहरु जसले प्रार्थनाको कार्ड पाउनुभयो, त्यो पक्रिनुहोस्। परमेश्वरको अनुग्रहद्वारा हामी सेवा गर्न जाँदैछौ।

246 अब, मित्रहरु, यो अन्तिम रातको समय छ जुन हामीसंग छ, भोलि आईतबार दिउसो हुन्छ, हामी आफैले आफैलाई शान्त राखौ। अब मात्र तपाईको हरेक अविश्वास र अविवेकपूर्ण विचारलाई लिनुहोस्, र त्यसलाई भुइँमा राख्नुहोस्, र तपाईको खुट्टा त्यसमा राख्नुहोस्, जस्तो त्यो थियो। भन्नुहोस्, "प्रभु येशू, म तपाईलाई विश्वास गर्न जाँदैछु।" कतिजनाले त्यो गर्नुहुनेछ? [सभाले भन्छन्, "आमेन"—सम्पा] धन्यवाद। परमेश्वरले तपाईलाई आशिष दिऊन्।

247 अब कोहि पनि छोडेर नजानुहोस्। वास्तवमै दुढ भई बस्नुहोस्, र विश्वास गर्नुहोस्। यो मार्गलाई ध्यान दिनुहोस्, र अब हेर्नुहोस्।

248 परमेश्वरको पहिचान सधै यो हो कि उहा जान्नुहुन्छ, उहाले पहिल्यै देख्नुहुन्छ, र जे भएको छ त्यो भन्नुहुनेछ, त्यो कसरी भयो, या के हुनेछ भन्नुहुनेछ। हामी यो जान्दछौ। त्यहि नै तरिकाले अगवाक्ता चिनिन्थ्यो। त्यहि नै तरिकाले येशू नै मसिह हो भनि जानिन्थ्यो। र उहा त्यहि मसिह हुनुहुन्छ जुन उहा त्यसबेला हुनुहुन्थ्यो, मात्र उहा यस पृथ्वीमा आफ्नो शारीरिक देह बिना उपस्थिति हुनुहुन्छ। उहाले आफ्नो आत्मा तपाईको र मेरो शरीर प्रयोग गर्न फिर्ता पठाउनु भयो। अब, तपाईले यो गर्न नसक्नुहोला। हामी जान्दछौ, धर्मशास्त्रमा, त्यहाँ एक पुस्तामा एउटा हुदछ। तर, हेर्नुहोस्, तर पनि तपाई विश्वास गर्न सक्नुहुन्छ, र तपाईसंग अरु कुराहरु छन् जुन तपाईले गर्न सक्नुहुन्न, सबैले गर्नसक्छन्।

249 के हुन्छ यदि मेरो औलाले यो निर्णय लिन्छ, कि यो मेरो औला औला बन्न चाहदैन किनकि यो मेरो आँखा होइन? के हुन्छ यदि मेरो यो हातले भन्छ, "म माथि उठ्नेवाला छैन, किनकि म आँखा, या कान होइन, त्यसैले म हात बन्न चाहन्न"? यस कुराले त मेरो शरीरलाई अपाङ्ग बनाईदिन्छ।

तपाई त्यो बन्नुहोस् जे प्रभुले तपाईलाई बन्नको लागि राख्नुभएको छ।

250 म कति धेरै समय ओरल रोबर्ट्स, बिल्ली ग्राहाम, टम्मी ओस्बोर्नको कदर गर्छु।

251 कतिपय मानिस त्यहाँ हिड्छन् र भन्छन्, “परमेश्वरको महिमा होस्! यो विश्वास गर्नुहोस्!” त्यहाँबाट बाहिर हिड्दछन्, जतिसम्म त्यहाँबाट स्वच्छ र ताज हुनसक्छन्, त्यो भएर त्यहाँ बाट बाहिर जान्छन्।

252 बिल्ली ग्राहाम एउटा संदेश सहित खडा भए, र केहि मिनेट मानिसहरुमा बोले र भने, “तपाई निर्णय लिनुहोस्; वेदिमा आउनुहोस्।” मात्र त्यहा खडा हुनुहोस्, कहिल्यै त्यहाँबाट अरु कदम नचाल्नुहोस्।

उनले भने, “त्यसैले किन तिमी त्यो गर्छौ, बिल्ली?”

253 भन्छ, “मेरो संदेश अघि गएको छ। त्यो परमेश्वरबाट आएको हो।” त्यो ठिक हो।

254 उनी त्यो सोदोमको मण्डलीमा थियो, ठिक त्यहि प्रकारले जुन हुनुपर्नेथियो। उनको नाम हामबाट अन्त्य हुन्छ जुन अब्राहामबाट हो, छ ओटा अक्षरहरु; अब्राहाम सात थिए। हेर्नुहोस् त्यो मण्डलीको सन्देशवाहक, त्यहाँ बेबिलोनमा? निश्चय नै। देशमा कुनै पनि यस्तो व्यक्ति छैन जसको पकड त्यस पश्चतापको सन्देशमा रहेको होस्, जस्तो कि बिल्लि ग्राहामको छ। उनी त्यहि उभिन्छन्। त्यहाबाट टाढा जान्छन्, र टि–बोन स्टिक खान्छन् र सुत्न जान्छन्, दुध पिउछन्। यो सबै ठिक कुरा हो।

255 र जब तपाईलाई खडा भएर शैतानसंग लड्नुपर्ने हुन्छ! एक पटक लंग विचमा, म र भाई ज्याक...तपाईको बुवा त्यहाँ खडा हुनुहुन्थ्यो।

256 र त्यहाँ मिस्टर फुलर, चार्ल्स फुलर खडा हुनुहुन्थ्यो एक राम्रो भाई हुनुहुन्छ, त्यहाँ खडा भई प्रचार गर्दै हुनुहुन्थ्यो। लगभग दुइ या तीन हजार मानिसहरु दिउसो त्यहाँ थिए। हामी त्यहा बस्यौ र उहाको सभामा सुन्यौ। मैले उहाले लिनुभएको सभालाई भाँडामा लिएको थिए। र उहा त्यहाँ खडा हुनुभयो र राम्रो बोल्नु भयो। र भन्नुभयो, “कोहि यहाँ ख्रीष्टलाई स्वीकार गर्न चाहनुहुन्छ?” दुइ या तीन जना मानिसहरु बच्चा अर्पणको लागि आए। एक स्त्रीले भनि कि उनी उहालाई ग्रहण गर्न चाहन्छिन्। डिकन मध्ये एकजना आए र सानो प्रार्थना गरे र फेरी आफ्नै ठाउमा गएर बसे। हात मिलाए, पछाडि फर्किए र बाहिर हिडेर गए। त्यहाँ नेर उनीहरुको बुद्धिजीवी, राम्रो कपडा लगाएका मानिसहरुको झुण्ड थियो, त्यहाबाट बाहिर जाँदैथिए।

257 यहाँ निर मेरो आए, छोटो ज्याकेटवाला, व्हिल चेयरमा, अन्धा, लंगडो, अपाङ्ग र गूंगा थिए। जब तपाइको विश्वासको सामना यस प्रकारका कुराहरुमा हुन्छन्।

258 अब यहाँ निर, मैले ख्रीष्टको दावी कुन रूपमा गरेको छु? र अब विश्वासीहरू वरपर बसिरहेका छन्, एउटा गल्ती पक्रिन बसिरहेका छन्, मात्र एउटा गल्ती भेट्टाउने कोशिषमा छन्।

259 याद गर्नुहोस्, यहाँ टोरोन्टोमा धेरै समय भएको छैन, म त्यहाँ निर उभिएर प्रचार गर्दै थिए, बिमारीहरुको लागि प्रार्थना गर्दैथिए। मलाई एउटा अनौठो आत्माको महसूस

भैरह्यो; त्यो मेरो बाँया बसेको थियो। मैले हेरिरहे। त्यहनिर एकजना व्यक्ति बसेको थियो, एउटा समुहले उलाई मलाई सम्मोहित (hypnotize) गर्नको लागि भाँडामा लिएका थिए। सैनिकको क्याम्पमा र सम्मोहनद्वारा आफ्नो खुट्टामा पारि कुकुरले जस्तो भुक्ने बनाउदथ्यो र यस्तै अरु कुराहरु गर्दथ्यो। मैले त्यो दुष्ट आत्मालाई महसुस गरे। मलाई थाहा थिएन त्यो कहाँबाट आउदैथियो। मैले हेरिनै रहे। मैले त्यो अँध्यारो छाँया देखे। मैले केहि मिनेटको लागि पर्खे। मैले भने, "त शैतानको सन्तान, किन शैतानले तेरो दिमागलाई त्यस प्रकारको कुरामा अन्धो बनाएकोछ? किनकी त् परमेश्वर माथि जित पाउनको लागि आएको छस्, परमेश्वरको आत्मलाए चुनौती दिएको छस् तिनीहरुले तँलाई यहाबाट उठाएर लानेछ।" त्यो व्यक्तिलाई त्यहि बस्दाबस्दै पक्षघात भयो र अझै सम्म पक्षघातमा छ। बुझ्नुभयो?

260 हामी मण्डलीको खेल खेल्दैनौ। कति जना सभामा पुग्नुभएको छ र त्यस्तै कुराहरु भएको देख्नुभएको छ, तपाईलाई थाहा छ कि त्यस्तो कुरा घट्न आउछ? निश्चय नै। यो सहि हो। याद राख्नुहोस्, आदरयुक्त हुनुहोस्।

अब यहाँ, मलाई लाग्छ, पहिलो व्यक्ति हुनुहुन्छ। के यो सहि हो?

261 अब हेर्नुहोस्, मैले प्रचार गरेको छु, यो दिनमा वास्तवमै के हुनआउनेछ भनि तपाईलाई भनिएको छ। यदि त्यो हुन्छ भने अब त्यो चिन्ह हो। त्यहि नै हो जुन चिन्ह हो, त्यो आवाजलाई विश्वास गर्नुहोस् जसले चिन्हलाई पछ्याउछ। बुझ्नुभयो?

262 अब यहा स्त्री छ। ठिक तपाई नया मानिसहरुलाई, यो सन्त यूहन्ना ४ हो, जहानिर हाम्रो प्रभु येशूको भेट कुवामा एउटा स्त्री संग हुन्छ। जीवनमा उनी कहिल्यै पहिले भेटेका थिएनन्, र उहाले स्त्रीलाई उनको समस्या के हो त्यो भनिदिनुभएको थियो। र उनले उहा नै मसिह हुनुहुन्छ भनि चिनिन्। तपाईलाई थाहा छ त्यो कहानी? यहा फेरी पनि, एक पुरुष र स्त्री भेट्दछन्। अब उनी स्त्री होइनन्, र म पूरुष होइन, तर त्यो अझै पनि उहि परमेश्वर हुनुहुन्छ। बुझ्नुभयो? अब, येशूले भन्नुभयो, "मैले गरेका कामहरु, तिमीले पनि गर्नेछौ," सन्त यूहन्ना १४:१२।

263 अब, महिला, तपाईलाई म चिन्दिन, मलाई थाहा छैन तपाई यहाँ किन खडा हुनुहुन्छ। हुनसक्छ घरको समस्या होला। हुनसक्छ अरु कसैको लागि। हुनसक्छ तपाई बिमार हुनुहुन्छ। शायद यो...हुनसक्छ तपाई त्यहाँ खडा हुनुहुन्छ केहि कुरा राख्नलाई। यदि त्यो हो भने, के भएको छ पत्ता लगाउनुहोस् बुझ्नुभयो? हुनसक्छ तपाई केहि कुरा नक्कल गर्दै हुनुहुन्छ। त्यो जे पनि होला, मलाई...तपाई सच्चा विश्वासी होला। त्यो मलाई थाहा छैन, तर परमेश्वर जान्नुहुन्छ। तर तपाई जन्नुहुनेछ कि उहाले तपाईलाई सत्य बताउनुभयो कि नाइँ, होइन? यदि यो सत्य हो भने, तपाईले थाहा पाउनुहुनेछ।

264 अब, हेर्नुहोस्, यहि नै त्यो कुरा हो जुन तपाईको विश्वासले पाएको छ। तपाई यहाँ कसरी आउन चाहनुहुन्छ? अब यदि कसैले यो गलर हो भनि विश्वास गर्नुहुन्छ, तपाई यहाँ आउनुहोस् र यो बिमारीलाई लिनुहोस्, यहाँ आउनुहोस् र बाँकि रहेकाहरुलाई लिनुहोस्। तब यदि तपाईले गर्नुहुन्न भने, तब फेरी मलाई दोषी नठहर्याउनुहोस्। बुझ्नुभयो?

265 अब, त्यहाँ हेर्नुहोस्, बहिनी, मात्र केहि मिनेट। अब मलाई तपाईको विषयमा केहि पनि थाहा छैन। तपाई केवल एक महिला हुनुहुन्छ जो यहाँ खडा हुनुहुन्छ।

266 अब यदि प्रभु येशू ख्रीष्ट, परमेश्वरको पुत्र, जसलाई मैले बाईबलबाट प्रमाणित गरेको छु, उहाले प्रतिज्ञा गर्नुभयो कि अन्तिम दिनहरुमा उहा आउनुहुनेछ र आफैलाई आफ्नो आत्माको परिपूर्णतामा प्रकट गराउनुहुनेछ...

267 ठिक त्यसै गरि मण्डली माथि आइरहेको छ; जस्तो कि मानिसमा हुँदछ, खुट्टा देखिबात भएर, जांगसम्म आउछ, र शिर शरीरको प्रधान हुन्छ। र शरीर बढेर आयो, ठिक पहिलो मण्डलीबाट ठिक माथि आयो, यसमा, सुधारकाल बाट हुँदै, र अहिलेसम्म माथि आएको छ। यो न्यायकरणबाट भएर, शुद्धिकरण, पवित्रआत्माको बप्तिष्मा सम्म आएको छ। अब यो शिर (ख्रीष्ट) शरीरतिर आउदैछ, जुन ख्रीष्टको शरीर हो। उहानै एक हुनुहुन्छ जो जान्नुहुन्छ। मेरो हातले के गर्ने जान्दैन, मात्र मेरो शिरले जान्दछ। तर उहा एक हुनुहुन्छ जो जान्नुहुन्छ, त्यसै कारण उहा वचन हुनुहुन्छ।

268 म वचन होइन। म मानिस हुँ। तर, तपाई सम्झनुहोस् कि उहा यो शरीरलाई प्रयोग गर्नुहुन्छ किनकी उहा यस शरीरलाई पवित्र पार्नको निम्ति मर्नुभयो, ताकि उहा यसको प्रयोग गर्न सकोस्, र यसलाई एक वरदान दिनासकोस्। जस्तोकि गेरबाट तानेको सरह, तब पवित्र आत्माले नियन्त्रण लिदछ।

269 तब, यदि उहाले व्याख्या गर्नुभयो या तपाईले के गर्नुभएको छ, या तपाई यहाँ के को लागि हुनुहुन्छ, या तपाइको विषयमा केही भनिदिनुभयो भने, तपाईले विश्वास गर्नुहुनेछ। र सभाले पनि त्यहि कुरालाई विश्वास गर्नेछन्? [सभाले भन्छन्, "आमेन"—सम्पा] प्रभु परमेश्वरले तपाईलाई प्रदान गर्नुभएको होस्।

270 अब, यहा भएको प्रत्येक आत्मालाई म आफ्नो नियन्त्रणमा लिदछ, ताकि परमेश्वरको महिमा भएको होस्। अब शान्त बसिदिनुहोस्। वरपर चहलपहल नगरिदिनुहोस्।

271 यहा हेर्नुहोस्, मात्र केहि क्षणको लागि। "मलाई हेर्नुहोस्" जसरी पत्रुस र यूहन्नाले भनेका थिए, जब ती ढोकाबाट भएर गएका थिए। अर्को शब्दमा भन्दा, मात्र मैले भनेका कुराहरुमा ध्यान दिनुहोस्। बुझ्नुभयो?

येशुले स्त्रीलाई केहि प्रश्नहरु सोध्नुभयो, "पिउनको निम्ति मलाई पानी ल्याउ।"

272 बुझ्नुभयो, मैले यहि कुराहरु प्रचार गर्दै आईरहेको छु। पिताले मलाई यहाँ बेटन राउजमा पठाउनुभयो। म यहा निर छु।

273 पिताले भन्नुभयो उहालाई सामरियाबाट भएर जान आवश्यक थियो। एक स्त्री पहिलो थिईन् जो उहामा आएकि थिई। उहाले एक चिन्ह त्यस स्त्रीमा गर्नुभयो, र पुरा शहरले पश्चाताप गरे। कति फरक...

274 तपाई सोच्नुहुन्छ, यदि उहाले त्यहि काम गर्नुभयो भने, आज राती, तपाइलाई लाग्छ सबै बेटन राउजले पश्चताप गर्नेछ? मलाई संखा लाग्छ, तपाईलाई लाग्दैन? मलाई निश्चय नै लाग्छ। तर हामी अन्तिम दिनहरुमा छौ, जब दुष्ट पहिलेको भन्दा झन् दुष्ट हुदै जाँदछ।

275 अब तपाईको अवस्था। तपाई यहाँ प्रार्थना गरिनको निम्ति आउनुभयो। ठिक त्यसैको लागि हो। र तपाई घाटिको समास्याले ग्रस्त हुनुहुन्छ। यदि त्यो साँचो हो भने, आफ्नो हात उचाल्नुहोस्। र त्यो मात्रै होइन, तर त्यहाँ कोहि छ जसको निम्ति तपाई प्रार्थना गर्दै हुनुहुन्छ। त्यो एक बच्चा हो, र त्यो बच्चाको घाटिको समस्या छ। र त्यो चाहि घाटिको अवस्था हो, जुन घाटिमा बढ्दै गईरहेको छ। के तपाई विश्वास गर्नुहुन्छ परमेश्वरले उसलाई पनि निको पार्नुहुन्छ भनि? त्यो रुमाल जुन तपाईको हातमा छ, जुन तपाईले परमेश्वरले परमेश्वरको लागि माथि उठाउनुभएको छ, साक्षीको रूपमा...अब संका नगर्नुहोस्। जाऊ र बच्चामाथि त्यो रुमाल लगाउ। पूर्ण हृदयले संका नगर्नुहोस्। परमेश्वरले तपाईहरु दुवैजनालाई चंगाई गर्नुहुनेछ र निको राख्नुहुनेछ। [बहिनीले भन्छिन्, "उहालाई प्रशंसा होस्, हाल्लेलुयाह!"—सम्पा] तपाई त्यो गर्न सक्नुहुन्छ? [येशू! धन्यवाद तपाईलाई येशू!"] अब तपाई जानुहोस्, र प्रभु तपाइको साथमा रहून्। ["परमेश्वरको महिमा होस्! हाल्लेलुयाह!"]

तपाई कस्तो हुनुहुन्छ? हामी पनि अन्जानहरु हौ।

276 तपाई विश्वास गर्नुहुन्छ? [सभाले भन्दछ, "आमेन"—सम्पा] त्यहि नै चिन्ह हो। अब आवाज चाहि, "वचनमा फर्किऊ!"

277 तपाईलाई थाहा छैन; उहाले गर्नुहुन्छ। यदि उहाले तपाईको विषयमा मलाई बताउनुहुन्छ, तब तपाई विश्वास गर्नुहुन्छ कि जुन वचन मैले बोलेको छु त्यो प्रमाणित हुनेछ? त्यो—त्यो त्यसको कुराको प्रमाणित हो। बुझ्नुभयो? मैले भने कि उहाले यस कुरालाई गर्नुभयो; त्यहि अगमवाणी गर्नु हो। अब, यदि अगमवाणी पुरा चुना आउछ भने, तब उहाले भन्नुभयो, "त्यसलाई सुन।"

278 तपाईलाई अति अधीरताछ जसले तपाईलाई समस्या भईरहेको छ, अधीरता। र तपाईलाई ट्युमर छ, र ट्युमर चाहि तपाइको खुट्टामा छ। त्यो ठिक हो, होइन र? [बहिनीले भन्छ, "हो"—सम्पा] अब तपाई विश्वास गर्नुहुन्छ? ["गर्छु, श्रीमान"] त्यसो भए आफ्नो बाटो जानुहोस्, र विश्वास गर्नुहोस्। र, जस्तो तपाईले विश्वास गर्नुभएको, त्यस्तै नै तपाईमा हुनेछ।

279 तपाई कस्तो हुनुहुन्छ? म तपाईलाई चिन्दिन, तर परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले मलाई तपाईको समस्या भन्नुहुन्छ भनि? मलाई हेर्नुहोस्। तपाईमा समस्याहरु छन्। तर तपाई यहा वास्तवमै कसैको निम्ति उभिनुभएको छ, र त्यो एक हो जो तपाईसंगै हुर्केको थियो। त्यो तपाइको बहिनी हो। त्यो ठिक हो। अब तपाई विश्वास गर्नुहुन्छ तपाईको बहिनीमा के समस्या छ सो परमेश्वरले मलाई भन्नुहुन्छ भनि? के तपाई त्यो स्वीकार गर्नुहुन्छ? उनको मुटुको समस्या छ। त्यो सहि हो। के तपाई विश्वास गर्नुहुन्छ उहा अब निको हुनुहुन्छ भनि? त्यसो भए, तपाईको विश्वास अनुसार, तपाईलाई भएको होस्।

280 आउनुहोस्, महिला। तपाई कस्तो हुनुहुन्छ? यदि परमेश्वरले तपाईको समस्या के हो, या तपाईले के गर्नुभयो, या अरु कोहि कुराहरु, मलाई भन्नुभयो भने के त्यसले तपाईलाई

विश्वास गर्ने बनाउछ? तपाईलाई थाहा छ कि म...म—म—म तपाईलाई चिन्दिन। यो उहाको गुण हो जुन उहाले आफ्नो पहिचान म मा गराउनुहुन्छ, त्यो वचन अनुसार जुन उहाले प्रतिज्ञा गर्नुभएको थियो। [बहिनीले भन्छिन्, "म मात्र त्यो विश्वास गर्छु।"—सम्पा] तपाई त्यो विश्वास गर्नुहुन्छ? ["गर्छु। आमेन"]

281 तपाई अर्को, तपाईको त्यो समस्या छ जुन तपाईको उमेरको महिलाहरुमा हुन्छन्, तर तपाईको मूख्य सोच अरु कोहिको निम्ति हो। तपाईले परमेश्वरलाई चाहनुहुन्छ; तपाईले परमेश्वरलाई आफ्नै लागि खोज्नुभएको होइन, तर अरु कसैको निम्ति हो, त्यो पुरुष हो। उहा तपाईको श्रीमान् हुनुहुन्छ। र उहामा मुटुको समस्या छ। तपाई विश्वास गर्नुहुन्छ कि उहा...परमेश्वरले उहालाई निको पार्नुहुन्छ? जाऊ, र विश्वास गर। र, जस्तो तपाईले विश्वास गर्नुभएको छ, त्यस्तै नै तपाईमा होस्।

282 अब हेर्नुहोस्, सबै प्रचार, त्यो घडिको निम्ति जुन मैले प्रचार गर्दै थिए। त्यो, जे पनि कुरा त्यो थियो, तीन या चारजना मानिस जो यहाबाट निक्लेर गए, अब यहा म मुस्किलले उभिनसक्छु। बुझ्नुभयो? बुझ्नुभयो, सबै भीड यहा चारै तिर दुधिलो तरिका देखिन्छ। बुझ्नुभयो? येशुले भन्नुभयो, "मबाट सामर्थ्य निक्लेर गयो।" र यदि एक स्त्रीले उहाको वस्त्र छुनुबाट उहाको सामर्थ्य निक्लि आयो, र उहा परमेश्वरको पुत्र हुनुहुन्थ्यो; मेरो विषयमा के छ, म एक पापी जो उहाको अनुग्रहबाट बचाएको छु?

283 उहाले भन्नुभयो, "जुन काम म गर्दछु तिमीहरु पनि त्यो गर्नेछौ। यो भन्दा *बढ्दा* गरि गर्नेछौ।" म जान्दछु कि किंग जेम्सले भन्छ, "महान्"। तर यदि तपाई सक्कल अनुवाद लिनुहुन्छ भने, "यो भन्दा पनि *बढ्दा* गरेर गर्नेछौ।" कसैले पनि महान् गरि गर्नसक्दैन। उहाले मृतकहरुलाई जिई उठाउनुभयो, र प्रकृतिलाई रोक्नुभयो, र सबै कुरा गर्नुभयो। तर उहाले भन्नुभयो, "यो भन्दा *बढ्दा* गरेर तिमीहरुले गर्नेछौ,' किनकी म पिता कहा जादै छु।"

284 "संसारले मलाई देख्ने छैन; तर तिमीहरुले मलाई देख्नेछौ, किनकी म..." हेर्नुहोस्, "म," म—म एक व्यक्तिगत उच्चारण हो। "म तिमीसंग हुनेछ, तिमी भित्र हुनेछ।" तब, त्यो मानिस होइन। त्यो ख्रीष्ट हो।

285 म यस कुरालाई एक प्रकारले आफुले आफुलाई थोरै हल्लाउनलाई भनिरहेको छु, एक प्रकारले आफुले आफुलाई फिर्ता ल्याउनको निम्ति भनि रहेको छु। तपाई एक यस्तो स्थानमा पुग्नुहुन्छ कि जब कि केहि समयपछि...यो तब हुदैन जब तपाई *त्यहा* माथि हुनुहुन्छ, या *यहाँ* तल हुनुहुन्छ; यो बिचमा हुन्छ। तपाई मध्ये कतिले यो कुरा बुझ्नुहुन्छ? म जान्दछु कि तपाई—तपाई सोच्नुहुन्छ कि तपाई यसलाई बुझ्नुहुन्छ। म पनि बुझ्छु।

286 के तपाई कहिल्यै यस कुरालाई थाहा गर्नुभएको छ कि कवि र अगमवक्ता पागल हुदछन्? तपाई मध्ये कतिले यसकुरालाई जान्नुहुन्छ?

287 तपाई मध्ये कतिले विलियम कौपोरको पढ्नुभएको छ, एक महान् अंग्रेज कवि हुन्? तपाईलाई थाहा छ उनले लेखे, "त्यहाँ रगतले भरिएको झरना छ, जुन इम्मानुएलको नशाबाट बग्दछ।" उनले यो गीत लेखेपछि, तपाईलाई थाहा छ उहालाई के भयो? म

उहाको चिहानमा उभेको थिए, धेरै सामय भएको छैन। उनले आत्महत्या गर्ने कोशिष गरेका थिए, र नदिमा डुबे।

288 तपाईमध्ये कतिले कहिल्यै स्टेफेन फोष्टरको विषयमा सुन्नुभएको छ, जसले अमेरिकालाई सबसे राम्रो लोक गीत दिलाए? उनको शिरमा त्यो थियो तर हृदयमा थिएन। जुनै पनि समय प्रेरणाले उनलाई हान्थ्यो, उनले गीत लेख्थे। र जब उनलाई प्रेरणाले छोड्थ्यो, उनलाई थाहा हुदैनथियो आफैमा के गर्ने भनेर, र उनी भड्किन्थे, उनी—उनी—उनी पिएर नशामा बस्थे। र अन्त्यमा जब उनी त्यस प्ररणाबाट बाहिर निस्किन थाल्थ्यो, उनले एक नोकरलाई बोलाए एउटा पत्ती लिए र आत्माहत्या गरे। त्यो सहि हो।

289 एलिया, एक अगमवक्तालाई हेर्नुहोस् उनि त्यहाँनिर गए र स्वर्गबाट आगो बोलाए; र पहिलो दिन स्वर्गबाट वर्षालाई बोलाए; र स्वर्गलाई बन्द गरिदिए र त्यसै प्रकारका काम गरे तब फेरी जब प्रेरणाले उसलाई छोडिदियो, उनी बाहिर जंगलमा गए र मर्न चाहन्थे। र परमेश्वरले उनलाई चालिस दिन पश्चात भेट्टाउनुभयो, उनलाई गुफामा फर्काएर ल्याउनुभयो। त्यो सहि हो?

290 योनालाई हेर्नुहोस्, जो अगमवक्ता थिए। आफ्नो संदेश दिएपछि, उनी माथि गए र पहाड गएर बसे, परमेश्वरलाई भन्यो कि उनलाई मर्न देऊ। "तपाईको दासलाई शान्तिसंग विदा दिनुहोस्।"

291 मान्छेले यो कुरा बुझ्दैनन्। होइन, होइन, तपाई बुझ्नुहुन्न। न त म नै यसकुरालाई बुझ्छु, न त कोहि व्यक्ति यसलाई बुझ्न सक्छ। तपाई परमेश्वरलाई सम्झाउन सक्नुहुन्न। परमेश्वर वैज्ञानिक खोज चिनिदैन। परमेश्वरलाई विश्वासद्वारा चिनिन्छ। तपाई कसरी व्याख्या गर्नुहुन्छ? त्यो कसरी त्यो अझै विश्वास हुनसक्छ? हामी परमेश्वरलाई विश्वासद्वारा जान्दछौ।

292 मण्डलीले कहिल्यै परिश्रम र थाक्नेवाला कार्यलाई जान्न सक्दैन, र कठिन परिश्रम र परिक्षाहरुलाई कहिल्यै जान्न सक्दैनन्, त्यो जसले सुसंदेश ल्याउने प्रयास गरेका छन्। उहाले यो गर्नुहुन्छ। मेरो इनाम मानिसहरुबाट आउदैन।

293 यहाँ हेर्नुहोस्, महिला। हो, छिटो। त्यो स्त्री मृत्युको छायामा छ। परमेश्वर स्त्रीको नजिक छिटो आउनुहुन्न, म देख्न सक्छु...के तपाई उन्कोक माथि त्यो कालोपन वरीपरी झुण्डिएको बसेको देख्न सक्नुहुन्न? उनी मर्नेछन्, संसार जत्तिकै निश्चय छ। यो यहाँ धेरै समय बितेको छैन, तिनीहरुले केहि यस्तै कुराको तस्विर लिएका थिए, र मैले त्यो घरमा पाए। उनीमा अध्यारो छाया उनी निर झुण्डिरहेको थियो। उनि मृत्युको छाँयामा थिईन्।

294 यो स्त्रीलाई शैल्य चिकित्सा गरिएको छ। र यो शैल्य चिकित्सामा तिनीहरुले उसको क्यान्सरको लागि शैल्य चिकित्सा गरेका छन्। र अब उसलाई समस्या छ, सबै तरिकाको छ, ठिक छ, मात्र समस्याहरु छन्। एउटा कुरा छ, तपाई यति धेरै कमोर हुनुहुन्छ कि तपाई उभिन पनि सक्नुहुन्न। अर्को एउटा कुरा ब्लाडरबाट पिप आउछ। अब, बस तपाई यो देख्न सक्नुहुन्छ कि म मात्र केहि भनिरहेको छुइन। बुझ्नुभयो? त्यो ठिक हो। तर महिला, डाक्टरले कोशिष गरेका छन्। म त्यस कुरालाई मान्यता दिन्छु। तर, त्यो उपचार

हो, तर परमेश्वर निको पर्नेवाला हुनुहुन्छ। तपाई त्यसरी नै मर्नेवाला हुनुहुन्छ। उनले गर्न सक्ने सम्म सबै उनले गरेका छन्। तपाई विश्वास गर्नुहुन्छ?[बहिनीले भन्छिन्, "गर्छु"—सम्पा] यहाँ आउनुहोस्, मात्र एक मिनेटको लागि।

295 शक्तिशाली परमेश्वरले दिनुभएको कार्य अधिकारद्वारा जसको साक्षी स्वर्गदूतबाट ममा भयो जो आगोको खामोको रूपमा यहाँ उपस्थित हुनुहुन्छ, म यो दुष्टलाई डाट्दछु जसले यस स्त्रीको जीवन लिदैछ। येशू ख्रीष्टको नाममा। आमेन।

जाऊ, अब विश्वास गर। तिमीसंग भएको सबै कुराले, विश्वास गर।

296 तपाईमा त्यो समस्या जुन कुराले अरुले भन्दा धेर मानिसहरुले मार्छ, जुन मुटुको समस्या हो। तिनीहरु दाबी गर्छन् कि त्यो नै नम्बर एक रोग हो, तर त्यो होइन, श्रीमान्। पाप नै नम्बर एक विश्वासको रोग हो। तपाई विश्वास गर्नुहुन्छ कि उहामा तपाईको मुटु रोगको चंगाई गर्ने क्षमता छ र तपाईलाई ठिक पार्नुहुन्छ? [भाईले भन्छ, "म जान्दछु, उहाले सक्नुहुन्छ।"—सम्पा] त्यसो भए जाऊ, यो विश्वास। परमेश्वरले आशिष दिउन्।

297 तपाईलाई लाग्छ परमेश्वरले तपाईको ढाँड निको पार्नुहुन्छ र तपाईलाई ठिक पार्नुहुन्छ? तपाई पूर्ण हृदयले विश्वास विश्वास गर्नुहुन्छ? जानुहोस, विश्वास गर्नुहोस्, बहिनी। हेर्नुहोस् तपाईलाई के हुन्छ, तपाई निको हुदै जानुहुनेछ।

298 हड्डीको जोडमा जलन र मुटुको समस्या। तर तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईले ठिक पार्नुहुन्छ भनि? [बहिनीले भन्छिन्, "म गर्छु"—सम्पा] पूर्ण हृदयले गर्नुहुन्छ? ["हो, श्रीमान्"] तपाई स्वीकार गर्नुहुन्छ? ["हो, श्रीमान्"] तपाईले जस्तो अनुसार विश्वास गर्नुभएको छ, त्यही तरिकामा तपाईलाई हुनेछ। अब, जानुहोस्, तपाईको पुरा हृदयले विश्वास गर्नुहोस्, र परमेश्वरले तपाईलाई ठिक पार्नुहुन्छ।

299 तपाईको पनि ढाँडको समस्या छ। तपाई विश्वास गर्नुहुन्छ गर्नुहुन्छ कि येशुले तपाईलाई निको पार्न सक्नुहुन्छ?[बहिनीले भन्छिन्, "हो, श्रीमान्"—सम्पा] अब, जानुहोस्, तपाईको पुरा हृदयले विश्वास गर्नुहोस्। म तपाइलाई निको पार्न सक्दिन, बुझ्नुभयो।

300 प्रोस्टेट, ग्रन्थी अधिरता, र तपाईलाई हड्डीको जोडमा पनि समस्या छ। तपाई विश्वास गर्नुहुन्छ कि तपाईलाई परमेश्वरले ठिक पार्नुहुन्छ? तपाई स्वीकारनु हुन्छ? जानुहोस्, र यी बिश्वास गर्नुहोस्।

301 खोकि, यसले तपाईलाई धेरै जसो समय जगाई राख्छ। तर परमेश्वरले दमलाई निको पार्नुहुन्छ। तपाई त्यो विश्वास गर्नुहुन्छ? [भाइले भन्छ, "हो, श्रीमान्"—सम्पा] तपाई विश्वास गर्नुहुन्छ उहाले तपाईलाई ठिक पार्नुहुन्छ भनि? [हो, श्रीमान्"] परमेश्वरले तपाईलाई आशिष दिऊन्। तपाईको विश्वास को लागि धन्यावाद।

302 के हुन्छ यदि म तपाईलाई एउटा पनि शब्द भन्दिन, मात्र मेरो हात तपाईमाथि राख्छु, तपाई विश्वास गर्नुहुन्छ? [भाईले भन्छ, "गर्छु।"] यहाँ आउनुहोस्। म तपाई माथि हात राख्छु, येशू ख्रीष्टको नाममा, र हड्डीको जोड जलनले छोड्न सकेको होस्। यसले छोड्नेछ।

303 आउनुहोस्। आउनुहोस् बहिनी। तपाई विश्वास गर्नुहुन्छ? [बहिनीले भन्छिन्, "हो, श्रीमान् प्रभुद्वारा म पहिले नै नको भएको छु।"—सम्पा] ठिक छ, यो अद्भुत कुरा। ["हल्लेलुयाह"] त्यसोभए तपाई जानुहोस् र आफ्नो खाना खानुहोस्, र तपाईको पेट ठिक हुनेछ।["हल्लेलुयाह! हल्लेलुयाह। हल्लेलुयाह!"]

304 एकदमै धेरै ढाँडको दुखाई, धेरै समयधेकी तपाईलाई दुख दिईरहेको छ। जाऊ, विश्वास गर्दै...जाऊ, तपाई ठिक हुन जादै हुनुहुन्छ भनि विश्वास गर्नुहोस्, र परमेश्वरले यो तपाईको निम्ति गर्नुहुनेछ।[भाईले भन्छ, "परमेश्वरले गर्नुभएको छ। आमेन।"—सम्पा] आमेन। त्यहि नै कुरा हो।["प्रभुको महिमा होस्।" प्रभुले तपाईलाई आशिष दिऊन्। आमेन।

305 मधुमेह संगाई गर्नको निम्ति परमेश्वरको लागि केहि पनि होइन। उहाले तिनीहरुलाई निको पार्न सक्नुहुन्छ। तपाई त्यो विश्वास गर्नुहुन्छ?[बहिनीले भन्छिन्, "म गर्छु"—सम्पा] ठिक छ। यो स्वीकार गर्नुहोस्, र पुरा हृदयले अहिले उहालाई विश्वास गरि जानुहोस्।

306 तपाईमा पनि रगतमा यो छ। तपाई विश्वास गर्नुहुन्छ परमेश्वरले तपाईलाई निको पार्नुहुन्छ भनि? जानुहोस्, पुरा हृदयले उहामा विश्वास गर्नुहोस्, र निको हुनुहोस्।

307 तपाई विश्वास गर्नुहुन्छ कि उहाले तपाईलाई चंगाई गर्नुभयो जब त्यो चीज आएर तपाईमा ठोकिएको थियो? उहाले तपाईलाई गर्नुभएको छ।

308 स्त्रीको समस्या। मुटुको समस्या। तपाई यो विश्वास गर्नुहुन्छ? [बहिनीले भन्छिन्, "विश्वास गर्छु।"—सम्पा] जानुहोस्, येशू नाउमा निको हुनुहोस्।

309 तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको ढाँड निको पार्नुहुन्छ भनि, तपाई मृगौला...तपाईलाई आशिष दिऊन्। मात्र तपाई अघि बढ्नुहोस्।

मैले चंगाई गर्दिन। मैले चंगाई गर्न सक्दिन। म चंगाईदाता होइन।

310 तपाई के सोच्नुहुन्छ जब उहाले तपाईको ढाँडको विषयमा भन्नुभएको थियो, के तपाई विश्वास गर्नुहुन्छ तपाईको पनि ढाँड निको भयो भनि? ठिक छ, मात्र जानुहोस्, विश्वास गर्नुहोस्, फेरी...मात्र जानुहोस् र विश्वास गर्नुहोस्, आफ्नो सम्पूर्ण हृदयले।

311 तपाईलाई पनि, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई ठिक गर्न सक्नुहुन्छ? आनुहोस् र आफ्नो सम्पूर्ण हृदयाली विश्वास गर्नुहोस्। परमेश्वरले यो तपाईलाई प्रदान गर्नुहुन्छ यदि तपाई...यद्धपि, तपाईले यस कुराको विश्वास गर्नुपर्दछ।

312 के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई पनि निको पार्न सक्नुहुन्छ? [बहिनीले भन्छिन्, "प्रभुको महिमा भएको होस्! म निश्चय नै गर्छु।"—सम्पा] ठिक छ। परमेश्वरले तपाईलाई आशिष दिऊन्। मात्र ठिक अघि बढ्दै जानुहोस् र आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्।

313 आउनुहोस्, श्रीमान्। एक पुरानो सेतो थोपा तल झरिरहेको छ। यस रोगको पत्ता लगाउदा त्यो मधुमेह निस्कन्छ। [भाईले भन्छ, "मधुमेह।"—सम्पा] के तपाई विश्वास गर्नुहुन्छ कि उहाले तपाईलाई निको पार्न सक्नुहुन्छ? आउनुहोस् रगत चढाउनको लागि

कलवरीमा जाऔ। आमेन। भाई, परमेश्वरले तपाईलाई आशिष दिउन्। आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्। के तपाई विश्वास गर्नुहुन्छ? [वास्तवमै सत्य हो।]

314 सभामा जो बाकि मानिसहरु हुनुहुन्छ, उहाहरुको के छ? के तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ, कि येशू ख्रीष्ट हिजो, आज र सदैव एक हुनुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ? [सभाले भन्छन्, "आमेन।"—सम्पा]

315 *यस* जिल्लाको बारेमा के छ? सानी महिला रोगले पिडित हुनुहुन्छ, के तपाई विश्वास गर्नुहुन्छ परमेश्वरले तपाईलाई ठिक पार्नुहुन्छ? मात्र एउटा सानो निलो कोट लगाई राख्नुभएको छ। ठिक छ। अहिले विश्वास गर्नुहोस्, येशू ख्रीष्टले तपाईलाई ठिक पार्नुहुन्छ। यो ठिक उति नै सजिलो छ।

316 महिला जो तपाईको ठिक पछाडि बस्नुभएको छ, जसको कालो कपाल छ। उसले भन्यो, "प्रभु, तपाईलाई धन्यावाद।" केहि कुराले उनलाई ठोक्कायो। उनी जान्दैनथि कि त्यो कुरा के थियो। ब्लाडरको समस्याले उनलाई छोडिदिएको छ, ठिक त्यहानिर बस्नुभएको छ, ठिक त्यो महिलाको पछाडि जो कि ठिक त्यहिवेला निको हुनुभएको थियो। यदि तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ, महिला। तपाई गर्नुहुन्छ? ठिक छ, आफ्नो हातलाई उठाउनुहोस् यदि तपाई त्यस कुरालाई स्वीकार गर्न चाहनुहुन्छ। परमेश्वरले तपाईलाई ठिक गर्नुहुन्छ।

उनीहरुको यहाँ तलको विषयमा के छ, कोहि *यहानिर* हुनुहुन्छ?

317 त्यहाँ सभाको पछाडि पट्टि, अब वास्तविक रुपमा आदरयुक्त बनिरहनुहोस्। हलचल नगर्नुहोस्। बुझ्नुभयो, यो विमारी एकबाट अर्कोसम्म सर्नसक्छ।

318 तपाईको बारेमा के छ, श्रीमान्? यो बृद्ध व्यक्ति जो यस कुर्सीमा बस्दै हुनुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई चंगाई गर्नसक्नुहुन्छ भनि? तपाईलाई गठिया र ब्रोंकाईटिस भएको। तपाई विश्वास गर्नुहुन्छ, परमेश्वरले त्यो निको पार्नुहुन्छ भनि? ठिक छ, जे तपाईले माग्नुभएको छ, त्यो तपाईले पाउन सक्नुहुन्छ। "यदि तपाई विश्वास गर्नसक्नुहुन्छ।"

319 महिला, तपाई जुहाको नजिक बस्दै हुनुहुन्छ, तपाई के सोच्नुहुन्छ? के तपाई पनि विश्वास गर्नुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ? के तपाई पनि विश्वास गर्नुहुन्छ? के तपाई विश्वास गर्नुहुन्छ? के तपाई यो विश्वास गर्नुहुन्छ कि परमेश्वरले मलाई तापिको के समस्या छ भनि भन्नसक्नु हुन्छ भनि? तपाई मबाट धेरै टाढा हुनुहुन्छ। मात्र उहामा अहिले विश्वास गर्नुहोस्। के तपाई सोच्नुहुन्छ कि मैले तपाईलाई सत्य बताएको छु भनि? त्यो हो भने तपाईको बढेको रक्तचाप तल झर्नेछ। के तपाई विश्वास गर्नुहुन्छ?

320 तपाईले पनि आफ्नो हात उठाउनुभएको छ। तपाईले उहाको साहस बढाउदै हुनुहुन्थ्यो। के तपाई विश्वास गर्नसक्नुहुन्छ कि परमेश्वरले मलाई भन्नसक्नुहुन्छ कि के... तपाई उहाको सहायता गर्नमा कति राम्रो हुनुहुन्छ, अब परमेश्वर तपाईको सहायता गर्नमा राम्रो हुनुहुनेछ। तपाईलाई आत्मिक समस्या छ जसले तपाईलाई समस्या दिलाईरहेको छ।

यदि यो ठिक हो भने, आफ्नो हात *यसरी* हल्लाउनुहोस्। यो अहिले नै ठिक हुँदै जानेछ। उहाले त्यसलाई ठिक गर्नुहुन्छ।

321 कतिले विश्वास गर्नुहुन्छ? तपाई मध्ये कति...जो इसाई हुनुहुन्न, उनीहरुमा यो अनुभूति छ कि येशू ख्रीष्ट उपस्थिति हुनुहुन्छ, जो अब खडा हुन चानुहुन्छ, भन्नुहुन्छ, "म आफ्नो पाहिचान पापीको रूपमा गर्दछु, के तपाई मेरो पापहरुलाई क्षमा गर्नुहुन्छ?" आफ्नो खुट्टामा उभिनुहोस्। श्रीमान्, परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वर तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। उहा...परमेश्वरले तपाईलाई आशिष दिऊन्, तपाईलाई, तपाईलाई, तपाईलाई। तपाईलाई, उहाले तपाईलाई हेर्नुहुन्छ। जब तपाई त्यस प्रकारले गर्नुहुन्छ तब उहाले तपाईको नाम लेख्नुभएको छ।

322 यहाँनिर बरन्डामा, खडा हुनुहोस्, भन्नुहोस्, "प्रभु येशू म गर्न चान्हन्छु, म आफ्नो पहिचान गराउन चाहन्छु। मलाई आफ्नो प्राणको लागि करुणा चाहिन्छ।" परमेश्वरले तपाईलाई आशिष दिऊन्, श्रीमान्। "प्रभु येशू, मलाई करुणाको आवश्यकता छ।"

323 मित्र के तपाई देख्न सक्नुहुन्छ, कि उहा यहा निर हुनुहुन्छ? युवा व्यक्ति, परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्, युवती। यो सबैभन्दा ठुलो कुरा हो जुन तपाईले गर्नुभयो। अब कोहि अरु हुनुहुन्छ जसले यो गर्नुभएको छैन, उहा खडा हुनुहोस्, भन्नुहोस्, "म आफ्नो पहिचान गराउन चाहन्छु, प्रभु येशू। म आफ्नो पहिचान गर्दैछु, आज राती।"

324 "तिनीहरु जसले आफ्नो पापलाई मानि लिन्छन्, उनलाई करुणा प्रदान गरियोस्। तिनीहरु जसले आफ्नो पापलाई लुकाउछन्, त्यो समृद्ध हुनेछैन।"

325 के तपाई उहाको उपस्थितिमा गर्नुहुन्छ? महिला, परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। म चाहन्छु...परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। हो। र प्रभुले तपाईलाई आशिष दिनुभएको होस्। श्रीमान्, परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। महिला परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। र प्रभुले तपाईलाई आशिष दिनुभएको होस्।

326 तपाई भन्नुहुन्छ, "के त्यस कुराको केहि अर्थ छ?" जीवन र मृत्युको विचमा यहि भिन्नता छ।

327 उहाको उपस्थितिलाई यहाँ तपाई पहिचान गर्न सक्नुहुन्छ? के तपाई उहालाई चिन्दै हुनुहुन्छ? के तपाई उहाको अनुभव गर्न सक्नुहुन्छ? बुभ्नुभयो, तपाई उहालाई देख्नुहुन्छ, तपाई उहालाई कार्य गरेको देख्नुहुन्छ। त्यो उहा हुनुहुन्छ। ठिक यहि कुरा हो जो उहाले गर्छु भनि भन्नुभएको थियो। के तपाई त्यस कुरालाई विश्वास गर्नुहुन्छ? [सभाले भन्छन्, "आमेन।"—सम्पा]

328 कसैले भन्नुभयो, "प्रभु, म आफैलाई आफुले पापीको रूपमा पहिचान गराउन चाहन्छु। अब तपाईले मेरो पापहरुको क्षमा दिनुहोस्।" यदि तपाई पहिले खडा हुनुहुन्छ भने मात्र तपाईको हात उठाउनुहोस्। तपाईहरु जो पर्खालको वरीपरि हुनुहुन्छ, उठाउनुहोस्...

परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। अरु कसैले माथिको बरन्डाबाट लिएर पछाडिवाला भागबाट भन्नुहोस्, "म आफ्नो पहिचान गराउन चाहन्छु, प्रभु येशू। आज राती, म अनुग्रह माग्दछु, तपाईको दिव्य उपस्थितिमा, यो विश्वास गरेर, कि उहि परमेश्वर जसले मेरो न्याय गर्नुहुनेछ, उहाको उपस्थिति अहिले यहानिर छ उहा जन्नुहुन्छ कुहा मेरो हृदयसंग वातचित गर्दैहुनुहुन्छ र मलईए भन्दै हुनुहुन्छ कि म गलत छु। म खडा हुनचाहन्छु र यी भन्दछु कि म गलत छु। म आफ्नो गल्तिलाई मान्दछु। तपाईले मलाई मेरो हृदयमा दोषि ठहर्याउदै हुनुहुन्छ।" यहि कारण हो कि मैले प्रार्थना लाईनलाई रोकिदिएको थिए। परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्।

329 तपाईले के सोच्नुभयो कि मैले त्यसलाई किन रोकी दिए? मैले रोके किनभने म जान्दथे कि त्यो हुननै पर्ने थियो।

330 अब, यहाँ अरुहरु छन्, तपाईहरु उभिनुहुन्न? उभिनुहोस् र भन्नुहोस् कि केहि मेरो हृदयसंग बोलिरहेको छ, "कि तपाई गलत हुनुहुन्छ।" परमेश्वरले तपाइलाई आशिष दिऊन्, श्रीमान्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्। "म गलत छु। मलाई क्षमा दिनुहोस्, प्रभु। म आफैलाई पहिचान गराउदैछु। म खडा हुन्छु, प्रभु, तपाईको उपस्थितिमा। म जान्दछु तपाई यहाँ हुनुहुन्छ। म...तपाई यहा हुनुपर्दछ। तपाईले भन्नुभएको थियो यहि नै कुरा हुनेछ जुन तपाईले गर्नुहुन्छ। अब म...म चिन्हलाई हेर्दछु, र म जान्दछु कि त्यो यस दिनको चिन्ह हुनपर्ने हो भनि मलाई व्याख्या गरिएको छ। म त्यो आवाज सुन्दछु जसले पश्चतापको निम्ति फिर्ता बोलाउदछ। म यहाँ छु, प्रभु। म चिन्हलाई विश्वास गर्छु। म आवाज सुन्दछु।"

331 तपाईमा अहिले फर्किऊ भन्ने आवाज बोलिरहेको छ! ओ तितर वितर भएकाहरु हो! फर्किऊ, ओ भड्किरहेको तारा! फर्किऊ, ओ तिमीहरु जसलाई बाहिर निकालिदिएको छ! फर्किऊ, आज राती।

332 के तपाई फर्किनुहुन्न? मात्र खडा हुनुहोस् र भन्नुहोस्, "अनुग्रह माग्दै म आफैलाई पापीको रूपमा पहिचान गराउदछु।" के तपाई गर्नुहुनेछ, कोहि अरु? परमेश्वरले तपाईलाई आशिष दिऊन्, महिला। परमेश्वरले आशिष दिऊन्, महिला। त्यो एकदम राम्रो हो। त्यो अति राम्रो हो। अरु कोहि हुनुहुन्छ? मात्र राख्नुहोस्...म मात्र केहि मिनेट लामो राख्न चाहन्छु, किनभने यहाँ म अझै थोरै बोझ महसूस गर्नसक्छु। बुझ्नुभयो। अरु कोहि हुनुहुन्छ? परमेश्वरले तपाईलाई आशिष दिऊन्, महिला। त्यो तरिकामा हो गर्ने यो। त्यहि हो। अरु कोहि हुनुहुन्छ, "म आफैलाई पहिचान गराउन चाहन्छु, आफुले आफुलाई उठाउनुहोस् र भन्नुहोस् म गलत छु। म अनुग्रह माग्दैछु।" के तपाई यो गर्नुहुन्छ? हामी अघि जानुभन्दा पहिले, छिट्टो खडा हुनुहोस् र भन्नुहोस्, "प्रभु येशू, म आफुले आफुलाई पहिचान गराउन चाहन्छु।" परमेश्वरले तपाईलाई आशिष दिऊन्, जवान महिला।

333 तपाई जान्नुहुन्छ, शायद तपाई घर जानुभन्दा पहिला, तर कुनै अरु समय तपाइको मुहारमा चिसो कोहोरा आइरहेको हुन्छ। शायद कुनै बिहान: डाक्टर आउछ र उहाले तपाइको नाडीलाई महसूस गर्छा कि त्यो कम हुदैछ, केहि पनि गर्न सकिदैन। त्यसपछि

तपाईले मृत्युको चिसो बहाब तपाइको मुहारमा तैरिदै गरेको महसूस गर्नुहुन्छ। तपाईले के गर्नुभयो भनि सबै सम्भनुहुनेछ।

334 याद राख्नुहोस्, तिनीहरुले तपाईलाई अति गहिराईमा गाड्न सक्दैनन्, तिनीहरुले तपाईलाई केहि गर्न सक्दैनन्। परमेश्वरले प्रतिज्ञा गर्नुभयो, “म तिमीलाई अन्तिम दिनहरुमा फेरी वौरी उठाउनेछु।” हेर्नुहोस्। “ती जसले मेरा वचन सुन्छन् र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छन्, तिनीहरुमा अनन्त जीवन हुनेछ र न्यायमा आउनेछैनन्, तर मृत्युदेखि जीवनमा आएका छन्।” कोहि यस कुरालाई मेटाउनुहोस् यदि तपाई सक्नुहुन्छ भने। येशू ख्रीष्टले त्यो भन्नुभयो। “ती जसले विश्वास गर्नेछ, त्यसले मेरो वचन बुझ्नेछ र मलाई पठाउनुहुने माथि विश्वास गर्नेछन, र अनन्त जीवन पाउनेछ, कहिल्यै इन्साफमा पर्नेछैन, दोषि ठहरिनेछैन, तर मृत्यु देखि जीवन पाएको छ।” किनभने, त्यसले मात्र एकलौटे पुत्र माथि विश्वास गरेको छ, जसलाई परमेश्वरले उठाउनुभयो, दुइ हजार वर्ष अगाडि, र यहाँ जीवित हुनुहुन्छ यस रातमा, उहाको पुनरुत्थानको आफ्नो गुण देखाउदै हुनुहुन्छ।

335 के त्यहाँ अर्को कोहि खडा हुनेछ, त्यो पछि, अर्कोले भन्नुहोस्, “म त्यो स्वीकार गर्न चाहन्छु। म उहालाई ग्रहण गर्न चाहन्छु?” परमेश्वरले आशिष दिऊन्। त्यो एकदमै राम्रो हो, सानो केटि। यो निडरता हो। म तपाईले ध्यान गरेको चाहन्छु।

336 मैले केहि समय अगाडि एक वेदिको पुकार देखेको थिए, मानिसह गम चपाउदै आईरहेका थिए, एकअर्कालीए धकेल्दै आईरहेका थिए।

337 तर के तपाईले ती मानिसहरुको अनुहारमा इमानदारीता लाई देख्नुभयो? ती युवा स्त्रीहरु, तिनीहरुलाई तिनीहरुको काटेको कपाल र मेक अप गर्नाले दोषि ठहर्याए पछि पनि, त्यस मेकअपलाई लिएर, र काटेको कपाल लिएर, र पनि त्यस्तै नै खडा भएका थिए, “म पापी हुँ। परमेश्वर ममा दया गर्नुहोस्।” यो त्यो बिऊ हो जुन त्यहाँ निर रहेको छ। उज्यालो तिनीहरुमा चम्केको छ, र तिनीहरु जान्दछन्। परमेश्वरले तपाईलाई आशिष दिऊन्।

आउनुहोस् अब हाम्रो शिर झुकाऔ।

338 म चाहन्छु प्रत्येक विश्वस्सी यहाँ, जो त्यहाँ खडा छन् त्यस व्यक्तिको नजिक जो खडा भएका थिए, तपाईको हात त्यस व्यक्तिमाथि राख्नुहोस्, (राख्नुहुन्छ?), त्यो एक जो उभिएका छन्। तिनीहरु तपाईको नजिक खडा थिए। यदि तपाई इसाई हुनुहुन्छ भने तपाईको हात तिनीहरु माथि राख्नुहोस्, “बहिनी, भाई, मेरो हात तपाईमाथि छ अहिले। म प्रार्थना गर्न जाँदैछु।”

339 स्वर्गीय पिता, त्यहाँ तिनीहरु छन् यहाँ आजरातमा जसले—जसले तपाईलाई विश्वास गर्छन्। “कुनै बिऊ बाटोतर्फ झर्दछ” तपाईले भन्नुभयो, “चराचुरुंगी आउछन् र बटुल्छन्। अरु ढुंगे जमिनमा झर्छन्, र काँडा र सिउड़ीले रोक्छ। तर केहि चाहि राम्रोमा जान्छ, मलिलो माटोमा।” र तपाईको उपस्थिति यहाँ हुनुले यस रात, धेरै जनाले तपाईनै परमेश्वरको पुत्र हुनुहुन्छ, तपाई सदा जीवित हुनुहुन्छ भनि बुझाएको छ। र तपाईले प्रतिज्ञा गर्नुभएको छ, किनभने तपाई जीवित हुनुहुन्छ, त्यसैले हामी पनि जिउछौ।

340 प्रभु येशू, तिनीहरू उठे र तपाईलाई विश्वास गर्छु भनि साक्षीका रूपमा खडा भए। अब, प्रभु म जान्दछु तपाई तिनीहरुको निम्ति त्यस दिन खडा हुनुहुनेछ। प्रदान गर्नुहोस्, प्रभु। म तिनीहरुलाई तपाईमा दिदछु, येशू ख्रीष्टको नाममा। तिनीहरु कुनै मण्डलीमा जान सकोस् र इसाई बप्तिस्मामा बप्तिस्मा लिन सकोस्। तिनीहरु पवित्र आत्मामा भरिपुर्ण हुनसकोस्। तिनीहरु सुसमाचारको जय–स्मारक हुन सकोस्, त्यसदिन तपाईको मुकुटको मोति भएको होस्। र यदि त्यस महान् दिन भन्दा अगाडि मैले यिनीहरुलाई कहिल्यै देख्न पाईन भने, हुनसकोस् कि म यिनीहरुलाई त्यस दिन देख्न पाऊ जस्तो कि दर्शनमा भएको थियो, “के तपाईले मलाई सम्भन सक्नुभएन? यो त्यस रातको बेटन राउज थियो, जहानिर म खडा भएको थिए।” प्रदान गर्नुहोस्, पिता।तिनीहरु तपाईकै हुन्, ख्रीष्टको नामको द्वारा।

341 यहानिर मेरो अगाडि रुमालहरुको बाकस, सानो जुत्ताहरु, बच्चाहरुको जुत्ताहरु, रुमाल, र कपडाहरु र एप्रोनहरु छन्। बाईबलमा हामीलाई सिकाईएको छ, कि, तिनीहरुले सन्त पावलको शरीरबाट, रुमाल र एप्रोन लिएका थिए, र असुद्ध आत्मा मानिसहरुबाट निक्लेर गएका थिए। अब, पिता, हामी जान्दछौ कि हामी सन्त पावल होइनौ, तर तपाई अभै पनि उही परमेश्वर हुनुहुन्छ, त्यसैले म प्रार्थना गर्दछु तपाई त्यहि नतिजा प्रदान गर्नुहुनेछ, जुन इमान्दारीता साथ यस पुस्ताले विश्वास गरिरहेका छन्। तिनीहरुले पावललाई यसकारणले विश्वास गरेनन् किनभने उनी पावल थिए; तिनिहरुले पावललाई विश्वास गरे किनभने तपाईले आफैलाई पावलमा पहिचान गराउनुभयो। अब तिनीहरुले उहि कुरालाई यस रातमा विश्वास गर्छन्, प्रभु, कि यस रातमा तपाई हामी माफ पहिचान हुनुभएको छ। र एक दिन हामी भन्छौ…

342 एउटा लेखकले हामीलाई भन्दै थिए, कि, “इस्रायल आफ्नो प्रतिज्ञाको देशको बाटोमा जादै थियो, र लाल समुन्द्र उनीहरुको विचमा आयो, ताकी त्यसले तिनीहरुको प्रतिज्ञा गरिएको देशलाई काट्न सकोस्।” लेखकले भन्यो कि, “परमेश्वरले आगोको खामोद्वारा भएर क्रोधको आँखाले तल हेर्नुभयो, जब उहाले इस्रायललाई चलाईरहनु भएको थियो। त्यसले अविश्वासीहरुमा अन्धोपन र अन्धकार बनायो, र इस्रायलको लागि उज्यालो थियो। र लाल समुन्द्र मार्गमा आयो, उनीहरु डराए, र पछाडि फर्किए, र इस्रायलले सुक्खा भूमिको प्रतिज्ञाको जमिनमा पार गर्यो।”

343 प्रभु परमेश्वर, आज राति येशू ख्रीष्ट, जो कि तपाईको पुत्र हुनुहुन्छ, उहाको रगतबाट भएर तल हेर्नुहोस्। जसै म आफ्नो हातलाई यस रुमालमा राख्दछु, जब कि यो बिमारीहरु राखिनेछ, पवित्र आत्मा, प्रभु, त्यस मानिस माथि हेर्नुभएको होस्, र हुन सकोस् कि बिमारी त्यसबाट टाढा गएको हो, र हुन सकोस् कि तिनीहरु राम्रो स्वास्थ र सामर्थ्यको देशमा पार भएर जान सकोस्। कि, बाईबलले भनेको छ, “सबै कुराहरु भन्दा माथि,” कि तिनीहरु यो इच्छा राख्दछन् कि हाम्रो “स्वास्थमा उन्नति भएरहोस्।” प्रदान गर्नुहोस्, प्रभु। म त्यसलाई येशू ख्रीष्टको नाममा पठाउदछु। आमेन

…म पछ्याउनेछु
जहा उहाले मलाई डोर्याउनुहुन्छ…(आउनुहोस् हामी गाऔ)…
पछ्याउनेछु,

म उहासंग जानेछु,(अब उहाको उपस्थिति यहाँ छ, आउनुहोस् हामी मात्र उहाको आराधना मधुरता गीतमा गर्नेछौ), सबै मार्ग भरी।

344 के तपाई यस प्रकारले गाउन सक्नुहुन्छ?

जहाँ उहाले डोर्याउनुहुन्छ म पछ्याउने छु,
जहाँ उहाले डोर्याउनुहुन्छ म पछ्याउने छु,
जहाँ उहाले डोर्याउनुहुन्छ म पछ्याउने छु,
म जानेछु (यदि तपाई गर्नुहुन्छ भने, अहिले तपाईको हात उचाल्नुहोस्), उहासंगै सारा मार्ग भरी।

अब आउनुहोस् हामी सबै खडा हौ, आफ्नो हात फेरी उचाल्नुहोस्।

...उहासंग बगैंचामा भएर जानेछु,

345 सबै जना आत्मामा भई गाउनुहोस्। वास्तवमै काट्ने खालको संदेश थियो। आउनुहोस् उहाको उपस्थितिमा आराधना गरौ। उहाको आराधना गरेको उहाले मन पराउनुहुन्छ।

...बगैंचामा,
म उहासंगै बगैंचामा भएर जानेछु,
म उहासंगै जानेछु, उहासंगै सबै...

346 अब आउनुहोस् यसलाई हामी गुनगुनाऔ। "म सक्छु..." अब जब तपाई त्यो गर्दैहुनुहुन्छ, म चाहन्छु कि तपाईले कसैसंग हात मिलाउनु होस्, र भन्नुहोस्, "परमेश्वरले तपाईलाई आशिष दिउन्, तिर्थयात्री। परमेश्वरले तपाईलाई आशिष दिउन्, तिर्थयात्री," हामी एकअर्कामा एक छौ। मेथोडिष्ट र व्याप्टिष्ट, प्रेसबिटेरियन, पेन्टिकोष्टल, सबैले एकअर्कामा हात मिलाउनुहोस्, "परमेश्वरले तपाईलाई आशिष दिउन्, तिर्थयात्री।" हामी त्यहि नै हौ: तिर्थयात्री

...बगैंचा

347 परमेश्वरले तपाईलाई आशिष दिऊन, तिर्थयात्री। परमेश्वरले तपाईलाई आशिष दिऊन्। [भाई ब्रन्हाम र सभा निरन्तर हात मिलाउछन्। टेपमा खाली स्थान—सम्पा]

...बगैचामा,

अब आउनुहोस् तपाईहरुको हात उचाल्नुहोस्।

म उहासंग जानेछु, ओ, उहासंगै बाटो भरी।

348 आउनुहोस् हाम्रो शिर झुकाऔ, नम्रता साथ, प्रार्थनामा। बिहानीको सन्डे स्कूललाई नविर्सनुहोला।

349 कुनै तरिकाले या अर्को, मलाई मात्र आफ्नो हृदयबाट यति वास्तविकताको साथ परमेश्वरको उपस्थितिको आभाष भईरहेको छ। कुनै तरिकाले, आज राती, छोडेर जाँ मेरो लागि कति कठिन कुरा हो। म महसूस गर्दैछु कि पवित्र आत्मा अति प्रसन्न हुनुहुन्छ। शायद

भोलि एउटा महान् सभा हुनेछ, मानिस ख्रीष्टमा आएको देख्न पाउनु, तपाई बुझ्नुहुन्छ। कसैले यो अचम्म मान्नुभयो कि मैले वेदीको पुकार कहिल्यै किन गरिन। म तबसम्म पर्खन्छु जबसम्म मलाई अगुवाई हुदैन। बुझ्नुभयो?

350 मलाई भरोसा छ प्रत्येक जसले हात उठाउनुभयो, माथि खडा हुनुभयो, म भरोसा राख्छु कि तपाई भोलि कुनै असल मण्डलीमा हुनुहुनेछ, आफ्नो स्थान विश्वासीहरुको माँझमा लिनुहुनेछ।

351 जसै हामी हाम्रो शिर झुकाउदछौ, यहाको पाष्टरलाई अगाडि आइदिनुहुनको लागि भन्न जादैछु, यदि उहा आउनुभयो, र समापनको लागि। परमेश्वरले तपाईलाई आशिष दिऊन् अब, जसै हाम्रो शिर र हृदय परमेश्वरको अगाडि झुकाउदछौ।

***चिन्हको आवाज*** NEP64-0321E

(The Voice Of The Sign)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा इंग्लिशमा शनिबार साँझ 21 मार्च, 1964, डेनहाम स्प्रिन्स हाई स्कूल, डेनहाम, लुइजियाना, यु.एस.ए मा प्रचार गरिएको थियो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2017 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org